CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादा

२०५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

2051-12-30

मर्यादा

(पूर्णाङ्क २२ वि. सं. २०५०)

सम्पादक-मण्डलः-

डा. ऋषिराम पोखरेल

डा. माधव भट्टराई

सह प्रा. दिनेशराज पन्त

सहा. प्रा. स्थानेश्वर तिमल्सिना

विशेष-सहयोगीः-

सहा. प्रा. दिवाकर आचार्य

प्रकाशकः-

महेन्द्र-संस्कृत-विश्वविद्यालय

वाल्मीकि-विद्यापीठ

काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माच्छास्त्रं प्रमाणं ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्म कर्तुमिहार्हसि ॥

- श्रीमद्भगवद्गीता १६/२४

शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन ॥

- कोमलगीता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

१. आशौच के हो र किन बार्ने ? — १ - ६
सह प्रा. रामचन्द्र गौतम

२. वैदिक गुरु यज्ञेश्वर शर्मा पौडेल — ७ - १६
प्रा. वाल्मीकि पौडेल

३. निसाफ गर्ने प्रक्रियामा अनुमानको भूमिका — १७ - २५
प्रा. विद्यानाथ उपाध्याय

४. भुवनकोश-विनोद - ४ — २६ - ३४
सह प्रा. शम्भुप्रसाद ढकाल

५. तान्त्रिक परम्परा-एक विहङ्गम दृष्टि — ३५ - ४५
सहा. प्रा. स्थानेश्वर तिमल्सिंना

६. वैदिक वाङ्मय: एक चिनारी — ४६ - ५९
डा. ऋषिराम पोखरेल

७. जयतु संस्कृतम् — ६०
प्रा. लोकनाथ ढकाल

८. आर्यसत्य — ६१ - ६८
सहा. प्रा. काशीनाथ न्यौपाने

९. श्रीमद्भागवतको काव्यात्मक पक्ष — ६९ - ७४
उप प्रा. गोपीकृष्ण गौतम

१०. प्राचीन अभिलेखहरूको असंगत व्याख्याको निराकरण — ७५ - ९१
सहा. प्रा. दिवाकर आचार्य

११. पाठक-प्रतिक्रिया — ९२ - ९३
मणिकृष्ण श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साम्राज्यबाट देशलाई मुक्त गर्ने एक सशक्त र सघन दायित्व हाम्रा सामु छ । यसका लागि सबै सानातिना स्वार्थ, अवान्तर लक्ष्य र उद्देश्यलाई बिर्सी सबै किसिमका मर्यादाहरूको पूर्ण प्रतिस्थापनका लागि एकजुट भई कार्यक्षेत्रमा उत्रनु पर्ने समय आएको छ । यो शैक्षिक क्रान्ति हुनेछ, यो एकताको क्रान्ति हुनेछ, यो सामाजिक क्रान्ति हुनेछ र यसपछिमात्र स्वच्छ मानवाधिकार र पूर्ण प्रजातन्त्रको सही उपयोग गर्नमा हामी सक्षम हुनेछौं र चारित्रिक शुद्धताले, संस्कृत, संस्कृति र हाम्रो सुसंस्कृत परम्पराले गौरव प्राप्त गर्नेछ । यही नै समय र परिस्थितिको सन्देश हो, **"मर्यादा"** को सन्देश हो ।

०५१ चैत्र १५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशौच के हो र किन बार्ने ?

- सह प्रा. रामचन्द्र गौतम

मानवमात्रको सम्पूर्ण धर्मको निर्देश गर्नु नै धर्मशास्त्रको एकमात्र उद्देश्य रहेको छ । तदनुरूप सो शास्त्रले विशेषत: तीनवटा धर्म देखाएको छ - आचार, व्यवहार र प्रायश्चित्त । यी अन्तर्गत नै लोकले अवश्य पालन गर्नुपर्ने समस्त धर्म समाविष्ट भएका छन् । प्रस्तुत आशौच प्रायश्चित्त धर्मभित्र पर्दछ । अनिवार्य रूपले व्यहोर्नुपर्ने भएको हुँदा हाम्रा पूर्वज मनु आदिले आशौच बार्नुलाई एक क्लिष्ट एवं महत्त्वपूर्ण धर्मको रूपमा स्वीकार गरेका छन् ।

जगत्कर्ता जगदीश्वरले जीवजन्तुदेखि लिएर संसारमा जति पनि (स्थावरजङ्गमादि) पदार्थको सृष्टि गरेका छन्, ती सबै समय समयमा कारणवश आशौची हुनसक्छन् । शौचको अभाव हुनु नै आशौच हो । यस्तो अशुचित्व (अशुद्ध अवस्था) मा पुगेका कुनै पनि प्राणी हुन् वा पदार्थ हुन् लोकमा अव्यवहार्य हुन्छन् । लोकव्यवहार्य हुनको लागि ती सबैमा सदैव पवित्रता अपेक्षित रहन्छ । सृष्टिका सबै वस्तु कुन समयमा कसरी अशुद्ध हुन्छन् र कुन उपायले शुद्ध भई पुन: लोकव्यवहारोपयोगी हुन पुग्दछन् भन्ने कुराको व्याख्या यो छोटो लेखमा सम्भव छैन । यहाँ केवल मानिसमात्र कुन बेला कसरी अशुद्ध हुन्छन् र अशुद्धतामा प्राप्त मानिस पुन: कुन रीतले शुद्ध भई धर्मकर्मार्ह हुन्छन् भन्ने कुराको मात्र चर्चा गरिन्छ ।

सुखमय, शान्तिमय, आनन्दमय, सम्मानित, प्रतिष्ठित, उत्कृष्ट एवं समुज्ज्वल जीवन बिताउने परमोच्च लक्ष्य बोकेका मानिसले जहिले पनि अशुद्धता, अपवित्रता, मलिनता, दुष्टता, कल्मषता आदि जीवन धमिल्याउने दुर्गुणहरूलाई सर्वथा परित्याग गरी शुद्धता, पवित्रता, सुन्दरता, निर्मलता, मेध्यता आदि ऐहिक र पारलौकिक दुबै गति सुधार्ने सद्गुणहरूको उपार्जन गर्ने तर्फ सदैव सतर्क र यत्नशील रहनुपर्ने शास्त्रको उद्घोष रहेको छ ।

कृष्णसारमृगको स्वच्छन्द विचरणले, विभिन्न देवदेवीका मठ-मन्दिरको अवस्थितिले, वैदिक यज्ञयागादिको निरन्तरताले, अनेक पावन नदनदीको बाहुल्यले, तीर्थस्थलको पर्याप्तताले र पुण्यक्षेत्रादिको प्राचुर्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा अतिपवित्र आर्यतपोभूमिरूप आर्यावर्त क्षेत्रमा उत्पन्न आर्यजनहरूले वैदिक संस्कारद्वारा सुसंस्कृत भई विविध कारणबाट समय समयमा आफूमा उत्पन्न हुने अशुद्धता कलुषताजन्य पापविशेषलाई यत्नतः प्रक्षालन गरी सदैव शुद्धता र सत्यताको आडमा नित्य निरन्तर श्रौतकर्म र स्मार्तकर्ममा दत्तचित्त रही जीवनयापन गर्नु पर्छ भन्ने अकाट्य आदेश हामी वैदिक धर्मावलम्बीहरूलाई हाम्रा पूर्वज मनु आदि महर्षिहरूले दिएका छन् । यो आदेश सर्वथा परिपालन गर्ने दृढ प्रतिज्ञा गरी हामी यस पुण्यभूमि आर्यावर्तक्षेत्रमा रहेका छौं । यसरी जीवहरूमा श्रेष्ठ, दुबै लोकको गति समुन्नत पार्न सर्वतः समादिष्ट, गतिशीलता, चेतनशीलता र विवेक-शीलतालाई अँगालेका मनुजहरू यदाकदा महामना परमर्षिहरूद्वारा प्रदर्शित बाटो बिराउनाले, वैदिक सनातन धर्मको बेवास्ता गर्नाले, शास्त्रविहित कर्मको उपेक्षा गर्नाले, अभक्ष्यभक्षण अगम्यागमन अकर्तव्यकरण जस्ता शास्त्रनिषिद्ध कर्मको जानाजान वा अज्ञानवश सेवन गर्नाले निश्चय नै हीनता, अधमता, निन्दनीयता, तुच्छता, कुत्सितता र नीचतामा प्राप्त हुन्छन् । यसरी नै जन्म र मरणको आशौच परको अवस्था पनि मलिनता र अशुद्धिको सूचक हो । मनुष्यजातिमा अशुचित्व पैदा गरी यस्ता दुर्गतिमा पुऱ्याउने उक्त सबैकारणको विवेचन यहाँ सम्भव छैन । यसमा त केवल जन्म र मृत्युबाट उत्पन्न हुने अशुद्धिको र त्यसबाट शुद्ध भई सबै तरहका धर्म कर्ममा समुचित योग्यता प्राप्तिको लागि गर्नुपर्ने कर्तव्य वा प्रायश्चित्तको मात्र विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

यस दिन यसबेला पर्न आउँछ भन्ने खास निधो नभएको अकस्मात् परिआउने घटना वा कार्यविशेषलाई निमित्त भनिन्छ, जस्तै जन्मनु वा मर्नु । कसको कुनदिन कुनबेला जन्म वा मरण हुन्छ भन्ने कुरा कसैलाई पनि थाह हुँदैन, तापनि लोकमा यस्तो सुखद एवं दुखद घटना प्रायः सबैले भोग्नु परेकै हुन्छ । त्यसैले यस्तो घटनालाई शास्त्रप्रयोजकहरूले नैसर्गिक निमित्तको संज्ञा दिएका छन् । आफ्नो कुलमा यस्तो अतिशयानन्दप्रद र मार्मिक दुखदायी निमित्त पर्नगएमा बन्धु बान्धवहरू आशौची हुन्छन् । उनीहरूको बाहिरी शरीरमात्र होइन, अन्तरात्मा पनि अशुचित्वमा प्राप्त हुन्छ । अशुचित्व कसरी भन्ने प्रश्न पनि जनसमुदायमा प्रायः उठ्ने गरेको पाइन्छ । यसको समाधानमा दिव्यदृष्टि भएका महर्षिहरू निम्नानुसार स्पष्ट धारणा राख्दछन् ।

दुर्गन्ध हिलो मैलो फोहोर मलमूत्र आदि अस्पृश्य पदार्थको स्पर्शले स्पर्श गर्नेको बाहिरी शरीरलाई मात्र अशुद्ध गराउँछ, न अन्तरात्मालाई न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त बन्धु बान्धवलाई नै । त्यस्तै हाम्रो शरीरभित्र हामीलाई अशुद्धतामा पुऱ्याउनसक्ने मलमूत्र शुक्रशोणितादि विभिन्न पदार्थ रहेका छन्, तर ती हाम्रो देहभित्र रहुन्जेलसम्म हामीलाई अपवित्रतामा पुऱ्याउन सक्दैनन्, जब ती पदार्थ हाम्रो शरीरबाट बहिर्भूत हुन्छन् त्यसबखत हामी अशुद्ध हुन्छौं । अर्थात् जो जो व्यक्तिको देहबाट ती पदार्थ अलग भएका छन् त्यो त्यो मात्र अशुद्ध हुन्छ, अरू हुँदैनन् । त्यसैले यस्तो अशुद्धि कुलव्यापि हुँदैन । जन्म र मरणबाट हुने अशुद्धिले भने कुललाई नै ढाकिदिन्छ । बालक आमाको गर्भमा रहेसम्म, त्यस्तै प्राणरूप आत्मा शरीरभित्र रहेसम्म हामी कसैमा पनि अशुचित्व पैदा हुँदैन । जब बच्चा आमाको शरीरबाट भिन्न हुन्छ (जन्मन्छ), एवं प्राण शरीरबाट अलग हुन्छ अर्थात् मृत्यु हुन्छ त्यसबखत वंशज सबै अशुद्ध हुन्छन्, किनभने शुक्र र शोणितको सम्बन्ध ती सबैमा हुन्छ । आफ्नो शरीरका अवयवको साक्षात् वा परम्पराद्वारा अन्वय भएका व्यक्तिको जन्म र मरणमा हर्ष र विषादको उत्पत्ति हुनु स्वाभाविक हुन्छ । बढी हर्ष र बढी विषाद हुँदा बाहिरी शरीरमा मात्र होइन भित्री मनमा पनि विकृति पैदा हुन्छ । जस्तै अलाप विलाप गर्नु, रूनु कराउनु, हातगोडा नलाग्नु, स्पष्टसँग बोलचाल गर्न नसक्नु, आँखाबाट आँसुका बलिन्द्र धारा बग्नु, नाक र मुखबाट रालसिंगान आउनु, शरीर काम्नु लरबराउनु वा शिथिल हुनु जस्ता बाहिरी शरीरमा आउने विकृति हुन् भने चित्त चञ्चल, उद्विग्न, किंकर्तव्यविमूढ, अव्यवस्थित, अत्यन्तक्षुब्ध, सन्तप्त र आकुल-व्याकुल हुनु जस्ता मनमा उब्जने विकृति हुन् । यस्ता हर्ष र विषाद जनित असामयिक विलक्षणताले गर्दा पूरै कुलका मानिसको शरीर र मन पनि काम कर्तव्य र व्यवहारमा सङ्गत हुन सक्दैन । त्यसैले गर्दा वंशमा तन्निमित्तक आशौच पैदा हुन्छ ।

मरणमा त असहनीय दुःख, तीव्रवेदना र अतिशय पीडा हुन्छ, त्यसले गर्दा शरीर र मन दुवै विकृत अवस्थामा पुग्दछन् कार्य सङ्गत हुँदैन र त्यस निमित्तक आशौच पैदा हुन्छ भन्नु स्वाभाविक नै हो । तर जननमा त मन र शरीरमा पनि कुनै त्यस्तो पीर बाधा हुँदैन । त्यसो हुँदा आशौच कसरी पैदा हुन्छ भन्ने भनाई पनि कसै कसैको नभएको होइन । तर त्यसो भन्नु शास्त्रको मर्म र व्यावहारिकतालाई नबुझ्नु मात्र हो । सूक्ष्म रूपले विचारगरेको खण्डमा अत्यन्त दुःखमा जस्तै ज्यादै ठूलो आनन्द हुँदा पनि शरीरमा रोमाञ्च सदृश अनेक विकृति आउनु, आँखाबाट हर्षका आँसु बग्नु जस्ता विलक्षणता देखा नपर्ने होइनन् । त्यसकारण मरणमा जस्तै जननमा पनि आशौचको उत्पत्ति भएकै हुन्छ । फरक यति मात्र हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरणमा आशौच जति व्यापक हुन्छ जननमा त्यति हुँदैन । मरणाशौच सपिण्ड सोदक र सगोत्रका साथै असगोत्र मातृबान्धव पितृबान्धव आत्मबान्धव र अरू नातागोता इष्टमित्रले पनि बार्नुपर्ने हुन्छ भने जननाशौच केवल सपिण्ड, समानोदक र सगोत्रले मात्र बार्दा पुग्छ । अरू असगोत्र कसैले पनि बार्नु पर्दैन । आशौच परेको बेलामा आहिताग्निले बाहेक चोखो भएर चोखो ठाउँमा गर्नुपर्ने पञ्चमहायज्ञ दान जप व्रत पूजा उपवास वेदाध्ययन आदि कुनै पनि स्रोत स्मार्तकर्म गर्न हुँदैन । धर्मशासकहरूले यस कुराको पुष्टि यसरी गरेका छन् ***"पञ्चयज्ञविधानं तु न कुर्यान्मृत्युजन्मनोः, शुचिना कर्तव्यम्, शुचौ देशे कर्तव्यम्"*** इत्यादि । यस्तो निर्देश भएकोले आशौचरूप पाप (अतिशय) विशेषले यस्ता नित्य गर्नुपर्ने पञ्चमहायज्ञादि शास्त्रविहित कर्म गर्न र फलको इच्छा राखेर गरिने काम्यकर्म गर्न पनि हामीलाई निश्चय नै अयोग्य बनाउँछ । त्यसैले आशौचमा गर्नु पर्ने नियमानुसारको प्रायश्चित्त रूप कर्तव्य पूरा गरी श्रुतिस्मृतिविहित उक्त कर्म सम्पादन गर्न योग्यता प्राप्त गर्नु हाम्रो परम कर्तव्य हुन जान्छ । मलमूत्रादिको उत्सर्ग गरिसकेपछि उत्पन्न हुने अशुद्धिमा र दुर्गन्धादि अस्पृश्य पदार्थको स्पर्शबाट हुने अशुद्धिमा माटो र पानीद्वारा तुरून्तै शुद्ध भई हामी आफ्नो सनातन कर्ममा योग्य हुन्छौं । तर जनन र मरणबाट उत्पन्न अशुद्धिमा भने नितान्तरूपमा काल र स्नानको अपेक्षा रहेको हुन्छ । काल भन्नाले दशाहादि दिनलाई र स्नान भन्नाले आशौचनिवर्तक स्नानलाई लिइन्छ । आशौचबाट शुद्ध हुन शास्त्रले तोकेको दशाहादि दिन पुग्नैपर्छ । पुनः आशौचका प्रत्येक दिन अनिवार्य रूपले स्नान गरेको हुनुपर्छ । साथै आशौचीले गर्नुपर्ने उदकदानादि शास्त्रप्रतिपादित कर्तव्य पालन पनि अवश्य गरेकै हुनुपर्छ । आशौच शुद्ध गर्न समर्थ प्रायश्चित्तरूप काल र स्नान दुवै पूरा भएपछि मात्र आशौचीहरू आशौचबाट निवृत्त हुन्छन् र आ-आफ्नो कर्ममा योग्य हुन्छन् । यही योग्यता प्राप्तिको लागि नै आशौच बार्नु पर्ने शास्त्रीय निर्णय रहेको देखिन्छ । यही आशौचको स्थिति नसकुञ्जेल प्रायश्चित्ती भइन्छ ।

यसरी अनिवार्य रूपले बार्नु पर्ने आशौचका दशदिन तीनदिन आदि विभिन्न काल शास्त्रदर्शित छन् । ती दिन पुस्ता र सम्बन्धका आधारमा तोकिएका हुन्छन् । सात पुस्ताभित्रका दाजु भाई सपिण्ड मानिन्छन् - एकपिण्डदानक्रियान्वय र एकशरीरावयवान्वयबाट पनि । शास्त्रप्रयोजकले एकपिण्डदानक्रियाको अन्वय यसरी हुने देखाएका छन् -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः ।
पिण्डदः सप्तमस्तेषां सापिण्ड्यं साप्तपौरूषम् ॥

पितृपितामह आदि तीनपुस्ताका पितृहरूले पिण्ड प्राप्त गर्दछन् भने वृद्धप्रपितामह आदि तीनपुस्ताकाले लेपमात्र पाउँछन्, पिण्डदाता सातौं पुस्ताको हुन्छ । त्यसैले यिनीहरू सपिण्डीभित्रका हुन्छन् । जेठाकान्छा बाबुहरूमा देवताको ऐक्यले सापिण्ड्य हुन्छ भने स्वपत्नी, भ्रातृपत्नी र जेठी कान्छी आमाहरू सहाधिकारित्वेन सपिण्डी भित्र पर्ने हुन्छन् । भनिएको पनि छ - ***"एकत्वं सा गता भर्तुः पिण्डे गोत्रे च सूतके" ।***

वेदले एकशरीरावयवान्वय निम्न अनुसार हुने बताएको छ ***"एतत् षाट्कौशिकं शरीरम्"*** अस्थि स्नायु मज्जा तीनवटा धातु बाबुबाट र त्वक् मांस रुधिर तीन वटा धातु आमाबाट समेत गरी छ वटा धातु मिलेर मनुष्यशरीर निर्माण हुन्छ । यी धातुहरू बाबुको शुक्र र आमाको शोणितको माध्यमबाट छोराछोरीमा साक्षात्प्राप्त हुन्छन् । नाति पनाति आदिमा भने परम्पराद्वारा प्राप्त हुँदै जान्छन् । पत्नी भ्रातृपत्नी आदिमा वीर्य र रजको साक्षात्सम्बन्ध नरहेतापनि आधारत्वेन शरीरका अवयवको अन्वय हुने हुँदा ती पनि सपिण्डमा नै गनिन्छन् । यसरी शरीरका अवयवको सम्बन्ध अर्थात् शुक्रशोणितको मात्रा सातपुस्ताभित्रका दाजुभाईमा बढी हुने हुँदा यिनीहरूमा परम्परमा माया, ममता, स्नेह र सहभाव पनि अत्यधिक नै हुन्छ । यस्ता दाजुभाईमा जन्म हुँदा हर्ष र मृत्यु हुँदा विषाद पनि बढी नै हुने हुन्छ । त्यसैले हर्ष र विषादको कारणबाट उत्पन्न आशौच पनि बढी नै दिन अर्थात् दशदिनसम्म बार्नुपर्ने हुन्छ । त्यसपछिका सातपुस्ताका (चौधपुस्तासम्मका) दाजुभाईमा एकपिण्डदान-क्रियाको अन्वय नहुने हुँदा यिनीहरू समानोदकमा गनिन्छन् । यस्तामा शुक्रशोणितको मात्रा पनि निकै कम हुने हुँदा परस्परमा मायाप्रेम पनि कमै हुन्छ । प्रेम कम भएका व्यक्तिमा जन्म र मरण हुँदा आशौच पनि कम नै हुन्छ अर्थात् तीनदिन मात्र लाग्ने हुन्छ । त्यसभन्दा पनि पछिका सातपुस्ताका (एक्काइस पुस्तासम्मका) दाजुभाईलाई सकुल्य भनिन्छ । यिनीहरूमा त झन् शुक्रशोणितको मात्रा ज्यादै कम हुन्छ, त्यसैले यिनको आशौच पनि एकदिनमात्र बार्दा पुग्ने हुन्छ । त्यसपछिका जतिसुकै पुस्ताका दाजुभाई पनि सगोत्र हुन्छन् यिनले आशौच परेको सुन्नेबित्तिकै स्नानमात्र गरे पुग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त आशौच स्वस्थ शरीर, अनापद् अवस्था र स्वस्थ समय भएको सामान्य परिस्थितिमा मात्र पूरा बार्नु पर्ने हुन्छ । रोगाक्रान्त शरीर, जल अनल विद्युत् आदिबाट उत्पन्न आपत् अवस्था, त्यस्तै काल पनि अस्वस्थ भएको विशेष परिस्थितिमा भने थोरै बार्नु पर्ने र बार्नै नपर्ने पनि हुन सक्छ । यही कुरा महामुनि दक्षले यसरी स्पष्ट गरेका छन् -

स्वस्थकाले त्विदं सर्वं सूतकं परिकीर्तितम् ।
आपद्गतस्य सर्वस्य सूतकेऽपि न सूतकम् ॥

पुरा बार्नुपर्ने आशौच पनि थोरै बार्नु पर्नु र बार्नै नपर्नुका अरू पनि पाँचवटा कारणहरू शास्त्रदर्शित छन्, तिनीहरूको र अतिक्रान्ताशौच संपाताशौच असवर्णाशौच असगोत्राशौच आदि विभिन्न आशौचहरूको पनि विस्तृत विवेचन क्रमशः हुँदै जानेछ ।

बुद्धिविनोद-प्रश्नोत्तर

प्रश्नः- परत्र यस्तो छ यसो गऱ्यो भने,
यसो यसो हुन्छ भनेर देखने ।
नआउने कोहि पनि यहाँ किन,
तँलाइ मालुम् छ कि यो कुरा मन ॥

उत्तरः- सामान्य जो हो उ त कालको घर,
पुगेर फिर्देन कसै यतातिर ।
जो हो असामान्य मनुष्य त्योकन,
सामान्य हामीहरू चिन्दथ्यौं किन ॥

(कविशिरोमणि लेखनाथ पौडेलको प्रश्न र पं नयराज पन्तको उत्तर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक गुरु श्री यज्ञेश्वर शर्मा पौडेलको संक्षिप्त परिचय

- प्रा. वाल्मीकि पौडेल

तीव्र मेधासम्पन्न वैदिक गुरु श्री यज्ञेश्वरको जन्म विक्रमको उन्नाइसौं शताब्दिको पूर्वार्धमा काठमाडौं उपत्यका ललितपुरको लुभुको नजीक सिस्नेरी गाउँमा पौडेलवंशमा भएको हो । त्यो ठाउँमा पौडेलहरु पश्चिमी नेपालबाट नै आई बसोवास गरेका हुन् । ती पौडेल मध्ये कुनै "ठूला घरे" भनिनेछन् भने कुनै "सानोघरे" भनी कहलिएका छन् । तर यज्ञेश्वर गुरु कुन "घरे" मा पर्नुहुन्थ्यो, वहाँलाई पनि ज्ञान नभएको बुझिन्थ्यो ।

जेहोस् बाल्यावस्थामा नै काशीजस्तो पुण्यक्षेत्रमा पुग्न सफल हुनुभएका वहाँको यो काशी क्षेत्र प्राप्ति पूर्वजन्मोपार्जित पुण्यको फल हो । त्यस ताकाका यात्रुहरुलाई भारतको सुगौली भन्ने ठाउँमा नपुगेसम्म भयभीत हुनुपर्थ्यो, त्यसताका यातायातको राम्रो सुविधा थिएन, थानकोटको जंगली पर्वतदेखि घनाजंगल थियो, जतिजति पर गयो उति उति भयावह वन आउँथ्यो जस्तै भैंसे, हेटौंडा, भिक्षाखोरी र चारकोशको झाडी आदि । त्यस्तो भयावह जंगलको बाटोको यात्रा गर्नु यज्ञेश्वर जस्ता बच्चा केटालाई प्राय: संभव थिएन तापनि वहाँलाई संभव भयो । यस प्रसंगमा ***"प्राप्तव्यमर्थं लभते मनुष्यो देवोऽपि तं लंघयितुं न शक्तः"*** भन्ने उक्ति सार्थक हुन गयो ।

वहाँलाई काशी प्राप्त हुनुनै पहिलो प्राप्तव्य अर्थ थियो, याने भाग्य थियो । वहाँको बलवान् अदृष्ट (भाग्यले) गर्दा जंगलका बाघ, भालु, सिंह आदि हिंस्रक जन्तुले र चोर डाकु जस्ता अनर्थकारी तत्त्वले भेटेनछन् अब केटा यज्ञेश्वर सुख, दु:ख गरी काशीपुरीमा पुग्नुभयो । पुन: वहाँलाई सिस्नेरीतिर फर्कने मौका परेन । वहाँलाई काशीकै प्रियताले सबैकुरा बिर्सायो जता हेऱ्यो उतै शास्त्रीजी र महामहोपाध्याय जस्ता विद्वानै विद्वान् भएको पावन स्थल थियो काशी । गंगामा सन्ध्या वन्दन पूजाको लागि असी घाट देखि गयाघाट सम्म "तखता" बाँधिएका छन् । जहाँ हेऱ्यो उतै सहकाल छ, विद्यार्थीलाई भोजन वस्त्र र आवासको कुनै कठिनाइ छैन, धार्मिक भावना युक्त काशी पुरीमा, धर्म अर्थ काम मोक्ष यी चारै पुरुषार्थ सिद्ध गर्न सबै तत्पर छन् । त्यस्तो वातावरण देख्दा यज्ञेश्वरलाई आफूले पूर्वजन्ममा हृदय गह्वरमा तिरोहित भएकी विद्याले नै उत्प्रेरणा गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होकि जस्तो गरी भित्रैबाट अन्तः करणले नै विद्याध्ययन गराउन प्रेरणा दिन थाल्यो, "अब तँ पढ्न मात्र शुरु गर, तेरो हृदयाकाशदेखि कण्ठ दन्त जिब्रो ओष्ठ मुखनासिक अनुनासिक आदि स्थलबाट उत्स्फुरण भई प्रत्यक्षवाङ्मय मूर्तिमा होइदिन्छु" भन्ने उत्प्रेरणा हुन थालेकोले विशिष्ट विद्वान् कहाँ पुगी चरणमा दण्डवत् गरी विद्या माग्नु भयो । गुरुबाट पनि योग्य पात्रच्छात्र प्राप्त भएको संझी विद्यादान गर्न आरम्भ भयो । गुरुका मुखारविन्दबाट निस्केका वेदविद्याका तेजःपुञ्जले वहाँका अन्तःकरणमा रहेका पूर्वजन्मका वासनामय विद्याहरु प्रज्वलित भई मेधा र स्मृतिका बलले प्रत्यक्ष वाणीरुपमा निक्लन थाले, दिनपरदिन विद्याको प्रकाशले यज्ञेश्वरको मुखमण्डल नै झरीलो हुन थाल्यो । स्वल्प समयमा नै शुक्लयजुर्वेद र त्यसका पद, क्रम, जटा, घन आदि विकृतिहरू कण्ठ गरी शतपथ ब्राह्मण पनि सम्पूर्ण नै गहिरिएर पढ्नु भयो । तथा ऋग्वेद, साम, अथर्वहरुको अध्ययन गर्नुको साथै सिद्धान्तकौमुदी व्याकरण, कोष, काव्यं, न्यायमुक्तावली र फलितज्योतिष पनि समग्र अध्ययन गर्नु भयो । वहाँलाई विद्या रट्नुपर्ने होइन, मेधाशक्ति सम्पन्न र कुशाग्र बुद्धि हुनाले एक फेरा गुरुमुखबाट सुनेको विद्या र हेरेका किताबहरू वहाँको स्मृति पटमा चिरकालसम्म स्थायी रहन थाले । वहाँले धर्मशास्त्रको पनि पूर्ण अध्ययन गर्नुभो । त्यति मात्रले वहाँको उत्कण्ठा पूर्ण नभएकोले स्मृतिग्रन्थहरू र श्रीमद्भागवतको साथै महाभारत १८ पुराणहरु समेत अध्ययन गर्नु भयो । पुनश्च स्मार्त श्रौत कर्मकाण्डमा पनि राम्रो दक्षता प्राप्त गर्न पछि हट्नु भएन । यसरी वहाँले गरेका विशिष्ट अध्ययनबाट काशीमा रहने वृद्धदेखि बालकसम्म राम्रो प्रचार प्रसार भई वहाँको प्रसिद्धि हुनथाल्यो । बनारसका भारतीय छात्रहरुले पण्डितहरुको चर्चा चलाउँदा यज्ञेश्वरको प्रसंगमा भन्दथे कि "वह नेपाली वृद्ध पण्डितजी तो रोजाना गीता, और सप्तशती पाठ किया करते है उनको गीता और सप्तशती भी कण्ठ है" । अर्को छात्र भन्दथ्यो कि उनको हस्तरेखा की भी ज्ञान है, पुनः अर्का महल्लाका ठिटाहरू भन्दथेकि यज्ञेश्वरजीको तो इतिहासका ज्ञान अच्छा है । पुनः अर्काथरी भन्दथेकि उनको सर्वशास्त्र कण्ठ है । यसरी केटाहरुले पनि गुरुको मूल्यांकन गरेको सुनिन्थ्यो । हुन पनि त्यस्ता विद्वद्वरेण्य यज्ञेश्वरले अभ्यास गरेका विषयहरुमध्ये नेपाल भारत लगायत विश्वकै इतिहास पनि पर्दथ्यो, भने अब वहाँले अनभ्यस्त विद्या के बाँकि रह्यो र ? भन्नु अत्युक्ति होइन ।

यज्ञेश्वर अर्धवयस्क छँदा काशी क्षेत्रमा अंग्रेजीको पठन पाठन धेरै धेरै कम थियो भन्ने बुझिन्थ्यो तैपनि यज्ञेश्वरलाई अंग्रेजीको पनि सामान्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान थियो भन्ने बुझिन्छ । प्रौढवैदिक विद्वान् भैकन पनि वहाँलाई विश्वतोमुखी विद्या र प्रतिभाले सम्पन्न हुने श्रेय प्राप्त भयो । धर्मशास्त्र सम्बन्धी वहस हुँदा वहाँले गरेको निर्णय रजिष्टरै हुन्थ्यो कसैको पनि प्रत्याख्यान गर्न सामर्थ्य थिएन । केही वादविवाद परेमा वहाँसित नै सोध्न पुग्दथे । कहिलेकाँहि विद्यार्थी पढाउन लाग्दा अपर्झट कुनै कसैले चिनाटिपन ल्याई दिनदशा पनि सोध्दथे, विनाभेटी तुरुन्त फल बताएर पढाइदिएको त यो लेखकले नै प्रत्यक्ष देखेको थियो । यस्तो प्रखर प्रतिभाशाली नेपाली विद्वान् यज्ञेश्वर देखि सामान्य व्यक्ति पनि अप्रसन्न थिएनन् भने विद्वान्हरु प्रसन्न हुनु त स्वाभाविकै थियो । उसबेलाका पठित अपठित अर्धपठित र मूर्ख अतिमूर्ख सबै भारतीय नेपाली जन समूहले वहाँलाई व्यक्ति, उमेर, जात र शील अनुसार कसैले प्रेमी, कसैले पूज्य र कसैले अतिरस्कार्य (हेप्न नहुने) सम्झन्थे । यति मात्र होइन, अघि देखिनै गुण्डागर्दी हुने ठाउँ बनारस जस्तो अन्त छैन भन्ने प्रसिद्धि थियो शायद आजकल पनि होला, त्यस्तो ठाउँमा यज्ञेश्वरजी कहीँ कतै एकान्त स्थलमा रात अर्धरात साँझ विहान जुनसुकै बेला ठाउँमा अचानक पुग्नु भएछ भने पनि त्यस्ता ठाउँमा त्यस समय दुर्भावना लिएर कसैमाथि लुट्लाट गर्ने, हँसी गर्ने, आक्रमण गरी बाटो रोकी लुछलाछू पिटपाट जस्ता दुर्व्यव्यहार गर्न आँटेका रहेछन् भने पनि वहाँ पुग्दा ती मूर्खहरु पनि पान चपाई रातो पारेको ओठ र दाँत देखाई मुसुक्क हाँसेको आकृति देखाइदिन्थे र कठवाँसका डण्डा लिएका तामसी गुण्डाहरु पनि वहाँप्रति आफ्नो राम्रो सौजन्य देखाई श्रद्धा राखी विनम्रता प्रकट गरिदिन्थे । यी सबै परिस्थितिले गर्दा गुरु यज्ञेश्वरलाई काशी छोडी बाहिर बस्ने चाहना वा प्रेरणा कसरी हुने र ? वहाँको लागि काशीपुरी आफ्नो विर्ता सरह नै भएको थियो । काशीमै सबै कुराको सम्पन्नता भएको वहाँलाई अनुभव भइनैरह्यो । यदि वहाँले प्रभूत सम्पत्ति उपार्जन गर्न काशी छोडी अन्यत्र विद्याविहीन ठाउँमा जानु भएको भए त्यस्ता लाखौं सम्पत्ति उपार्जन गर्न कठिन हुदैनथ्यो होला । तर वहाँ जस्ता विद्वान्लाई धेरै सुनचाँदी जस्ता द्रव्य कमाउनपट्टि मन लागेन । वहाँलाई यही कुरा प्रतीत भयो कि ***विद्याधनं सर्वधनप्रधानम्*** । अर्थात् प्रधान सम्पत्ति विद्या नै हो भन्ने वहाँको अभिप्राय थियो । यसरी विद्यारूपी धनले पूर्ण आत्मसन्तोष लिई काशीपुरीमा चिरकालसम्म निवास गर्दा वहाँ विद्याको वयको र प्रसन्नताको चमकले गर्दा त्यस समय काशीको चमकीलो तारानै बन्न पुग्नु भएको बुझिन्छ ।

तर मानिस वा देवता वा प्राचीन पौराणिक कालका राजा रजौटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई समयानुसार कालको गतिले एकफेरा अभ्युदय र अर्कोफेरा पतन गराउने कुरा त इतिहासादिबाट पनि प्रख्यात भएकै कुरा हो । वहाँ जस्ता विद्वान् दयालु र हितैषी तथा जतिसुकै उज्वल तारा भएता पनि कालको गति अनुसार ताराले पनि अस्ताउनै पर्छ । त्यसैले अब वहाँलाई पनि कालको गति विधिले छुन आँटेको बोध भयो भन्ने कुरा सम्झना गर्न खोज्दा अहिले पनि यस लेखकलाई अन्त:पीडा हुन्छ । वहाँको विवाह सम्पन्न भएको केही समय बितेपछि दुई सन्तान पैदा भएछन् एक पुत्री र अर्को पुत्र । यी दुवैको उचित समयमा विवाह संस्कार सम्पन्न भयो । पुत्रीलाई आफ्नो पतिको घरमा पठाइयो, पुत्रको विवाह गरी दम्पती बनाइयो । ती पुत्रदम्पतीबाट कुनै सन्तान पैदा नहुदै दैवले पुत्रको प्राण लग्यो । आफ्नो नवविवाहित छोराको त्यो देहपिण्ड (शव) लाई मणिकर्णिकाको चिताग्निमा दाह गर्न पठाउँदा यज्ञेश्वर गुरुले आफूमा रहेका सन्तोष, हौसला, आशा भरोसाहरु आफ्ना अश्रुधारारूपी घिउमा भिजाई होम गर्न पठाउनु पर्‍यो । उता पुत्रवधू पनि आफ्नो पतिदेवको अत्यन्त वियोगको शोकाग्निले छटपटाई पतिदेवको चिताग्निलाई शीतल छाँया सम्झी त्यहाँ जान खोजिन् तर लोक व्यवहार र नयाँ परम्पराले रोक्यो । अब कहाँ जाउन् जाँने ठाउँ कतै छैन र माइत गईन् । माइतैमा धेरै काल लगाई शोकाग्निलाई घटाइन् । यता यज्ञेश्वर गुरुकी पत्नी पुत्रको अत्यन्त वियोगको स्मृतिज्वरको साथसाथै शारीरिक ज्वरले उत्पीडित हुनुभयो गुरु र गुरुआमा दुवै रोग र शोकले ग्रस्त भएको स्थितिमा वहाँले नै पठाएका शिष्यहरुले पुत्र रुपमा रही सेवा गरे । अब गुरुजी उत्साह र उमंगहीन बनी आफ्नो वेदना ईश्वरसित नै निवेदन गर्नु हुन्थ्यो । वहाँ गंगास्नान गर्न जाँदा साबिक नुहाउने घाटमा नगई अर्कै अर्कै घाटमा जान थाल्नु भयो । जहाँ गएपनि चिन्ता देवीले छोडेको हुँदैनथियो । कहिले आकाशतिर मात्र हेरी रहनु हुन्छ भने कहिले गंगापारका बालुवातिर निकै बेर हेरीरहनुहुन्थ्यो । हामी शिष्यहरुले देखे अनुसार हामीलाई लाग्दथ्यो वहाँले विश्वनाथ दर्शन गर्न जाने इच्छा प्रकट गरेपनि त्यहाँ नगै मृत्युञ्जयको इनारतिर जानु हुन्छ । कहिले चौक बजार तिर गई एकाग्रहमा वग्गीलाई हेरीरहनुहुन्छ । त्यसरी हेरीरहेको देखी एक्कावालाले काहाँ जानाहै आइए पनि भनेछ । पछि अल्लि झस्किएर मनलाई ठेगानमा ल्याउनु भएछ । कहिले गंगातटमा गई गंगाजीमा उर्लेको छालतिर फर्की ***"त्वत्तीरे वसतस्त्वदम्बु पिबतस्त्वद्वीचिषु प्रेङ्खतस्त्वन्नाम स्मरतस्त्वद-र्पितदृशः स्यान्मे शरीरव्ययः"*** भन्दै अन्तर रोदनको आकृति देखाउनु हुन्छ, कहिले ***"वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णात्ति नरोऽपराणि"*** भन्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शून्यस्थान तिर डुल्नु हुन्छ । कहिले काही अर्काले गाएको स्मरण गर्नु हुन्छ । कहिले बेप्रसंगमा अस्सी घाटको सिढीमा थुचुक्क बसी मृतपुत्रको अनुहार झलक्क संझी ***"कस्त्वं कोऽहं कुत आयात, का मे जननी को मे तातः"*** भन्ने उद्धार संझनु हुन्छ भने कहिले घरको अटालीमा बसी श्रीमद्भागवतको चित्रकेतुराजाका १० हजार रानी थिए, उनले बल्ल तल्ल पाएको १ पुत्र मात्र थियो त्यो पनि मरेकोले राजालाई पुत्रको शोक परेको कथा र रामका पिता दशरथलाई पनि राम वनवास गएको वियोगशोकले मृत्यु गरायो भन्ने कथा झलक्क याद आउँछ र लामो सुस्केरा हाल्नु हुन्छ । यसरी गुरुको पारिवारिक जीवनको दुरवस्थाले तत्कालीन काशीनिवासी नेपाली र अनेपाली सबै जनसमूहलाई नै पनि तीतो अनुभव भएको थियो । कोही भन्दथे -पण्डितजी का एक लडका था उसका मृत्यु होने से चिन्तित होकर बोलचाल भी उतना नहीं करते । कोही भन्दथे - के गर्नु यज्ञेश्वर बाजेलाई । कोही गुरुलाई पुत्रशोकले ज्यादै सतायो बोल्न छोड्नुभो आदि । शोकका चर्चाहरु केही समय चली नै रह्यो, अब गुरुका दैनिक क्रियाहरुमा पंचगंगा घाटमा गई स्नान सन्ध्याहरु गरि डेरामा आई भोजन गरी छात्रहरुलाई पढाउने काम त छैंदैथियो, सूर्योदयभन्दा पहिले नै उठी शौचादिबाट निवृत्त भई धोतीरुमाल आसनी कमण्डलु बोकी उच्चस्वरले ***"शरणं तरुणेन्दुशेखरः, शरणम्मे गिरिराजकन्यका"*** आदि गरिएका श्लोक उच्चारण गर्दै गंगामा पुगी गंगालाई दण्डवत् गरी गंगास्तुति पढ्दै १ घण्टा जतिनै समय लिई बालुवाले कमण्डलु माज्नु हुन्थ्यो, तत् पश्चात विधिपूर्वक स्नान गर्नुहुन्थ्यो, कुनै कुनै दिन लहड गरी जलचरको जस्तै तरिकाले हलूको तालमा पौडदै गंगामा १५-१६ मिटर जति पर पुग्नु हुन्थ्यो, त्यहाँ पुगी कहिले शवासन गरी पानी माथि उत्तानो परी सर्वाङ्ग शरीर उतारी सुत्नु हुन्थ्यो, अनि वारुण मन्त्रहरु पढ्नुहुन्थ्यो । कहिले २ मुठ्ठी बाँधी ती मुठीबाट पानी समाइ ४-५ हात जति शिर माथि पानीको फोहरा गरेको दर्शाउनु हुन्थ्यो, त्यस्तो अगाध जलमा नै भूईमा गोडाले टेके झै गरी सूर्यलाई अर्घ दिने जनै सेप्ने प्राणायाम गर्ने आचमन गर्ने आदि आदि जल क्रिया दर्शाउनु हुन्थ्यो, वहाँ बाहेक कसैले कुनैदिन यस्तो गरेको नदेख्ता यो लेखकलाई आश्चर्य लाग्दथ्यो, अनि तटमा आई शरीर पुछपाछ गरी धौतादिवस्त्र पहिरी लम्बे प्रातः सन्ध्या विधि सकी मण्डल ब्राह्मण पढदै उभिएर सूर्योपस्थान अनि पितृ तर्पण अनि मध्यान्ह सन्ध्या सकी डेरामा फर्कनु हुँदा १० -११ बज्दथ्यो, अनि भोजन पश्चात् छात्रहरुलाई ३-४ घण्टा जति पढाई सकेपछि मन बहलाउन डेराबाट बाहिर गई देवदर्शन गर्न जानु हुन्थ्यो, त्यसरी हिंडडुल गर्दै देव दर्शन गर्न जाँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाटामा कोही नमस्कार गर्थे भने धेरैजसोले पाउमा नै ढोगिदिन्थे, यसरी हिड्दा कांही दोबाटो वा पानपसलमा काशीका नेपालीले गरेका तात्कालिक विश्वघटनाका गफ र अन्तरराष्ट्रिय राजामहाराजा राष्ट्रपतिहरूका चर्चा परिचर्चा निन्दा स्तुतिहरू कहिले उभिएर सुन्ने, कहिले सुन्दै हिड्ने, कहिले अड्डै नपुगेको गफ चली रहेको रहेछ भने त्यसमा अङ्ग पुग्ने गरी निन्दा वा स्तुति जे आवश्यक पर्छ थपी दिने गर्नु हुन्थ्यो, वहाँले गफमाथि कुरा थपी दिदां अखवारको झझल्को हुनजान्थ्यो । यसरी चलेका गफका प्रसंगमा कुनै दिन नेपालको राजा महाराजाहरुको पनि कहिले निन्दा कहिले स्तुति पर्न आउथ्यो, यसरी निन्दा र स्तुति परेका गफहरूमध्ये कुनै दिन प्राय: निन्दा मात्र परेको गफ सुनेर कुनै मूर्ख स्वार्थी व्यक्तिले सो कुरा नेपालमा श्री ३ महाराजाका हजूरमा उजूर गरेछ । सो अनुसार के कसो हो भन्ने बुझ्न गुरुलाई अभियोग लगाई काठमाडौं झिकाइयो रे, अनि चीफ साहेवको दर्शनार्थ दरवार लगी चीफ साहेवका सामु उपस्थित गराइनुभो, अनि चीफ साहेवको र गुरुको परस्परमा हेराहेर भयो । अब त्यस स्थितिमा पहिले कसले बोल्ने । नेपालको परम्परा चलन अनुसार त गुरुले नै चीफ साहेवका हजुरमा स्वस्ति टक्र्याउनु पर्थ्यो । अनि मात्र चीफ साहेवबाट गुरुसित सोधनी र कुराकानी हुन्थ्यो तर त्यसो हुन सकेन । अन्त्यमा पण्डितलाई भोली श्री ३ का हजुरमा दर्शन गराउन लैजानु भन्ने चीफ साहेवबाट मर्जी भएछ र चीफ दरवारका उच्चस्तरका कर्मचारी वर्गले गुरुलाई वहाँकै डेरातिर लैजान हलुकासित उन्मुख गराई केही पर पुगेपछि विनम्रभावमा गुरुलाई यसरी सोधेछन् । होइन गुरु, तपाईले चीफ साहेवलाई स्वस्ति गर्नुहोला भनेको त स्वस्ति गर्नै भएन, स्वस्ति गर्नुहोस् भनी हामीले त्यस वखत सिकाउन पनि मिलेन, स्वस्ति नगरेकोले तपाईसित केही पनि मर्जि भएन । हामीलाई बडो खल्लो लाग्यो भनी सोधनी गर्दा गुरुले भन्नु भएछ कि स्वस्ति भनेको आशीर्वाद हो । आशीर्वाद जस्तो कुरा नमागीकन दिन हुदैन, नमागीकन आशीर्वाद दिन शास्त्र संगत हुदैन भन्नु भएछ । गुरुले स्वस्ति नगरेको कारण गोप्यरुपमा चीफ कहाँ पुगेछ, चीफ साहेव पनि सो कुराले प्रभावित भई चीफले पनि सोही कुरा श्री ३ कहाँ प्रस्तुत गरी सकेछन् । अनि गुरुलाई श्री ३ कहाँ पुऱ्याइयो, श्री ३ आफ्नो बैठकबाट तल चोकमा सवारी भएछ, र गुरुलाई देख्ने वित्तिकै श्री ३ ले बडो होशियारीसाथ "पण्डितजी पाउ लागि" भनी आफ्नो विनम्रता देखाएपछि गुरुले पनि महाराज ! स्वस्ति सरकारको सर्वदा कल्याण होस भन्ने आशीर्वाद टक्र्याउनु भएछ । अनि महाराजबाट पनि मनमनै "हँ पण्डित शास्त्र बुझेरै काम गर्दारहेछन् वेसै रहेछन" भन्ने संझी सोधनी भएछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"होइन पण्डितजी तपाई काशीमा बस्नु हुन्छ रे त्यहाँ हाम्रा राम्रा नराम्रा कुरा काट्नु हुन्छ रे भन्छन् यो कुरा सत्य हो ?" गुरुबाट आज्ञा भएछ "हो महाराज, हामी काशीमा बसेर विश्वभरिकै राजा राष्ट्रपति, सबैको कुरा काट्दै सत्य कुरालाई समर्थन गर्छौं तर नेपालको बारेमा खरावी होस् भन्ने भावना राखेर कुरा काट्दैनौं किनभने नेपाल र नेपालका राजाहरु हाम्रै हुन् यही विश्वास राख्दछौं ।" यसमा जो मर्जी भन्नु भएछ , अनि श्री ३ खुशी भएर "पण्डितजी ? तपाईलाई काशीमा रहन जीवनवृत्तिका लागि केही गरिदिनु पर्छ कि भन्नोस् भन्ने मर्जी हुँदा गुरुबाट आज्ञा भएछ कि "महाराज, अहिले सम्म त अन्नपूर्णमाईले पुऱ्याएकि नै छन्, भविष्यमा त्यस्तो आपत पऱ्यो भने बिन्ति चढाउँला ।" गुरुबाट यस्तो आज्ञा पाएपछि गुरुलाई मार्ग व्ययको प्रबन्ध गराई विदा गरिबक्सेछ रे । यसरी कृष्णलाई स्यमन्तक मणिको झुठो अभियोग लागेजस्तै गुरुलाई पनि परेकोले अभियोगबाट निवृत्त भई काशी पुग्नु भयो रे । त्यसपछि पनि गुरु आफ्ना नित्य नैमित्तिक पाठपूजा गरी छात्रहरुलाई धर्मार्थ विनावृत्ति अध्यापन चलाई रहनु हुन्थ्यो । वहाँले पढाएका प्रमुख शिष्यहरुमा वै. दामोदर भट्टराई, पं. नन्दलाल खनाल, पं. बुद्धिसागर पराजुली हुन् ।

यसरी *"ब्राहमणस्य तु देहोऽयं क्षुद्रकामाय नेष्यते"* भन्ने सिद्धान्तमा रही श्रेष्ठकर्म गर्दै लामो काल व्यतीत गराउँदै आउनु भएको रहेछ । त्यही अवस्थामा यो लेखको लेखकले पनि काशीमा गुरुको सन्निधिमा पुगी पाउमा दण्डवत् गरी पढ्ने इच्छा प्रकट गर्दा, वहाँबाट आज्ञा भयो । "बाबु ? तँ पढ, मसित पढ वा अन्यत्र पढ तेरो इच्छा । पढ्नु कर्तव्य हो, धन कमाउनु चाहीं भाग्य हो, पढेर धनै कमाइन्छ भन्ने निश्चय छैन । तँ पौडेल रहिछस् मेरै बन्धु रहिछस् काका भतिजा के पर्छस् विचार गरेर मात्र गोडामा ढोग्नू" भन्नु भएको थियो ।

यसरी गुरुका उमङ्ग र उत्साहका दिनहरु र ठूला ठूला कष्टका दिन पनि बिते । त्यसमा पनि उमंगका राम्रादिन हट्दै गए । जति थिए पहिले नै थिए । यसैले गुरुले कुराकानी गर्दा विरक्तिका नै कुरा गर्नुहुन्थ्यो । अब वहाँलाई रमाइलो भन्ने बस्तु केत भन्दा बाटाघाटामा ५-७ वर्षका केटाकेटी भेटे उनीहरूसित त्यही उमेरका बोली झिकी उनीहरुलाई फुरुक्क पार्नु वहाँलाई आनन्द लाग्दथ्यो । उनै वार, उनै दिनरात, उनै महिना, उनै ऋतु, उनै तिथिहरू नै चक्र घुमे झैं घुमिरहेका छन्, तिनै कालचक्रमा कहिले आनन्द र सुख समृद्धिहरू उपस्थित भइ मनुष्यादि प्राणिलाई हसाउँछन् भने कहिले भयानक कष्ट दिलाई रुवाउँछन् । कालको नियम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै छ । यसैले गुरुको पारिवारिक जीवनमा पनि यता गुरुआमा आफ्नो पुत्रको वियोग रूपी डेढेलाले सताइनु भएको थियो भने शारीरिक रोगले पनि पीडित हुनुभएको निकै समय बित्यो, अब वहाँलाई पनि विस्तारै विस्तारै शारीरिक रोगले ग्रस्त पार्दै ल्याएको हुनाले पतिदेवलाई भोजन तयार पार्न पनि असमर्थ हुनु भयो । यही मौकामा छात्रहरुले गृहकृत्य र भोजनादिको निर्माण पनि गरिदिन थाले । गुरु आमा दिनपरदिन गल्दै गई प्राणपखेरु मात्र बाँकी रहनु थाल्यो । अब गुरु एकमात्रले के गर्ने ? आफ्नो नित्यकर्म कुन बेलासम्म गर्ने ? भोजनको पाक कसरी गर्ने ? बिरामीको टहल सुसार गर्ने कि, कहाँको कसको औषधि गराउने आदि समस्याले गुरुलाई सताउन थाल्यो, तर पुत्र नभएता पनि पुत्र रुपमा खडा भएका तिनै विद्यार्थी शिष्यले गुरुदम्पतिको सेवा गरे । तिनी शिष्यहरुमा सबभन्दा बढ्ता गुरुभक्ति राख्ने शिष्य नन्दलाल खनाल गुरुले बिहान बेलुका नै गुरुदम्पतिलाई स्नानपानको लागि दुई बाल्टीन गंगाजल ल्याइ दिनु हुन्थ्यो । बाँकी धन्दा अरु छात्रले गरेका हुन् । यही क्रम केही समय चल्यो तर के गर्नु ? कालचक्रको चपेटा तर संसारभरि परेकै हुन्छ । गुरुआमाको पनि देह विसर्जनको बेला आएकोले "आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो" भने झैं गुरुआमाका प्राण पखेरुलाई काललेे उखल्यो । अब गुरुआमाको श्मशानादिका क्रिया सहितका और्ध्वदेहिक क्रियाहरु पं. गुरु नन्दलाल खनालकै रेखदेखमा अर्कै विद्यार्थी नै पुत्ररूपमा रही वर्षदिनका काम समाप्त पारिदिए । अब गुरु यज्ञेश्वरसित के बाँकी छन् भन्दा उहीं आफूले अध्ययन गरेका विद्या र आफूले पढाएका शिष्य तथा पुत्रवियोगको पुरानो चिन्ता तथा माया वियोगको नयाँ दन्किएको चिन्ताग्नि ज्वाला मात्र छन् । अब गुरुले काशी प्रवेश गरेदेखि हालसम्म आफूमा र विश्वमा घटेका जे जे परिस्थिति आए गए ती घटनाहरूले पनि गुरुका मनमा तिरिमिरि पारेका छन् । अर्थात् कुनै सुखका दिन बिते भने कुनै दुःखका दिन बिते अब हालै पनि विश्वमा राम्रो परिस्थिति देखा परेको छैन, काशीपुरीमा पनि गुरु प्रवेश गर्दा जो व्यक्तिहरू धार्मिक भावनाका थिए ती पनि सबै बिलाए । आफू समानका ठटेउला साथीहरु पनि तितर बितर भैसके । काशी लगायत विश्वका बजारमा अंग्रेज र जर्मनको लडाई समाप्त भएता पनि महंगीको पराकाष्ठा भैसकेको छ । त्यही गंगाजीका घाटहरू पनि गुरुलाई नराम्रोपना दर्शाउछन् । अब गुरु के गर्नु हुन्छ भने गंगाजी नुहाउन जाँदा जुन घाटमा आत्मसन्तोष हुन्छ त्यहीं नै स्नानसन्ध्यादि गर्नु हुन्छ । अब गुरुको पनि अर्धाङ्गिनी भार्यालाई मर्णिकर्णिकाको अग्निलाई दान गरेपछि कुप्रो भई मार्गादिमा हिड्नुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शारीरिक शक्ति पनि छैन, अकिञ्चन अवस्थामा हुनु हुन्छ । वहाँले आफ्नो प्राण बचाउन त गंगाजलैले पनि सक्नुहुन्थ्यो तर डेराको वहाल गंगाजलले नहुने ।

यी सबै परिस्थिति बुझेर पंडितराज राजेश्वर द्राविडज्यूले गुरुलाई आफ्नै घरको चोटामा बस्नलाई बोलाउनु भएछ । तदनुसार पहिले बसेको डेरा छोडी राजेश्वरको घरमा बस्नु भयो । निज पण्डितराजले गुरुको लागि अरु अरु पनि राम्रो सहयोग गरेको बुझिन्छ । यसवाट विद्वान्को कष्ट विद्वानैले टार्छ भन्ने कुरा सत्य भयो । त्यही समयमा पण्डितराजको आज्ञानुसार गुरुकि पुत्रवधू हरिभजन गरेर माइतै बसेकि थिइन् । उनलाई बोलाउन लगाइ उनै वधूबाट शिथिल अवस्थामा परी शय्यास्थित हुनु भएका गुरुको उचित सेवा गर्न लगाइ दिनुभएछ । अब दिन परदिन गुरुका क्रिया शक्ति भन्नु मुखमा मात्र छन् । हस्तपादादिमा छैनन् । अब गुरुलाई आलोपालो गरी रातमा दिनमा सायं प्रातः हेरविचार टहल सुसार गर्न छात्रहरु आउथे । त्यसै मौकामा गुरुको कान नजिकमा गई गुरु ? गुरु ? अब ता गंगाघाटमा जाउँकि वहाँ भए ताजा गंगाजलको स्पर्श र मन्दमन्द वायुको स्पर्शले गुरुलाई आनन्द होलाकि भन्दा गुरुले मन्द स्वरमा भन्नु भयो कि बाबु हो ? ठीक भन्यौ सबै नै त्यही गर्छन् गराउँछन्, तर ***"काशीमरणान्मुक्तिः"*** भन्ने शास्त्रीय वचनले त मुक्त हुन काशीमै मर्नुपर्छ भन्छ "घाट" काशी होइन त्यसकारण म मरेछि मात्र लैजाओ भन्नु भयो । २-४ घण्टा पछि गुरुका नेत्रबाट अश्रुविन्दुहरु निस्किए । हात पाउहरु चीसा भए र सबै अंग प्रत्यंग पसिनाले ढाक्यो वाणीदेवी पनि हराइन् । तुलसी पत्र गंगाजल गुरुको मुखमा राखियो । गुरुको इहलीला समाप्त भयो । उता पण्डितराज राजेश्वर पनि मलीन आकृतिमा अवाक् हुनुभयो । गुरुकी वधू मुर्छित भएको देखेर आफ्ना परिवारका आइमाइलाई आँसु पुछ्न द्रविडनीले संकेत गर्नुभो । अब बाँकी क्रियाहरु पण्डितराजकै तत्परता र नेपाली परम्परा अनुसार वर्षदिनका क्रिया समाप्त भए । यो घटना वि.सं. २००४ सालताकाको हो । बाँकी रहेकि गुरुकि वधू एकाकी छिन् । पतिवियोगको घाउ पुरानो भइ ठौला बसेको भएतापनि पतिदेवका पिताको अत्यन्त वियोगको नयाँ घाउको जलनले सताइएर कहाँ जाउँ के गरौं कसको आडभरोसा लिउँ भन्ने भावमा थिइन् । सोही कुरा आफ्ना परिवारद्वारा शास्त्रीजीले पनि बुझ्नु भयो र दयामाया गरी शरण लिनलाई आफ्ना परिवार स्त्री परिवारद्वारा रामनगरका राजा (काशीनरेश) का दरवार वगैचामा रहने बस्ने खाने पिउने गरी "यावज्जीवम्" स्वतन्त्र गराउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठाउनु भयो रे, उनी गुरु बधू पनि आपनै घर र माइति भन्दा पनि आनन्दको अनुभव गरी रहन लागिन् । इच्छा परेको वखत माइत जान पनि पाउने र माइतमा पनि न्यास्रो लागे पुन उहीं रामनगरमा आउने त्यहाँ पनि कहाँ जाऔं कसो गरौं भनि छट्पटि आएमा द्रविडजीका स्त्रीपरिवार जहाँ घुम्न जान्छन् उहीं लैजाने गरी दिल बहलाउने पाउने गरी आनन्द दिएका छन् रे । त्यहाँबाट निज गुरुवधूको जीवन लीला के कस्तो भयो सो थाहा पाउनेले कथा थप्न सक्नु हुन्छ अब यो जानेको बुझेको सुनेको घटना यति सम्म मात्रै उल्लेख भयो ।

बुद्धिविनोद-प्रश्नोत्तर

प्रश्न:- कहाँ छ वैकुण्ठ कहाँ छ रौरव,
विचार को गर्दछ कर्मको सब ।
यथार्थमा तत्त्व छ शास्त्रको कुन,
तँलाइ मालुम् छ कि यो कुरा मन ॥

उत्तर:- मनै छ वैकुण्ठ मनै छ रौरव,
स्वकर्म जाँच्ने पनि हो त्यही सब ।
नि:स्वार्थता सर्वहितैषिता प्रमा,
हुन् शास्त्रका तत्त्व कुरा यथार्थमा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निशाफ गर्ने प्रक्रियामा अनुमानको भूमिका

प्रा. विद्यानाथ उपाध्याय

मानव जीवनमा अनुशासनको ज्यादै ठूलो महत्त्व छ । जीवनको हरेक क्षेत्रका सानोदेखि लिएर जटिल भन्दा जटिल विषयको लागि मानवले अनुमानका सहायताले समाधान गरिरहेको हुन्छ । खास गरी अदालतमा त यौटा न्यायाधीशले सधैं निसाफ गर्दा अनुमानलाई पनि आधार बनाएको हुन्छ । कसैले अपराध गरेकै हो भनेर सजाय दिने वा कसैलाई आरोपमुक्त गराउन माफी दिने जस्तो महत्त्वपूर्ण कार्यहरुमा अनुमानले निर्वाह गरेको भूमिकाले यसको सर्वाधिक महत्वलाई स्पष्ट पार्दछ ।

नेपाल अधिराज्यको प्रमाण ऐन २०३१ को दफा ६ का (क) देखि (च) सम्म अदालतले अनुमान गर्ने कुराहरु र दफा ७ (क), (ख) र (ग) मा अदालतले अनुमान गर्न हुने कुराहरुको विशेष उल्लेख गरिएको छ । पक्ष र विपक्षले व्यक्त गरेको कुराहरु मौकामा व्यक्त गरेको कुरा, साक्षीले बोलेका कुराहरु एवं अन्य प्रमाणबाट अनुमानद्वारा नै कोही दोषी वा निर्दोष प्रमाणित हुन्छ । यसैले अनुमानको सर्वाधिक प्रयोग क्षेत्र अदालत नै पर्दछ ।

तर अनुमान त्यसै हुन्न । यसका विशिष्ट आधारहरु हुन्छन् र यसको आफ्नै यौटा प्रक्रिया हुन्छ । आधार जति दरो हुन्छ र प्रक्रिया जति पुगेको हुन्छ अनुमान त्यति नै प्रमाणित हुन्छ । यस्तो अनुमानका आधारमा गरिएको निर्णयमा दोष रहँदैन र निसाफ सफा हुन्छ ।

अनुमान प्रत्यक्ष पूर्वक अर्थात् प्रत्यक्षका आधारमा हुने अप्रत्यक्ष वस्तुको ज्ञानलाई भन्दछन् । प्रत्यक्ष भन्नाले आँखा, नाक, कान, जिब्रो र छाला यी पाँच इन्द्रियहरूले सोझैं थाहा पाउने ज्ञान भन्ने बुझिन्छ । हुन त सुख-दुःख आदिको मनले गर्ने ज्ञान पनि प्रत्यक्ष भित्र पर्दछ भन्ने विचार न्यायशास्त्रीहरूको छ तापनि मन आन्तर इन्द्रिय (भित्री इन्द्रिय) भएकाले यसबाट हुने सुख, दुःख आदिको ज्ञान स्वसंवेद्य (आफैंले मात्र थाहा पाउने) भएको हुँदा प्रस्तुत लेखको विचार क्षेत्रभित्र पर्नाले यतापट्टि ध्यान दिइएको छैन आंखा, नाक, कान, जिब्रो र छाला चाहिं वाहिरी इन्द्रिय हुन् । यिनीहरुले थाहा पाउने रूप, गन्ध, शब्द रस र स्पर्श आफूले थाहा पाए सरह अरुले पनि थाहा पाउन सक्ने हुँदा निसाफका निमित्त प्रमाण लिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने वस्तुहरू भित्र पर्न सक्तछन् । नेपाल प्रमाण ऐन २०३१ का परिच्छेदहरुमा लिखित प्रमाण शीर्षक अन्तर्गत र परिच्छेद ७ मा मौखिक प्रमाण शीर्षक अन्तर्गत निसाफ गर्दा प्रमाणका रूपमा लिन सकिने कुराहरू तोकिएका छन् । यिनै कुरा निसाफ गर्दा न्यायकर्ताले गर्ने अनुमानका आधार हुन् । यी माथि बताइए बमोजिम प्रत्यक्ष हुनुपर्दछ । यी प्रमाण जति ठीक भए उति निसाफ गर्दा गरिने अनुमान प्रमाणित हुन्छ र निसाफ ठीक हुन सक्दछ ।

अनुमानको निरूपण न्यायशास्त्रमा बडो विश्लेषणात्मक ढंगबाट गरिएको पाइन्छ । खासगरी नव्यन्यायशास्त्रले त यसैलाई प्रधानता दिएर ठूला ठूला साहित्यको निर्माण गरेको छ । अनुमानबारे जान्न यसका आधारभूत पारिभाषिक शब्दावलीको ज्ञान हुनु आवश्यक छ -

१. **साध्य** - जुन कुरा सिद्ध गर्नु छ - त्यही साध्य हो ।

२. **हेतु** - जेको आधारमा साध्य सिद्ध गरिन्छ, त्यही हेतु हो ठीक ठीक हेतु जसको आधारमा साध्य सिद्ध हुन्छ, साध्य सिद्ध नहुने कुनै सम्भावना रहदैन त्यो सद्धेतु हो । हेतु जस्तै देखिने अभाव सिद्ध हुन जाने हेतु असद्धेतु हो । यसलाई हेत्वाभास (हेतुको आभास) पनि भनिन्छ ।

३. **पक्ष** - जहाँ साध्य सिद्ध गर्नु छ, त्यो स्थान, वस्तु वा व्यक्ति पक्ष हो । पक्षमा साध्य पहिलेदेखि सिद्ध हुँदैन, संदिग्ध हुन सक्छ । तर जहाँ साध्य निश्चित सिद्ध भैसकेको हुन्छ, त्यो पक्ष हो । फेरि जहां साध्यको अभाव पहिलेदेखि नै निश्चित हुन्छ त्यो विपक्ष हो ।

४. **उदाहरण** - प्रस्तुत हेतुका आधारमा पहिलेदेखि नै साध्य सिद्ध भैसकेको स्थान, वस्तु वा व्यक्ति उदाहरण हो । यसैलाई निदर्शन पनि भनिन्छ । अदालतको भाषामा यसलाई नजीर पनि भन्दछन् । उदाहरण दुइ प्रकारका हुन्छन् अन्वयी उदाहरण र व्यतिरेकी उदाहरण । हेतुका आधारमा साध्य पहिले नै सिद्ध भैसकेको स्थान, व्यक्ति वा वस्तु अन्वयी उदाहरण हो र त्यो हेतु नभएको आधारमा साध्य सिद्ध कहिल्यै नहुने वा साध्यको अभाव सिद्ध हुने स्थान, वस्तु वा व्यक्ति व्यतिरेकी उदाहरण हो ।

५. **पक्षधर्मताज्ञान** - पक्षमा हेतु छ भन्ने प्रत्यक्षात्मक भावलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षधर्मताज्ञान भनिन्छ । अदालतमा कुनै व्यक्तिमाथि लागेको आरोप सिद्ध गर्न वा त्यसबाट निजलाई मुक्त गर्न जुन प्रमाण दिइन्छ, त्यो सर्वप्रथम आरोप लागेको व्यक्तिकै सम्बन्धमा लागू हुने र त्यसैलाई पुष्ट गर्न वा त्यो आरोप मिथ्या हो भनी प्रमाणित गर्न सक्ने प्रकृतिको हो भने मात्र त्यस मुद्दामा प्रमाण लिन हुने हुन्छ ।

नेपाल प्रमाण ऐन २०२१ को परिच्छेद ३ मा प्रमाण लिन हुने र नहुने कुराहरु शीर्षक अन्तर्गत दफा ८ देखि २३ सम्म प्रमाण लिन हुने कुराहरु किटान भएको कुरा यसै तथ्य संग सम्बद्ध छ । जुन प्रमाणका आधारमा कसैको आरोप सिद्ध हुन्छ वा उ त्यस आरोपबाट मुक्त हुन्छ, त्यो प्रमाण त्यसै व्यक्तिमा त्यसै आरोपसंग सम्बद्ध भएर लागू हुन्छ भन्ने ज्ञान नै पक्षधर्मताज्ञान हो । यो लागु नभै कुनै पक्ष वा विपक्षले आफ्नो तर्फबाट गरेको अनुमान प्रमाणित हुन सक्दैन । न कुनै न्यायकर्ताले नै निसाफ गर्दा केही अनुमान गरी ठहर गर्न सक्दछ । यसैले यो ज्ञान अनुमानको प्रथम आधार हुन्छ ।

६. **व्याप्तिज्ञान**– कुनैपनि अनुमानको अर्को प्रमुख आधार हो व्याप्तिज्ञान । साध्य सिद्ध गर्न न सक्ने वा साध्यको अभाव सिद्ध गरिदिने खालको प्रस्तुत हेतु होइन भन्ने ज्ञान नै व्याप्तिज्ञान हो र यस्तो हेतु व्याप्य हुन्छ अर्थात् व्याप्तिको आश्रय हुन्छ ।

अदालतले कुनै व्यक्ति माथि लागेको आरोप सिद्ध गर्न वा त्यसबाट निजलाई मुक्त गराउन जुन कुरा सिद्ध गर्नु छ त्यसलाई सिद्धै गर्न नसक्ने वा त्यसको उल्टो सिद्ध गर्ने कुराको अभावलाई सिद्ध गरि दिने खालको प्रस्तुत प्रमाण होइन भन्ने ज्ञान न्यायकर्तालाई उसले कुनै कुरा अनुमान गर्नु भन्दा पहिले हुन आवश्यक छ । यही व्याप्तिज्ञान हो । अनि त्यही प्रमाण चाहिं व्याप्य हुन्छ ।

७. **परामर्श** – व्याप्ति विशिष्ट पक्षधर्मताज्ञान नै परामर्श हो । भनाईको अर्थ हो जुन हेतु साध्य सिद्ध गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ, त्यो त्यही साध्य त्यसै पक्षमा सिद्ध न गर्ने अथवा साध्यको अभाव सिद्ध गर्ने खालको होइन, अर्थात् साध्य हो, त्यही हेतु पक्षमा छ भन्ने ज्ञान नै परामर्श हो ।

अदालतमा कुनै व्यक्तिमाथि आरोप सिद्ध गर्न अथवा निजलाई त्यसबाट मुक्त गराउन न्यायकर्ताहरु समक्ष जुन प्रमाण प्रस्तुत गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ त्यो प्रमाण आरोपवाला व्यक्तिमा लागू हुन्छ र निजका विषयमा सिद्ध गर्न खोजिएको कुरालाई सिद्ध गर्न सक्दछ अथवा सिद्ध गर्न खोजिएको कुराको अभाव सिद्ध गर्दैन भन्ने ज्ञान न्यायकर्तालाई हुनु पर्दछ । यही परामर्श हो । यो ज्ञान न्यायकर्ताको अन्तमा अनुमान गर्ने ठहरको आधार हुन्छ ।

वास्तवमा अनुमानको मूल आधार व्याप्तिज्ञान हो, पक्षधर्मता-ज्ञान पनि हो । व्याप्तिज्ञानले परामर्श गराएर अनुमान गराउँछ । यसैले अनुमानको कारण व्याप्तिज्ञान हो भने परामर्श द्वार हो ।

अनुमानकर्तालाई पहिले पक्षमा हेतु छ भन्ने प्रत्यक्ष-ज्ञान हुन्छ । त्यसपछि त्यो हेतु साध्यको अभाव रहने ठाउँमा रहँदैन भन्ने पहिलेदेखि नै भैरहेको व्याप्तिको उसलाई स्मरण हुन्छ । त्यसपछि त्यस्तो व्याप्ति रहेको व्याप्य हेतु पक्षमा छ भन्ने परामर्श हुन्छ । अनि पक्षमा साध्य छ भन्ने अनुमान (अनुमित्यात्मक ज्ञान) हुन्छ ।

अदालतमा सर्वप्रथम न्यायकर्तालाई थाहा हुन्छ - जुन व्यक्तिमाथि आरोप छ त्यसको आरोप सिद्ध गर्न वा त्यसबाट निजलाई मुक्त गर्न जुन जुन प्रमाणहरु दिइएका छन् ती आरोपवाला व्यक्तिसँग सम्बद्ध छन् । त्यसपछि उसलाई पहिलेदेखि नै ज्ञान भैरहेका ती प्रमाणहरु साध्य सिद्ध नगर्ने खालका र साध्यको अभाव सिद्ध गर्ने खालका होइनन् भन्ने व्याप्तिको स्मरण हुन्छ । त्यसपछि त्यस्तो व्याप्तिवाला (व्याप्य) प्रमाण आरोपवालासँग सम्बद्ध छ भन्ने परामर्शात्मक ज्ञान हुन्छ । अन्तमा न्यायकर्ताले अनुमान गर्छ आरोपवाला व्यक्ति दोषी छ अथवा दोषमुक्त छ । यही प्रक्रिया हो - अनुमानको, तर स्वार्थानुमानको । आफूलाई हुने अनुमानलाई स्वार्थानुमान भनिन्छ । न्यायकर्ताले निसाफ गर्नुभन्दा पहिले आरोपवाला व्यक्ति त्यसमा दोषी छ अथवा छैन भनी आफैं अनुमान गर्छ, यही स्वार्थानुमान हो । यसैका निम्ति माथिको प्रक्रिया हो ।

अनुमानको अर्को यौटा प्रकार हुन्छ - त्यो हो परार्थानुमान । अर्को व्यक्तिलाई गराइदिने अनुमान । पक्ष वा विपक्षमा मुद्दाको पुर्पक्ष गर्न वारेस भएर वहस पैरवी गर्ने कानून व्यवसायीले आफ्नो निम्ति नभएर न्यायकर्ताको अनुमानका लागि प्रमाणहरु प्रस्तुत गर्छ । यही नै परार्थानुमिति हो । परार्थानुमानमा पांचवटा अवयव वाक्यहरुको प्रयोग हुन्छ । प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन । यी वाक्यहरुको प्रयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै क्रमवाट हुन आवश्यक छ, क्रममा व्यत्यय हुनु (क्रम नमिलिकन प्रयोग हुनु) हुँदैन । यिनै वाक्यहरुको प्रयोगलाई न्याय पनि भन्छन् । यी मध्ये-

१. **प्रतिज्ञा** - पक्षमा साध्य छ भन्ने ज्ञान ।

२. हेतु - पक्षमा हेतु भएको हुनाले भन्ने ज्ञान ।

३. **उदाहरण** - हेतु जहां जहां छ त्यहां त्यहां साध्य पनि हुन्छ, जस्तै सपक्ष भन्ने ज्ञान ।

४. **उपनय** - त्यस्तै व्याप्य हेतु सपक्षमा भएजस्तै पक्षमा पनि छ भन्ने ज्ञान ।

५. **निगमन** - त्यसकारण पक्षमा साध्य छ भन्ने ज्ञान (निष्कर्ष) ।

अदालतमा आरोप लगाउने पक्ष सर्वप्रथम न्यायकर्ता समक्ष आफ्नो पक्ष प्रस्तुत गर्दै पछि आफूले निकाल्ने निष्कर्ष समेतको पूर्वसूचना दिदै प्रतिज्ञा वाक्य बोल्दछ- क दोषी हो । त्यसपछि कसरी "क" दोषी हो भन्ने जिज्ञासा शान्त गर्दै पुनः हेतु वाक्य बोल्दछ - "निजलाई दोषी सिद्ध गर्ने अमुक प्रमाण भएको हुनाले ।" पुनः जिज्ञासा उठ्तछ, अमुक प्रमाण आरोपित व्यक्तिमा लागू हुन्छ भन्दैमा क दोषी कसरी ? यस जिज्ञासाको उत्तर स्वरूप पक्ष पुनः उदाहरण वाक्य बोल्दै नजीर प्रस्तुत गर्दछ "यसभन्दा पहिले पनि फलाना फलाना न्यायालयहरूमा यस्तै प्रकारका मुद्दा चल्दा यस्तै प्रमाण प्रस्तुत भई आरोपित व्यक्तिहरू दोषी ठहरिएर सजायका भागी भएका थिए, नजीर फलाना फलाना हुन् ।" त्यसपछि पुनः प्रश्न उठ्न सक्दछ, पहिले त्यसरी दण्डका भागी भएतापनि प्रस्तुत मुद्दामा यो "क" कसरी दण्डको भागी हुने त ? यसको उत्तरमा पक्ष पुनः उपनय वाक्य बोल्दछ, "यो मुद्दा पनि त्यस्तै नै हो, पहिले यस्तै प्रमाणले दण्ड पाउने व्यक्ति सपक्ष हुन् भने यो "क" चाहिं पक्ष हो ।" पुनः अन्तिम जिज्ञासा उत्पन्न हुन्छ, "उसो भए निष्कर्ष के निक्लन्छ त ?" पुनः यस प्रश्नको उत्तरमा पक्ष निगमन वाक्य बोल्दछ, "त्यसकारण यी प्रमाणहरू यही आरोपित व्यक्ति क मा लागू हुने, यी प्रमाणहरूले निजमाथि लागेको यही आरोप सिद्ध हुने (यी प्रमाणहरूका आधारमा पहिले पनि फलाना फलाना आरोपित व्यक्तिहरू फलाना फलाना अदालतहरुमा दोषी सिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका, यो मुद्दा पनि त्यस्तै नै भएको यी कारणहरुले गर्दा यो आरोपित व्यक्ति "क" दोषी नै ठहरिन्छ ।" यसरी नै यस्तै प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन वाक्यहरूको प्रयोग गरेर प्रतिपक्षी (आरोपित व्यक्ति "क" लाई दोषमुक्त गराउन प्रयास गर्ने पक्ष) ले पनि निजलाई दोषमुक्त गराउन तर्कहरू दिन्छ । फरक केवल यति नै हुन्छ कि प्रतिपक्षले पक्षका प्रमाणहरूलाई काट्दै (पक्षका हेतुलाई हेत्वाभास सिद्ध गर्दै) आरोपित व्यक्तिलाई दोषमुक्त गर्ने खालका प्रमाण प्रस्तुत गर्दछ । नजीर पनि त्यस्तै दिन्छ, अनि निष्कर्ष निकाल्दछ - आरोपित व्यक्ति "क" दोषी हुदै होइन ।" यही परार्थानुमिति हो । पक्ष र विपक्ष दुवैले आ-आफ्ना तर्फबाट न्यायकर्तालाई प्रभावित गर्न न्यायकर्तालाई निसाफ गर्दा गर्नुपर्ने अनुमानका लागि बल प्रदान गर्दछन् । यिनैका आधारमा न्यायकर्ताले छानवीन गरी निष्कर्षात्मक अनुमान गर्दछ र आरोपित व्यक्ति "क" लाई दोषी वा निर्दोष ठहर गर्दछ ।

अनुमानमा साध्यसिद्धिका लागि प्रस्तुत गरेका हेतु पञ्चरूपोपपन्न (पांचवटा गुणले समन्वित) हुनुपर्दछ । पक्षसत्त्व सपक्षसत्त्व विपक्षसत्त्व अवाधितत्व र असत्प्रतिपक्षितत्व यी पांच कुरा रहेको हेतु नै सद्धेतु हुन्छ । भनाईको अर्थ हो - प्रस्तुत हेतु पक्ष - जहाँ साध्य सन्दिग्ध छ, सिद्ध गर्नु छ, त्यसमा रहने, सपक्ष - जहां साध्य निश्चित रूपले रहन्छ त्यसमा पनि रहने, विपक्ष - जहां साध्य कहिल्यै रहदैन त्यसमा नरहने, अवाधित- साध्यको अभाव सिद्ध नगर्ने, असत्प्रतिपक्षित- साध्यको अभाव सिद्ध गर्ने अर्को हेतुले काट्न नसक्ने खालको हुनुपर्दछ । यस्तो हेतुमात्र सद्धेतु हुन्छ र यस्ता हेतुले मात्र साध्य सिद्ध हुन सक्दछ ।

अदालतमा चलेको मुद्दामा आरोपित व्यक्तिमाथि लागेको आरोप सिद्ध गर्न पक्षले अथवा निजलाई दोषमुक्त गराउन विपक्षले प्रस्तुत गरिने प्रमाण **पक्ष**- जसमाथि आरोप लागेको छ त्यसैसंग सम्बद्ध वा त्यसैमा लागू हुने, **सपक्ष**- पहिले पहिले अन्य अदालतहरूमा चलेका यस्तै मुद्दामा प्रस्तुत यस्तै प्रमाण त्यसबेलाका सम्बद्ध आरोपित व्यक्तिसंग सम्बद्ध भएको वा निजमा लागू भएको, जसलाई प्रस्तुत मुद्दामा पनि नजीर दिन सकिने हुन्छ, **विपक्ष**- पक्षले प्रस्तुत गरेको प्रमाण आरोपित व्यक्तिलाई दोषमुक्त गराउने एवं विपक्षीले प्रस्तुत गरेको प्रमाण आरोपित व्यक्तिमा दोष सावित गर्ने खालको नभएको, **अबाधित**- जुन कुरा आरोपित व्यक्तिमाथि सिद्ध गर्नु छ ठीक त्यसको उल्टो (अभाव) सिद्ध गर्ने खालको नभएको, **असत्प्रतिपक्षित**- पक्षले प्रस्तुत गरेको प्रमाणलाई विपक्षले प्रस्तुत गरेको प्रमाणले र विपक्षले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत प्रमाणलाई पक्षले प्रस्तुत गरेको प्रमाणले काट्न नसक्ने भएको हुनु पर्दछ ।

पक्ष वा विपक्ष यी दुइमध्ये जुन तर्फका प्रमाणहरु यस्ता हुन्छन् तिनीहरुले मात्र आरोपित व्यक्तिमाथि लागेको आरोपबारे निसाफ़ गर्दा गरेको अनुमान प्रामाणिक हुन्छ र तिनीहरुका आधारमा गरिएको निर्णयमा अन्याय पर्दैन, ठीक ठीक निष्कर्ष निस्कन्छ र त्यो अरु त्यस्तै मुद्दाहरुका लागि राम्रो नजीर बन्न सक्दछ ।

अनुमान गर्दा प्रस्तुत हुने सबै हेतु सद्धेतु हुँदैनन् अथवा असद्धेतु पनि हुन्छन् । हेत्वाभास भन्नाले हेतुमा रहने दोष पनि बुझिन्छ । जुन दोष पर्नाले त्यस्तो दोषज्ञान प्रकृत अनुमितिको विरोधी हुन्छ, त्यो दोष हेत्वाभास हो र त्यस्तो दोष गरेको हेतु दुष्ट हेतु अर्थात् असद्धेतु हो । यो पनि हेत्वाभासै हो । भनाइको तात्पर्य हो, हेत्वाभास शब्दको दुइवटा अर्थ छन्- हेतुमा रहने दोष र त्यस्तो दोष परेको दुष्ट हेतु ।

हेत्वाभास मुख्यतया पाँच प्रकारका छन् - व्यभिचार, विरोध, असिद्धि, सत्प्रतिपक्ष र बाध । यी दोष परेका दुष्ट हेतु हुन्- सव्यभिचार, विरुद्ध, असिद्ध, सत्प्रतिपक्षित र बाधित ।

अदालतमा कुनै आरोप सिद्ध गर्न वा आरोपको निराकरणका लागि प्रस्तुत प्रमाण सबै ठीक हुन्छन् भन्ने कुनै निश्चय छैन । ती प्रमाणहरुमा माथि बताइएका दोषहरु पर्न सक्दछन् । कुनै प्रमाणमा व्यभिचार दोष पर्दछ । सिद्ध गर्नुपर्ने कुराको उल्टो साध्यको अभावको पनि सिद्धि गरिदिनुलाई व्यभिचार दोष भन्दछन् । यस्तो हेतु सव्यभिचार अथवा व्यभिचरित हुन्छ । साध्यको अभाव पनि सिद्ध गरिदिने प्रमाणले साध्यमात्र कसरी सिद्ध गर्न सक्ला र ? त्यस्तो प्रमाणका आधारमा आरोपित व्यक्तिलाई दण्ड दिने कसरी ? दण्ड दिंदा अन्याय पनि पर्न नसक्ला र ? त्यस्तैगरी विरुद्ध प्रमाण पनि हेत्वाभास हो । त्यस्तो प्रमाण जसले लगाइएको आरोपको उल्टो आरोप लाग्दै नलाग्ने कुरा प्रमाणित हुन्छ त्यस्तो प्रमाण विरुद्ध भनिन्छ । आरोप सिद्ध गर्न खोज्ने पक्षले झन् आरोप लाग्दै नलाग्ने लागेको पनि हटाइदिने खालको प्रमाण प्रस्तुत गर्न उचित होला र ? त्यस्तैगरी जसमाथि आरोप लगाइएको हुन्छ त्यससंग सरोकारै नभएको अथवा त्यसमाथि लागू नै नहुने प्रमाण असिद्ध प्रमाण हुन्छ, किनभने त्यसमा असिद्धि (स्वरूपासिद्धि) दोष परेको हुन्छ । क आरोपित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति छ, प्रस्तुत गरेको प्रमाण भने त्यससंग सम्बन्धै नभएको छ भने त्यस्तो प्रमाणले क को आरोप कसरी सिद्ध हुने वा निज निर्दोष पनि कसरी साबित हुने ? अर्को दोष हुन्छ बाध । क आरोपित व्यक्ति छ, तर आरोप भने क को हुँदै होइन भने आरोपित व्यक्तिसंग सम्बन्धै नभएको आरोप सिद्ध गर्ने प्रमाण बाधित हुन्छ । त्यस्ता प्रमाणले क माथि आरोप सिद्ध हुन्छ, कसरी ? यौटा दोष छ अर्को- सत्प्रतिपक्ष । हरेक मुद्दामा सत्प्रतिपक्ष दोष परेकै हुन्छ । क माथि पक्षले आरोप लगाउंदा क दोषी हो भनेर । त्यस पक्षले क मा दोष सिद्ध गर्न प्रमाण दिन्छ, त्यो प्रमाण क माथि नै लागू हुन्छ, क माथि नै लागेको आरोपलाई त्यस प्रमाणले सिद्ध गर्दछ, त्यस्ता प्रमाणबाट पहिलेका अदालतहरुले आरोपित व्यक्तिलाई दण्डभागी बनाएको छ भन्ने नजीर दिन्छ, अनि निष्कर्ष निकाल्दछ, क दोषी नै हो । त्यसै गरी क लाई दोषमुक्त गराउने विपक्षले भन्दछ क दोषी होइन । उ दोषी नहुनाको प्रमाण उसले दिन्छ, पक्षले दोषी सिद्ध गर्न दिएको प्रमाणलाई हेत्वाभास सिद्ध गर्दछ । आफ्नो प्रमाण पनि क माथि नै लागू हुन्छ भनी आरोप छुटाउने खालको तर्क दिन्छ, त्यस्ता प्रमाणले पहिलेका अदालतहरुमा आरोप लागेको व्यक्ति मुक्त भएको नजीर दिन्छ, र अन्तमा निष्कर्ष निकाल्दछ- क दोषी होइन । अब यहां पक्ष र विपक्ष दुवैका तर्कहरु प्रमाण छन् । दुवैले अवयव वाक्यहरुको प्रयोग गरेर आफ्ना आफ्ना स्थापनालाई सिद्ध गर्दछन् । तर यौटाका प्रमाणले अर्कोलाई काट्दछ । पक्षको अनुमान हुन नदिन विपक्षले र विपक्षको अनुमान हुन नदिन पक्षले सकभर प्रयास गर्दछ । यस स्थितिलाई सत्प्रतिपक्ष भनिन्छ । अब पालो आउँदछ न्यायकर्ताको । न्यायकर्ताले दुबैका प्रमाण, दुबैका जिरह, नजीर, प्रस्तुतीकरण सबैको अध्ययन गर्दछ, जाँच गर्दछ र यौटा पक्षलाई सत्य ठहराउँदछ । त्यसैको पक्षमा अन्तमा अनुमान गर्दछ । अनि निसाफ हुन्छ । त्यति नहुञ्जेल न्यायको भाषामा अन्यथा प्रमाणित नहुञ्जेल आरोपित व्यक्ति दोषी पनि सिद्ध हुँदैन, दोषमुक्त पनि हुँदैन । निष्कर्षात्मक अनुमान भई निर्णय भएपछि मात्र सत्प्रतिपक्ष दोष हट्दछ ।

यसरी न्यायशास्त्र र कानूनको ज्यादै घनिष्ठ सम्बन्ध छ । शायद त्यसैले नै होला न्याय शब्दले प्राचीन न्याय दर्शन र वर्तमान कानूनी प्रणाली दुवैलाई बुझाउंदछ । वास्तवमा "न्याय" शब्दको अर्थ नै कुनै पनि विवादलाई ठीक ठीक निष्कर्षमा पुऱ्याउनु हो । यही कानूनी प्रणालीको पनि उद्देश्य हो । संसारको कुनै पनि वस्तुलाई हेरौं, कि त्यो उपादेय हुन्छ कि हेय हुन्छ । तर त्यसको उपादेयता वा हेयता सिद्ध गर्न प्रमाणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकता पर्दछ । प्रमाणका कसीमा घोटेरमात्र वस्तुको हेयता वा उपादेयता सिद्ध गरिन्छ । यी प्रमाणहरूमा पनि प्रत्यक्ष त सजिलै छ इन्द्रियहरूद्वारा नै पत्तो लाग्दछ । तर अप्रत्यक्ष वस्तुको पत्ता लगाउन त्यसको उपादेयता वा हेयता पत्ता लगाउन, त्यसवारे "यस्तै" हो भनी निश्चय गर्न अनुमान नै गर्नु पर्दछ । अनुमान पनि खास खास प्रक्रियाबाटै गुज्रेको अनुमान- सद्धेतुले प्रष्ट गरेको अनुमान, न्याय अवयव वाक्यका अधीन अनुमान । यही कुरा न्यायदर्शनमा पनि घट्दछ र अदालतमा पनि । दर्शनमा आत्मा, शरीर, जन्म, मृत्यु, मोक्ष जस्ता कुरा सिद्ध गर्न होस् वा अदालतमा कसैमाथि कुनै आरोप सिद्ध गर्न होस् वा कसैलाई दोषमुक्त गर्नु होस् अनुमानले आफ्नो भूमिका निर्वाह गरेकै हुन्छ । त्यसमा पनि निसाफ गर्ने कानूनी प्रक्रियामा अनुमानले जुन भूमिका खेल्दछ, त्यो ज्यादै महत्त्वपूर्ण छ ।

बुद्धिविनोद-प्रश्नोत्तर

प्रश्न- त्रिकालदर्शी जगतै कँपाउने,
कठै यही ब्राह्मण-वर्ग हो भने ।
दरिद्र कुत्तासरि आज भो किन,
तँलाइ मालुम् छ कि यो कुन मन ॥

उत्तर- सानै छँदामा उपनीत भैकन,
लिएर विद्या-व्रत वा तपोधन ।
पढी गुनी स्नातक भै जगद्-हित,
गर्थे र पो विप्र थिए प्रतिष्ठित ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भुनवकोश विनोद - ४

सह-प्रा. शम्भुप्रसाद ढकाल

पुराणहरु पृथ्वीलाई पानीको सतहमा तैरिएर रहेको छ भनी भन्दछन्, जस्तै- जलमा डुवेकी पृथ्वीलाई वराहावतार भगवान्ले पानीवाट बाहिर निकालेर पानीको सतहमा अड्याएर राखिदिनु भएको थियो - ***"इत्युपस्थीयमानस्तैमुनिभिर्ब्रह्मवादिभिः। सलिले स्वखुराक्रान्त उपाधत्ताविताविनिम् ॥४६॥ स इत्थं भगावानुर्वी विश्वक्सेनः प्रजापतिः । रसाया लीलयोन्नीतामप्सु न्यस्य ययौ हरिः ।" श्रीमद्भागवत ३।१३।४६*** यस कारण पुराण कालका मानिसहरुलाई पृथ्वी गोल आकारको छ र आकाशमा निराधारमा अडेको छ भन्ने कुराको ज्ञान थिएन । यदि पृथ्वी गोल आकारको छ भन्ने कुरा ज्ञान भएको भए ***"यो वायं द्वीपः ... समवर्तुलो यथा पुष्करपत्रम्"*** अर्थात् वलय आकारका प्लक्षादि छ द्वीपहरुले र क्षारोदादि ७ समुद्रहरुले घेरिएर रहेको एक लाख योजन विस्तार (व्यास) भएको पानी माथि तैरिएर रहेको कमलको पात जस्तो सम्म आकारको पृथ्वी छ भनी भन्ने थिएनन् । यस कारण पौराणिक भूगोलको अध्ययन गर्दा पृथ्वीलाई नाड्लो जस्तो सम्म आकारको छ भनेर मान्नु पर्दछ ।

त्यस्तै पुराणकर्ताहरुले विश्व ब्रह्माण्डको अध्ययन गर्दा सुमेरुको मध्य विन्दुलाई मूल आधार मानेर अध्ययन गरेका थिए । त्यसैले हामीले पनि पौराणिक भूगोलको अध्ययन गर्न त्यही सुमेरुमा केन्द्रित भएर अध्ययन मनन गर्नु परमावश्यक छ । त्यसैले अब पूर्वोक्त छ द्वीपहरुको र सात समुद्रहरुको बयान मानौं सुमेरुमा बसेर गरिन्छ ।

जम्बूद्वीपको केन्द्र विन्दु सुमेरु हो र यसको व्यास १ लाख योजन छ । व्यासको तीन गुना स्थूल परिधि हुन्छ । यस कारण जम्बूद्वीपको परिधि ३ लाख योजन छ ।

१. क्षार समुद्र -

जम्बूद्वीपलाई घेरेर रहेको क्षार समुद्रको विस्तार पनि एक लाख योजन नै छ । जम्बूद्वीपलाई केन्द्र विन्दु (सुमेरु) वाट क्षार समुद्रको वाहिरी छेउ सम्मको दूरी १ लाख ५० हज्जार योजन छ । तीन लाख योजन व्यास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको वृत्तको परिधि ९ लाख योजन हुन्छ । यस कारण क्षार समुद्रको परिधि पनि ९ लाख योजन नै हुनु पर्छ ।

२. प्लक्ष द्वीप र इक्षुरसोद समुद्र -

दुई लाख योजन विस्तार भएको इक्षुरसोद समुद्रले घेरिएको प्लक्ष द्वीपको विस्तार पनि दुई लाख योजन नै मानिएको छ । प्रियव्रत राजाका छोरा इध्मजिव्ह, यस द्वीपका अधिपति थिए । यिनले यस द्वीपलाई सात भाग लगाएर आफ्ना शिव, यवयस, समुद्र, शान्त, क्षेम, अमृत र अभय नामका सात भाइ छोराहरुलाई एक एक भागको अधिपति बनाएका थिए । प्लक्ष द्वीपका ती प्रत्येक खण्डहरुमा १-१ ओटा पर्वतहरु र १-१ ओटा नदीहरु पनि छन् भनिएको छ । मणिकूट, वज्रकूट, इन्द्रसेन, ज्योतिष्मान्, सुपर्ण, हिरण्यष्ठीव र मेघमाल नामका सात पर्वतहरु, अरुणा, नृम्णा, आङ्गीरसी, सावित्री, सुप्रभाता, ऋतभरा र सत्यभरा नामका सात नदीहरु हुन् । सुमेरुबाट प्लक्ष द्वीपको बाहिरी छेउ सम्मको दूरी ३ लाख ५० हज्जार योजन छ र इक्षुरसोद समुद्रको छेउ सम्मको दूरी ५ लाख ५० हज्जार योजन छ । यस अनुसार प्लक्ष द्वीपको परिधि २१ लाख योजन र समुद्रको परिधि ३३ लाख योजन जति हुनु पर्छ ।

३. शाल्मली द्वीप र सुरोद समुद्र -

समान विस्तार भएको सुरोद समुद्रले घेरिएको शाल्मली द्वीपको विस्तार ४ लाख योजन मानिएको छ । स्वायंभुव मनुका छोरा प्रियव्रतले यज्ञबाहु नाम गरेका आफ्ना छोरालाई यस द्वीपको अधिपति बनाएका थिए । यज्ञबाहुले यस द्वीपलाई सात भाग लगाए । सुरोचन, सौमनस्य, रमणक, देववर्ष, परिभद्र, आप्यायन र अविज्ञात नाम गरेका सात भाइ छोराहरुलाई क्रमश:१-१ भागको अधिपति बनाएका थिए । हरेक खण्डहरुमा क्रमश: स्वरस, शतशृङ्ग, वामदेव, कुन्द, मुकुन्द, पुष्पवर्ष, सहस्रश्रुति नाम गरेका सात पर्वतहरु र अनुमति, सिनीवाली, सरस्वती, कुहू, रजनी, नन्दा र राका नाम गरेका सात नदीहरु पनि छन् । यस शाल्मली द्वीपको परिधि ५७ लाख योजन छ र सुरोद समुद्रको परिधि ८२ लाख योजन छ ।

४. कुशद्वीप र घृतोद समुद्र-

कुश द्वीप पनि समान विस्तार भएको घृतोद समुद्रले घेरिएको छ । यस द्वीपको विस्तार ८ लाख योजन छ र यसले परिधि १ करोड २९ लाख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योजन जति छ । त्यस्तै घृतोद समुद्रको परिधि १ करोड ७७ लाख योजन छ । यस द्वीपका अधिपति हिरण्यरेताले यस द्वीपलाई सात भाग लगाएर वसु, वसुदान, दृढरुचि, नाभिगुप्त, स्तुत्यव्रत, विविक्त र वामदेव नामका सात भाई छोराहरुलाई १-१ भागको अधिपति बनाएका थिए । हरेक खण्डमा क्रमशः चक्र, चतुःशृङ्ग, कपिल, चित्रकूट, देवानीक, ऊर्ध्वरोमा र द्रविण नाम गरेका १-१ ओटा पर्वतहरु र रसकुल्या, मधुकुल्या, मित्रविन्दा, श्रुतविन्दा, देवगर्भा, घृतच्युता र मन्त्रमाला नाम गरेका १-१ ओटा नदीहरु पनि छन् भन्ने कुराहरुको उल्लेख पुराणहरुमा गरिएको छ । मेरुको माझबाट कुशद्वीपको छेउ सम्मको दूरी २१ लाख ५० हज्जार योजन छ र घृतोद समुद्रको छेउ सम्मको दूरी २९ लाख ५० हज्जार योजन छ ।

५. क्रौञ्च द्वीप र क्षीरोद समुद्र

१६ लाख योजन विस्तार भएको क्षीरोद समुद्रले घेरिएको क्रौञ्चद्वीपको विस्तार पनि १६ लाख योजन नै छ भन्ने कुरा मानिएको छ । यस द्वीपका अधिपति घृतपृष्ठ थिए । यिनले पनि आफ्नो द्वीपलाई ७ भाग लगाएर आम, मधुरुह, सुधामा, भ्राजिष्ठ, लोहितवर्ण र वनस्पति नाम आफ्ना छोराहरुलाई १-१ भागको अधिपति बनाएका थिए । यस द्वीपका प्रत्येक खण्डमा क्रमशः शुक्ल, वर्धमान, भोजन, उपबर्हिण, नन्द, नन्दन र सर्वतोभद्र नामका पर्वतहरु, अभया, अमृतौघा, आर्यका, तीर्थवती, वृत्तिरुपवती, पवित्रवती र शुक्ला नाम गरेका नदीहरु पनि छन् भनिएको छ । मेरुको माझबाट यस द्वीपको छेउसम्मको दूरी ४५ लाख ५० हज्जार योजन छ र परिधि २ करोड ७३ लाख योजन छ । त्यस्तै क्षीरोद समुद्रको छेउ सम्मको दूरी ६१ लाख ५० हज्जार योजन छ र परिधि ३ करोड ६९ लाख योजन छ ।

६. शाकद्वीप र दधिमण्डोद समुद्र –

समान विस्तार ३२ लाख योजन भएको दधिमण्डोद समुद्रले घेरिएको शाकद्वीपका मेधातिथि नाम गरेका अधिपति थिए । यिनका पनि पुरोजव, पवमान, धूम्रानीक, चित्ररेफ, बहुरुप र विश्वधार नामका सात भाइ छोराहरु थिए । यस द्वीपमा पनि सात पर्वतहरु र सात नदीहरु छन् भनिएको छ । मेधातिथिले पनि दाज्यूहरुले जस्तै गरेर आफ्नो द्वीपलाई सात भाग गरी आफ्ना छोराहरुलाई १-१ भागको अधिपति बनाएका थिए । प्रत्येक खण्डमा क्रमशः ईशान, उरुशृङ्ग, बलभद्र, शतकेशर, सहस्रस्रोत,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवपाल र महानस नाम गरेका पर्वतहरु र अनघा, आयुर्दा, उभयस्पृष्टि, अपराजिता, पञ्चपदी, सहस्रश्रुति र निजधृति नाम गरेका नदीहरु पनि छन् । सुमेरुको केन्द्रदेखि यस द्वीपको छेउ सम्मको दूरी ९३ लाख ५० हज्जार योजन छ र यसको परिधि ५ करोड ६१ लाख योजन छ । त्यस्तै दधिमण्डोद समुद्रको छेउ सम्मको दूरी १ करोड २५ लाख ५० हज्जार योजन छ र परिधि ७ करोड ५३ लाख योजन छ ।

७. पुष्कर द्वीप र स्वादूदक समुद्र –

जम्बुआदि सात द्वीपहरुमा सबै भन्दा बाहिर परिकल्पना गरिएको पुष्कर द्वीपको वरिपरि समान विस्तार भएको स्वादूदक नाम गरेको समुद्र छ । यस द्वीपका अधिपति वीतिहोत्रले यस द्वीपलाई दुई भाग लगाएर रमणक र धातकि नाम गरेका दुई छोराहरुलाई १-१ भागको अधिपति बनाएका थिए । यस द्वीपको विस्तार ६४ लाख योजन छ । मेरुको केन्द्रदेखि यसको छेउ सम्मको दूरी १ करोड ८९ लाख ५० हज्जार योजन छ र यसको परिधि ११ करोड ३७ लाख योजन जति छ । त्यस्तै स्वादूदक समुद्रको छेउमा सम्मको दूरी २ करोड ५३ लाख ५० हज्जार योजन छ र परिधि १५ करोड २१ लाख योजन छ (योजन ४ कोश मानिन्छ) ।

पञ्जिका

द्वीप वा समुद्र	विस्तार	अधिपति
१ क्षार समुद्र	१ लाख	
२ प्लक्षद्वीप	२ लाख योजन	इध्मजिह
३ इक्षुरसोद समुद्र	२ लाख योजन	
४ शाल्मली द्वीप	४ लाख योजन	यज्ञबाहु
५ सुरोद समुद्र	४ लाख योजन	
६ कुशद्वीप	८ लाख योजन	हिरण्यरेता
७ घृतोद समुद्र	८ लाख योजन	
८ क्रौञ्चद्वीप	१६ लाख योजन	घृतपृष्ठ
९ क्षीरोद समुद्र	१६ लाख योजन	
१० शाकद्वीप	३२ लाख योजन	मेधातिथि
११ दधिमण्डोद समुद्र	३२ लाख योजन	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२ पुष्कर द्वीप	६४ लाख योजन	वीतिहोत्र
१३ स्वादूदक समुद्र	६४ लाख योजन	

८. मानसोत्तर पर्वत र सूर्यभ्रमण मार्ग

पुष्कर द्वीपको बीचमा १० हज्जार योजन अग्लो त्यति नै विस्तार भएको एउटा मानसोत्तर नामक पर्वतको परिकल्पना गरिएको छ । यस पर्वत माथि प्रतिदिन ९ करोड ५१ लाख योजनको दैनिक गतिका दरले सूर्यको रथ घुमिरहन्छ *"एवं नवकोट्य एकपञ्चाशल्लक्षाणि योजनानां मानसोत्तरगिरिपरिवर्तनस्योपदिशन्ति" श्रीमद्भावगत ५।२१।७ ।*

यसरी परम श्रद्धेय महर्षि व्यासजीले विभिन्न पुराणहरुमा जम्बू आदि सात द्वीपहरुको र क्षारोदादि सात समुद्रहरुको बारेमा विस्तृत रुपमा वयान गर्नुभएको छ ।

व्यासजीले सूर्यकक्षाको मान ९ करोड ५१ लाख योजन छ भनी भन्नु भएको छ, यस सम्वन्धमा यहाँ अलिकति चर्चा गरिन्छ ।

पुष्कर द्वीपको विस्तार ६४ लाख योजन मानिएको छ । मेरुको मध्यवाट यस द्वीपको माझ सम्मको दूरी १ करोड ५७ लाख ५० हज्जार योजन छ । त्रिज्या×६ गुना स्थूल परिधि हुने हुँदा १५७५०००० को ६ गुना ९४५००००० अर्थात् ९ करोड ४५ लाख योजन हुन्छ । यदि मेरुको केन्द्रदेखि पुष्कर द्वीपको माझमा अवस्थित मानसोत्तर पर्वत सम्मको दूरी १ करोड ५८ लाख ५० हज्जार योजन मान्ने हो भने व्यासजीले भनेको परिधि तुल्य मान आउँछ । जस्तै १५८५००००x६=९५१००००० । यसवाट के सिद्ध हुन्छ भने व्यासजीले मेरुको केन्द्रदेखि मानसोत्तर पर्वत माथि घुम्ने सूर्यको कक्षा सम्मको दूरी १५८५०००० योजन मान्नु भएको थियो ।

स्वादूदक समुद्रदेखि परतिर रहेका ठाउँहरु .

स्वादूदक समुद्रदेखि पर १५७५०००० योजन विस्तार भएको एउटा भूमि छ । यस ठाउँमा प्राणिहरू पनि छन् भनिएको छ । मेरुको केन्द्रदेखि यस भूमिको छेउ सम्मको दूरी ४११००००० योजन छ । त्यस भूमिदेखि पर ऐना जस्तै समतल भूमि भएको एउटा स्वर्णमयी भूमि छ रे । यस भूमिलाई देवताहरुको खेल्ने भूमि हो भनी मानिएको छ । यस ठाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरु वाहेक कोही पनि जान सक्दैन रे । *"यावन्मानसोत्तरमेर्वोरन्तरं तावती भूमिः काञ्चन्यन्यादर्शतलोपमा यस्यां प्रहितः..... ।" श्रीमद्भागवत ५।२०।३५* यस स्वर्णमयी भूमिको विस्तार ८३९००००० योजन मानिएको छ । मेरुको क़ेन्द्रवाट यसको छेउ सम्मको दूरी १२५०००००० योजन हुन्छ । यस भन्दा पर लोकालोक नामक पर्वत छ भनिएको छ । यस लोकालोक पर्वतको विस्तार पनि १२५०००००० योजन नै मानिएको छ । यस अनुसार मेरुको केन्द्रबाट लोकालोक पर्वतको बाहिरी छेउ सम्मको दूरी २५०००००० योजन हुन आउँछ । *"अण्डमध्यगतः सूर्यो द्यावाभूम्योर्यदन्तरम् । सूर्याण्डगोलयोर्मध्ये कोट्यः स्युः पञ्चविंशतिः ॥ ५।२०।४३ ॥*

यहाँ लोकालोक पर्वत भन्नाले लोक पर्वत र अलोक पर्वतको परिकल्पना गरिएको जस्तो बुझिन्छ । काञ्चनी भूमिको समाप्ति लोक पर्वतको र काञ्चनी भूमिबाट १२५०००००० योजन पर यसैको भित्रतिर अलोक पर्वतको परिकल्पना गरिएको हुनुपर्छ । अलोकाचल भन्दा पर सूर्यको किरण पुग्न नसक्ने हुनाले सधैं अध्याँरो मात्र रहेको हुन्छ । पुराणहरुमा यसै अलोक पर्वत भित्रको ठाउँलाई नै भूगोलको संज्ञा दिइएको छ । *"एतावाँल्लोकविन्यासो मानलक्षणसंस्थाभिर्विचिन्तितः । कविभिः स तु पञ्चाशत्कोटिगणितस्य भूगोलस्य तुरीयभागोऽयं लोकालोकाचलः ॥५।२०।३८ श्रीमद्भागवत ।*



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि प्रस्तुत क्षेत्रमा य र ल व ले निर्देशित वृत्तक्षेत्र जम्बूद्वीप हो । त्यसभन्दा बाहिरको वलय क्षेत्रमा क्षारोदादि छ समुद्रहरु र प्लक्षादि पाँच द्वीपहरु छन् । त्यस भन्दा बाहिर रहेको क च ध म द्वारा निर्देशित वलय क्षेत्र पुष्कर द्वीप हो । जुन द्वीपमाथि सूर्य क च ध म भएर घुमिरहन्छन् । त्यस भन्दा बाहिर रहेको स त प न वलय क्षेत्र स्वादूदक समुद्र हो । त्यस भन्दा बाहिरको ग ज द ह ले निर्देशित वलय क्षेत्र एउटा अतिरिक्त भूमि हो । पुराणहरुमा त्यस भूमिको नाम दिइएको छैन । त्यस भन्दा पनि पर रहेको अ इ उ ए वलय क्षेत्र काञ्चनी भूमि हो । पुराणहरुले यस भूमिलाई देवताहरुको खेल्ने भूमि भनेका छन् । त्यस भन्दा पनि अझ पर रहेको ट ठ ड ढ क्षेत्र लोकालोक पर्वत रहेको क्षेत्र हो । त्यस क्षेत्र भन्दा पर सूर्यको किरण पुग्न सक्दैन । यहाँसम्म केवल पुराणहरुमा उल्लेख भएका कुराहरु माथि आधारित भएर पौराणिक भूगोलको बारेमा उल्लेख भयो । अब पुराणहरुका अनुसार सूर्यलाई गतिमान् मान्दा आकाशमा पर्न जाने अनौठो किसिमको स्थितिको वारेमा यहाँ अलिकति चर्चा गरिन्छ ।

तेजोवान् सूर्यको तेजको पनि सीमा छ । त्यस सीमाभन्दा पर सूर्यको किरण पुग्न सक्दैन । सूर्य भकुण्डो जस्तो गोल आकार भएकोले यसबाट निस्केको किरण सूर्यको तिर केही दूरी पर पुगेर गोल आकाशमा नै टुङ्गिएको हुन्छ । त्यस भन्दा पर जतातते अँध्यारै अँध्यारो हुन्छ । हामीहरुले पृथ्वीमा बसेर जति ग्रहहरुको वारेमा जानकारी पाएका छौं ती सबै ग्रहहरु हाम्रो सूर्यको बनाएको उज्यालो ठाउँ भित्र रहेका ग्रहहरु हुन् । पुराण कर्ताहरूले सूर्यको किरण सूर्यबाट २३,४२,५०,००० योजन पर सम्म पुगेको छ भनी मानेका छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य मेरुलाई केन्द्र मानेर पुष्कर द्वीप माथि निरन्तर घुमिरहन्छन् । जस्तै माथि प्रस्तुत क्षेत्रमा "ख" देखि "ग" सम्म रहेको भूमि लोकालोक पर्वत रहेको भूमि हो । क च घ म सूर्यकक्षा हो । "क" ठाउँमा सूर्य हुँदा अ प ग त भित्रको ठाउँमा मात्र उज्यालो हुन्छ "क" ठाउँवाट "च" ठाउँमा सूर्य पुग्दा य स इ र भित्र परेको भागमा मात्र उज्यालो हुन्छ । एवं सूर्य "च" ठाउँवाट "घ" ठाउँमा पुगे पछि "ख त ल प" परिधिभित्र परेको ठाउँमा मात्र उज्यालो हुन्छ । सूर्य आफ्नो कक्षामा घुम्दै "म" बिन्दुमा पुगे पछि "व र उ स" वृत्तभित्रको ठाउँमा मात्र उज्यालो हुन्छ । तर यहाँ "अ इ ख उ" वृत्तभित्र भने सधैं नै उज्यालो भइरहन्छ । यस कथनबाट हामीलाई के कुराको ज्ञान भयो भने लोकालोक वलय भूमिभित्र भने २४ घण्टामा कहिले उज्यालो र कहिले अँध्यारो भइरहने रहेछ । पृथ्वीद्वारा नै सूर्य छेकिएर पृथ्वीमा रात दिन हुन्छ भने लोकालोक वलयभित्र सूर्य नजीक पुग्दा उज्यालो हुने र टाढा पुग्दा अँध्यारो हुने रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । अर्थात् मानौं कि विहान ६ बजे "क" ठाउँमा रहेको सूर्यको किरण "ग" बिन्दुसम्म पुगेको हुन्छ भने साँझ ६ बजे "घ" बिन्दुमा पुगेको सूर्यको किरण "ख" बिन्दुसम्म मात्र पुगेको हुन्छ । बिहान ६ बजे "ख" देखि "ग" सम्मको जम्मै भाग उज्यालो थियो भने बेलुका ६ बजे त्यो सम्पूर्ण खण्ड अँध्यारोमा परेको हुन्छ । लोकालोक वलयभित्र सधैं नै यस्तो स्थिति परि नै रहेको हुन्छ । यहाँ सधैं उज्यालो भइरहने वलयको सीमा बाहिर लोक पर्वत र लोकालोक वलयको बाहिरी सीमा भित्र अलोक पर्वत मान्नु ज्यादै नै राम्रो हुने छ । पुराणहरुमा उल्लेख गरिएको ब्रह्माण्ड यही ग य ल व परिधि भित्र रहेको ठाउँको नाम हो । यस ब्रह्माण्डको व्यासको मान ५० करोड योजन छ भनी मानिएको छ । ५० करोड योजन व्यास भएको वृत्तको ज्यादै स्थूल परिधि १५० करोड योजन हुन्छ भने ज्यादै नै सूक्ष्म परिधि १५७ करोड योजन जति हुन्छ । यही हो अनौठो स्थिति ।

यस्ता प्रकारले पुराणहरूमा ब्रह्माण्डको वारेमा चर्चा परिचर्चा गरिएको छ । यस लेखमा ब्रह्माण्ड भित्रका कुराहरूलाई पुराणहरूको आशय अनुसार नै उल्लेख गर्ने जमर्को गरिएको छ । किनभने पौराणिक भूगोलको वारेमा ज्ञान गर्न पुराणहरुकै आधारमा अध्ययन र मनन गर्नु परमावश्यक हुन्छ । यस सम्वन्धमा अलिकति कुराको उल्लेख पहिले नै गरिसकिएको
छ । अर्थात् पुराणहरुमा स्थूल रुपमा भूगोलको अध्ययन गरिएको छ । जस्तै- डल्लो पृथ्वीलाई सम्म मानेर सम्पूर्ण कुराहरुको वारेमा अध्ययन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनन र चिन्तन गरिएको छ । यसरी अध्ययन गर्दा वास्तविकतामा त्यति धेरै अन्तर त पर्दैन । विषयवस्तुलाई बुझाउँदा स्थूल पक्ष नै सरल र व्यवहारोपयोगी हुन्छ । त्यसैले होला पुराणकर्ताहरुले स्थूल पक्षको नै अनुसरण गरेका छन् । जस्तो कि पुराणहरुका अनुसार भूकेन्द्रबाट सूर्यकेन्द्र सम्मको दूरी १५७५०००० योजन र भूत्रिज्या ५०००० योजन मानेका छन् । यी दुई कुराको वर्गयोग गरेर मूल लिंदा पृथ्वीको पृष्ठ स्थानबाट सूर्यकेन्द्र सम्मको दूरी आउँछ = (१५७५००००)२ + (५००००)२

= २४८०६२५००००००० + २५००००००००

= २४८०६५०००००००००

यसको मूल लिंदा = १५७५००७९ आउँछ ।

यहाँ पृष्टदृष्टि सूत्र र गर्भदृष्टिसूत्रको अन्तर केवल ७९ योजन मात्र हुन्छ । यसकारण पौराणिक भूगोलको अध्ययन गर्दा विषय वस्तुलाई भाँचकुँच पारेर गणेशको मूर्ति बनाउँदा वाँदरको मूर्ति बनेको जस्तो गर्नु राम्रो हुदैन ।

पुराणहरुका अनुसार हाम्रो ब्रह्माण्डलाई चार तिरबाट चार ओटा हात्तीहरुले रक्षा गरेर राखेका छन् यस ब्रह्माण्डको पूर्वमा ऋषभ नाम गरेको हात्ती छ । दक्षिणमा पुष्करचूड, पश्चिममा वामन र उत्तरमा अपराजित नाम गरेका हात्तीहरु छन् । सृष्टिकर्ता ब्रह्माले ब्रह्माण्डको संरक्षणको लागि नियुक्त गरेर राखिएका ती हात्तीहरु हाम्रा यहाँका जस्ता हात्तीहरु होइनन् । ती हात्तीहरुलाई हामीहरुका चर्मचक्षुले देख्न पनि सक्दैनन् । ती हात्तीहरुलाई देख्न तेश्रो ज्ञान चक्षु खोलेर हेर्नु पर्छ अनि मात्र देख्न सकिन्छ ।

* * *

बुद्धिविनोद-प्रश्नोत्तर

- प्रजा धरामा धरणी फणीशमा, फणीश पानीवीच पानी हो कहाँ ।
  मिलेन विश्रान्ति जवाफ हो कुन, तँलाइ मालुम् छ कि यो कुरा मन ॥

- यहाँ छ आधार परम्परा जुन, त्यो हो धराको क्रम-सृष्टि-सूचन ।
  भू-पिण्ड-सृष्टि-क्रमले प्रपञ्चित, धरा निराधार छ वेद-वर्णित ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक परम्परा : एक विहङ्गम दृष्टि

सहा. प्रा. स्थानेश्वर तिमल्सिना

तत्त्व तथा मन्त्र सहितका विभिन्न पदार्थहरुको विस्तार गरी प्राणीमात्रको रक्षा गर्ने शास्त्रलाई तन्त्र भनिन्छ (द्विवेद: १९८३: २०३) । "सिद्धान्तको पर्यायको रुपमा पनि यसलाई लिइन्छ । (शास्त्री १९८२: ६०३) शैव सम्प्रदायमा शास्त्रबोधक "आगम" "संहिता" तथा "तन्त्र" को प्रयोग प्रधानतया भएको देखिन्छ । शिवका "चित्-आनन्द-इच्छा-ज्ञान-क्रिया" शक्ति पाँच मुखका रूपमा प्रकट हुँदा "सदाशिव" स्थितिमा द्वैत-द्वैताद्वैत तथा अद्वैत शास्त्रको विस्तार हुन्छ । शिवका ईशान-तत्पुरुष तथा सद्योजात मुखबाट उत्पन्न हुन लाग्दा उत्पन्न भएको अवस्थाबाट तथा तीन मुखमा परस्पर अन्य दुई वक्त्र जोडिएर र सबै मुखको समष्टिबाट दशवटा द्वैत शैवागम उत्पन्न हुन्छन् । यसमा नै वामदेव तथा अघोर मिल्दा अठार द्वैताद्वैत रौद्रागम उत्पन्न हुन्छन् । अद्वयस्वरुप शिवशक्ति-संघट्ट तथा योगिनीमुख दक्षिणवक्त्रमा प्रत्येक उत्पन्न हुन लाग्दा, उत्पन्न हुँदा, तिरोहित हुन लाग्दा तथा तिरोहित हुँदाका अवस्था गुणित हुँदा सोह्र भेद हुन्छन् । यसमा दक्षिण (अघोर) बाहेक अन्य चार मुखहरु परस्परमा मिल्न जाँदा चौसठ्ठी अद्वय भैरवागम उत्पन्न हुन्छन् (कौल १९१८:१४) । कामिक-योगज-चिन्त्य-कारण-अजित-सुदीप्त- सूक्ष्म-सहस्र-सुप्रभेद-अंशुमान् दश शैवागम हुन् । विजय-निश्वास-स्वायम्भुव-वाथुल-वीरभद्र-रौरव-माकुट-विरस-चन्द्रहास-ज्ञान-मुखविम्व-प्रोद्गीत-ललित-सिद्ध-सन्तान-सर्वोद्गीत-किरण तथा पारमेश्वर अठार रौद्रागम हुन् । चौसठ्ठी भैरवागमहरू आठवटा अष्टकमा विभक्त छन् । ती हुन्- भैरवाष्टक-यामलाष्टक- मताष्टक-मंगलाष्टक- चक्राष्ठक- शिखाष्टक- बहुरूपाष्टक तथा वागीशाष्टक । यसमा श्रीकण्ठी संहिताका, वामकेश्वर तन्त्रका लक्ष्मीधर सम्मत, वामकेश्वर व्याख्यामा भास्कररायसम्मत, सर्वोल्लास तन्त्रमा उद्धृत तोडल तन्त्र अनुसार विभिन्न भेद देखिन्छ । महासिद्धिसार तन्त्र अनुसार अश्वक्रान्ता-रथक्रान्ता तथा विष्णुक्रान्ता वर्गमा चौसठ्ठी तन्त्रका भेद जोड्दा चौसठ्ठी तन्त्रको सातवटासम्म सूची उपलब्ध छन् (कविराज १९७२:१९) ।

यी आगमहरू श्रवण परम्परामा गुरू-शिष्य क्रम शिव तथा देवीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चल्दै आएकोले "श्रुति" नै मानिन्छन् । वैदिकी श्रुति सरह तान्त्रिकी श्रुति मानेको प्रसंग धर्मशास्त्रहरूमा पनि पाइन्छ (भट्ट २०२२:७१) । शैव दर्शनमा परमशिव प्रकाश तथा विमर्शका सामरम्यस्वरूप छ । त्यस चित् स्वरूपमा षडध्व भान भएको मानिन्छ । वस्तुलाई परिच्छिन्न गर्ने देश तथा काल हो । यसमा देश (Space) ले कला-तत्त्व-भुवन तथा काल (Time) ले वर्ण-पद-मन्त्रलाई अन्तर्भाव गर्दछ । यसैभित्र समग्र पदार्थ पर्दछन् । जस्तै:-

वर्ण	पद	मन्त्र	कला	तत्त्व	भुवन
१	२८	२	निवृत्ति (१)	१	१०८
२३	२१	२	प्रतिष्ठा (१)	२३	५६
७	२०	२	विद्या (१)	७	२७
३	११	२	शान्ता (१)	३	१८
१६	१	३	शान्त्यतीता (१)	२	१५
५०	८१	११	५	३६	२२४

(आयङ्गर १९५० : १३७) ।

तान्त्रिक दीक्षाको उद्देश्य "मुक्ति" हो र यसमा यी षडध्वरूपी पाशको शोधन गरिन्छ ।

द्वैतवाद

द्वैतवादी सिद्धान्तका शैवहरू पति-पशु तथा पाश तीन पदार्थलाई सर्वथा भिन्न मान्दछन् । पति अर्थात् शिव मलवाट अनादिमुक्त अशरीर मानिन्छन् । शिवको शरीर भनेर ईशान आदि मन्त्र लिइएका हुन् । शिव सृष्टि-स्थिति-संहार-निग्रह-अनुग्रह रूपी पाँचवटै क्रिया गर्न सर्वथा स्वतन्त्र छन् । द्वैत मलमा शिव निमित्त कारण हुन् । यसको पनि अवस्था भेदले शक्त (समर्थ), उद्युक्त (कार्याभिमुखी), प्रवृत्त (कार्यसंलग्न) भेद मानिन्छ । पशु देहभन्दा भिन्न, नित्य, व्यापक, अनेक, चेतन, किञ्चिज्ज्ञ (Limited Knower) मानिन्छ । यसको विज्ञानाकल, प्रलयाकल तथा सकल तीन भेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । स्वातन्त्र्याभिव्यक्ति हुन नदिने पाशहरू पाँचवटा छन् मल, तिरोधायकशक्ति, महामाया, माया तथा कर्म । अविद्यात्मक अणुत्वसम्पादक नै मल हो । ज्ञान र क्रियालाई तिरोधान शक्तिले सीमित गर्दछ । शुद्धाध्वाको उपादान महामायालाई वागीश्वरी पनि भनिन्छ । तान्त्रिक साधनामा यसैलाई "कुण्डलिनी" पनि भनिन्छ । अशुद्धाध्वाको उपादान कारण माया मानिन्छ । धर्म- अधर्म स्वरूप कर्मले जाति-आयु तथा भोग निश्चित गर्दछ (द्विवेद १९८३:१२३-१५०) । भेदवादमा परमशिवको साम्य नै मोक्ष मानिन्छ । कालामुखहरू समताको उत्पत्ति मान्दछन्, पाशुपतहरू शिवधर्मको संक्रमणबाट समानता मान्दछन्, कापालिकहरू समावेशबाट साम्य हुने मान्दछन् तथा एकथरी शैवहरू अभिव्यक्तिबाट समता हुने मान्दछन् (द्विवेद: १९८३:४२) ।

अद्वैतवाद

अद्वैत शैवदर्शन आगमधारा, स्पन्दधारा तथा प्रत्यभिज्ञामा विकसित भएको छ । (Singh. 1982:XV) यसमा चित्-आत्मा-शिव-महेश्वर सबै पर्यायको रूपमा लिइन्छ । शिव विश्वोत्तीर्ण, विश्वमय, चिदानन्दघन छन् । समग्र पदार्थको आत्मा वा सार शिव या चैतन्य नै हो । यही परमतत्त्व मूर्ति तथा काल भेदले विभिन्न पदार्थको रूपमा भासित हुन्छ । जीव वस्तुत: परमशिवभन्दा अभिन्न भए तापनि उसले आफ्नै स्वातन्त्र्यशक्तिले जडभाव बोकेको छ । त्यसको आवरण भङ्ग गर्ने शाम्भव-शाक्त तथा आणव उपायहरू छन् । शाम्भव उपायमा साधकको प्रयास विना नै शिवरूप गुरूको अनुग्रहबाट ज्ञान हुन्छ, शाक्तोपायमा उच्चारण नहुने वस्तुलाई ध्यान गरेर समाविष्ट भइन्छ तथा आणव उपायमा उच्चारण, ध्यान, वर्ण, स्थान आदि स्थूल प्रयत्न समाविष्ट हुन्छन् । (अवस्थी 1970:12-18)

कौल परम्परा

स्वच्छ प्रकाशस्वरूप शिव अ कुल तथा पचास अक्षरको समूह कुलशक्तिको रूपमा लिइन्छ (पाण्डेय 1976:108) । यो परम्परा शिवको ऊर्ध्ववक्त्रबाट निस्किएको मानिन्छ । (Pandey 1963:557) "कुल" शब्दले पराशक्ति, सामर्थ्य, सर्वकरणता (ऊर्ध्वता), स्वातन्त्र्य, ओज, वीर्य, पिण्ड, संविद् (आत्मा), शरीर आदिलाई बुझाउँछ । (कौल 1918:3293) यस यागका आधारहरू बाह्य, शक्ति यामल अर्थात् मैथुन अवस्था, शरीर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण तथा बुद्धिलाई लिइन्छ । शास्त्रहरूमा जुन द्रव्यको प्रयोग निषिद्ध छ त्यही यहाँ विहित छ । विभिन्न सुराहरू पराशक्ति तथा मद्य नै भैरवको रूपमा लिइन्छ । कौल परम्परामा मद्य तथा मांसले मुख रिक्त हुनेबित्तिकै पशुत्व प्राप्त हुन्छ । आनन्द ब्रह्मको स्वरूप हो तथा त्यसको अभिव्यक्ति मद्य-मांस तथा मैथुनको सेवनबाट हुने हुनाले यी तीन पदार्थ सेवन गर्ने नै ब्रह्मचारी हो (कौल 1918:3355)।यसमा मुद्रा तथा मत्स्य समावेश गरी कौलधर्मीले पञ्चमकारको सेवन गर्दछन् । कौलहरू अद्वैत दर्शन मान्दछन् । कौलपरम्पराको प्रमुख स्रोत रूद्रयामल तन्त्र हो, जसका "विज्ञानभैरव" तथा "परात्रीशिका" उपलब्ध छन् । कौलाचार वामाचार तथा दक्षिणाचारको सम्मिश्रणबाट बनेको छ (पाण्डेय 1963:610)। कौलपरम्परामा नर-शक्ति तथा शिवको त्रिकात्मकता माथि परमशिवको सत्ता मानिन्छ । यसलाई "अनुत्तर" तत्त्व पनि भनिन्छ । यसकै विस्तार हुँदा संघट्टदशा आउँछ । जहाँ आनन्द अभिव्यक्त हुन्छ । त्यसपछि पराशक्ति स्फुट हुन्छ जसलाई "इच्छा" भनिन्छ । इच्छाको फैलावटलाई "ईशान" भनिन्छ । व्यापक मनः शक्तिको "उन्मेष" रूपमा तथा त्यसकै विस्तार "ऊनता" को रूपमा निस्कन्छ । यिनै मातृका शक्तिहरूको बहिःप्रसर तथा अन्तर्मज्जन हुँदा पचास अक्षरस्वरूप कुलशक्तिको विस्तार हुन्छ (पाण्डेय 1963: 650-56)।

क्रम-परम्परा

विकल्पहरूको शोधन गरी शुद्ध विकल्पको सहारा लिएर परमशिवसम्म पुग्ने शाक्त उपायमा आधारित परम्परा नै क्रम-परम्परा हो । शाक्त अद्वैतवाद नै यसको दार्शनिक धरातल हो । पूर्णबोधमा नपुगुन्जेल द्वैताद्वैत (Monistic-Dualistic) स्वरूपलाई यसले लिएको देखिन्छ (Rastogi 1979:5)।तथा संवित् नै क्रमको रूपमा भासित हुन्छ । सृष्टि-स्थिति-संहार-अनाख्या तथा भासा (सृष्ट्युन्मुख अद्वैत अवस्था) को विश्लेषण यस उपायमा गरिन्छ । संवित्को बाह्र भेदले उदय "प्रमाण" दशामा मानिन्छ र यसलाई "सूर्य" मानिन्छ । प्रमेयलाई सोम तथा प्रमातालाई वह्निको रूपमा मानिन्छ । प्रमाता-प्रमाण- प्रमेय सबै सृष्टि-स्थिति-संहार तथा अनाख्या अवस्थामा गुणित हुँदा अनाख्यचक्रका बाह्रदेवी या कालिकाहरू प्रस्फुट हुन्छन् । यी कालिकाहरूको विश्रान्ति स्वरूप उत्तीर्णकालिका मानेर तेह्र कालिका मान्ने क्रमको परम्परा पनि देखिन्छ । (कौल 1918:744) प्रमा-प्रमाता-प्रमाण-प्रमेयको चार अवस्थामा गुणन भई सोह्र काली मान्ने "क्रमसद्भाव" आदिको परम्परा देखिन्छ (कौल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

1918:752) । अष्टदलषोडशदल तथा द्वादशदल-चक्र कालिकाको चक्ररूपमा लिइएको छ । यी भेदमा बाह्र कालिका मान्ने प्रधान परम्परामा सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, स्वकाली, यमकाली, मृत्युकाली, रूद्रकाली, परमार्ककाली मार्तण्डकाली, कालाग्निरूद्र-काली, महाकालकाली मानिन्छन् भने तेह्रौं कालिका मान्दा महाभैरव-चण्डोग्रघोरकालीको ग्रहण गर्ने परम्परा देखिन्छ (कौल 1918:58) ।

"काली" शब्द "कल किल विल क्षेपे" "कल गतौ" "कल संख्याने" "कल शब्दे" चार धातुबाट क्षेप-ज्ञान-संख्यान-गति- तथा नाद अर्थ बुझाउने गरी निष्पन्न हुन्छ । "क्षेप" को अर्थ आफूलाई भिन्न तथा बाहिर फैलाइदिनु, ज्ञानको अर्थ ती भिन्नतया फैलिएकालाई आफूभन्दा अभिन्न रूपमा जान्नु, संख्यानको अर्थ "यो यही हो, यो भन्दा भिन्न हैन" भन्ने विकल्प, गतिको अर्थ संवित् स्वरूपमा प्रविष्ट हुनु तथा नादको अर्थ आत्ममात्र बोध गर्नु हो । यसप्रकारको कलना गर्ने देवी कालीलाई कालसंकर्षिणी पनि भनिन्छ (कौल 1918:821)।

त्रिक दर्शनमा परा-परापरा तथा अपराभन्दा तुरीय रूपमा द्वादशकाली मानिन्छ र यसलाई बाह्र वियत् (Void) पूजा गरिन्छ (Sanderson 1986:189) । त्रिक क्रमपछि नै कालसंकर्षिणीको अवस्थान भएको पनि देखिन्छ । यसको स्वरूप शूलेश्वरीको तथा एकान्तवासिनीको समान देखिन्छ (Sanderson 1990-58) ।

त्रिपुरा-सम्प्रदाय

शाक्तोपायका शक्तिपरम्परावादी क्रम या महानयसँग सम्बद्ध परम्पराहरूमा त्रिपुराको स्थान महत्वपूर्ण देखिन्छ । प्रमाता-प्रमाण-प्रमेयरूपी त्रिकोणका कामेश्वरी- वज्रेश्वरी-भगमालिनी भित्रकी "त्रिपुरा" देवीलाई क्रमदर्शनकी त्रयोदशी देवीको रूपमा लिन सकिन्छ । नित्यापोडश भनेर लिइने देवीहरू समष्टिसृष्टि, सृष्टिसृष्टि, स्थितिसृष्टि, संहारसृष्टि अनाख्यारूपी चार सृष्टि भेद, चार स्थितिभेद, चार संहारभेद तथा चार अनाख्याभेदका रूपमा भएका देखिन्छन् जुन विशुद्ध क्रमदर्शन हो । (द्विवेद 1984 : 65) त्रिपुराका वाग्भव-कामराज तथा शक्तिबीज सोम-सूर्य तथा वह्निस्वरुप मानिन्छन् । "त्रिपुरशेखरा" विद्याका कूट तथा ध्यानसँग यसका ध्यान तथा कूटको निकै समानता छन् (पाण्डेय 1976 :309-317) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरा-सम्प्रदायमा "वामकेश्वरीमतम्" "योगिनीहृदयम्" तथा परशुरामकल्पसूत्रम्" विशेष महत्वपूर्ण शास्त्र हुन् ।

त्रिपुरा उपासनाको कौलमत-समयीमत तथा मिश्रमत देखिन्छन् । यसमा कुलाचार बाह्यपूजापरक तथा समयाचार आन्तरपूजापरक तथा वैदिकमार्गानुसारको भन्ने मानिन्छ । कौल मतमा संहारक्रमले तथा समयीमतमा सृष्टिक्रमले चक्रोद्धार गरिन्छ । (द्विवेद 1984:60) समयमार्गमा कलामा बिन्दुको एकता, नादमा कलाको एकता, नादमा बिन्दुको एकता, नादसँग कला र बिन्दुमा नाद-कला दुवैको एकता गरी ६ प्रकारको ऐक्यभावना नै पूजा मानिन्छ । (गिरि 1986 : 65) श्रीविद्याको षडन्वयशाम्भवक्रमसँग सम्बन्ध रहेको सौन्दर्यलहरी तथा सुभगोदयबाट थाहा हुन्छ ।

आम्नाय-भेद

शाक्त सम्प्रदायमा आएको व्यापकताले विभिन्न विद्याहरु देखिए । वाम-दक्षिणरुपले देवी तथा भैरव स्वतन्त्र आम्नाय र "सिद्धान्त" ऊर्ध्व आम्नायको रुपमा तीन श्रोत प्राचीन देखिन्छन् । यसमा सप्तमातृ-परक "मिश्रतन्त्र" थपिइ चार आम्नाय भएको देखिन्छ । पञ्चश्रोतविभागमा "तत्पुरुष" पूर्ववक्त्रबाट गारुडतन्त्र थपिएको देखिन्छ भने पश्चिमाम्नाय मूलतन्त्रको रुपमा लिइएको देखिन्छ (द्विवेद 1984 :53)।"पिचुवक्त्र" अधराम्नाय समेत जोडिएर षड्वक्त्रको रुपमा तन्त्रको विस्तार भएको "परातन्त्र" आदिबाट अवगत हुन्छ । जस अनुसार पूर्वाम्नाय पूर्णेश्वरी अधिष्ठित, दक्षिणाम्नाय निशीश्वरी अधिष्ठित, पश्चिमाम्नाय कुब्जिका अधिष्ठित, उत्तराम्नाय कालिका अधिष्ठित, ऊर्ध्वाम्नाय श्रीविद्या अधिष्ठित तथा अधराम्नाय वज्रयोगिनी अधिष्ठित मानिन्छ । श्रीयन्त्रमा त्रैलोक्यमोहन-वाट सर्वसंक्षोभणपर्यन्त तीन सृष्टिस्वरुप पूर्वाम्नाय, सर्वसौभाग्यादि सर्वरक्षाकरपर्यन्त तीन स्थितिस्वरुप दक्षिणाम्नाय, सर्वरोगहरादि सर्वानन्द-मयपर्यन्त तीन संहृतिस्वरुप पश्चिमाम्नाय, नौ चक्रको समष्टि उत्तराम्नाय मानिनाले श्रीचक्र समग्रविद्या तथा समग्र आम्नाय स्वरुप मानिन्छ (शर्मा २०२२ :१५ -५६) ।

शाक्त परम्परामा काली-तारा-श्रीविद्या-भुवनेश्वरी-भैरवी-छिन्न-माला-धूमावती-वगला-मातङ्गी तथा कमलालाई महाविद्याको रुपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिइएको देखिन्छ । यिनै महाविद्याको आधारमा पनि साहित्य विस्तार भएको छ (कविराज 1972:26-40)।

नेपालको तान्त्रिक परम्परा

पञ्चमुख शिव सम्पूर्ण तन्त्रका अवतारक मानिन्छन्, जसको नेपालको प्रामाणिक इतिहासको आरम्भबाटै प्रधानता देखिन्छ । पाशुपत सम्प्रदायका विविध शाखाहरु यहाँ विकसित भएको देखिन्छ (रेग्मी २०४०: ११३) यस सम्प्रदायका आचार्य लकुलीशको मूर्ति स्थापना गरिनु तथा प्रणर्द्दन आदि आचार्यको प्रभाव देखिनुले पनि त्यसको परम्परा नेपालमा रहेको सिद्ध गर्दछ (रेग्मी २०४०:१२३) । त्रिकदर्शनको गुरु परम्परामा भैरव र भैरवीपछि लकुलीशलाई मानेको देखिन्छ (कौल 1918 : 3671-73) । लकुलीश पाशुपतदर्शनका प्रधान आचार्य हुन् । यसरी लकुलीश पाशुपत दर्शन तथा त्रिक दर्शन दुवैका मूल गुरु देखिन्छन् । यसै परम्परामा रावण, विभीषण, रामलाई पनि विद्यावतारक मानेको देखिन्छ । यिनीहरुले उपासना गरेको विद्या भनी महाकालसंहितामा आएको छ । मत्स्येन्द्रनाथ छैठौं शताब्दीको आरम्भमा नेपाल आएका र यहाँ अवलोकितेश्वरको रुपमा प्रख्यात भएका देखिन्छन् (पाण्डेय 1976:452)। चार युगका विद्यावतारक गुरुहरू खगेन्द्र-कूर्म-मेष- मच्छन्द मध्ये कलियुगका "मच्छन्द" मानिन्छन् (Goudriaan 1979:14)। मत्स्येन्द्रको मत योगिनीकौलमत कौलज्ञाननिर्णय, कौलावलीनिर्णय, अकुलवीरतन्त्र आदिमा स्पष्ट देखिन्छन् । मत्स्येन्द्रसंहिता लगायत यी सबै ग्रन्थहरुका कम से कम एक हजार वर्ष पूर्वका पाण्डुलिपिहरु नेपालमा भेटिनाले मत्स्येन्द्रनाथको सम्प्रदाय यहाँ प्रसिद्ध रहेको सहजै देखिन्छ । गोरक्षनाथ मत्स्येन्द्रनाथका शिष्य मानिन्छन् जसको प्रभाव नेपालमा विस्तीर्ण छ । "गोरक्षसंहिता" को नाममा रहेको "श्रीमतोत्तरतन्त्र (कुब्जिका परम्पराको) नेपालमा पाण्डुलिपि हुनुको साथै यस परम्पराका कुलरत्नोद्योत, कुलमूलरत्नपञ्चकावतार आदि ग्रन्थ शास्त्रको नेपालमा विस्तार देखिन्छ । त्रिक कुल तथा क्रम परम्परामा कुलेश्वर कुलदेवताको रूपमा चर्चित छन् जसलाई अंशुवर्माले भाग पनि छुट्याएका छन् (रेग्मी 1983: 72)।

ईशानशिव "देवीयामंलतन्त्र" का अनुसरण कर्ता देखिन्छन् (कौल 1918 : 22/30.30) । विमलशिव (त्यही परम्पराका आचार्य) को विमलावतीमत तथा सोमशम्भुको कर्मकाण्डक्रमावलि एकै परम्परामा निवद्ध देखिन्छन् (द्विवेद: 1983:21) । वैरोचनको प्रतिष्ठातन्त्र नेपालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिकला तथा वास्तुकलाको शास्त्रीय आधार रहेको देखिन्छ (शर्मा २०२५: भूमिका "छ") । वैरोचन ईशानशिवलाई आफ्नो गुरु मान्दछन् (शर्मा २०२५:२१२) । यसरी "देवीयामलतन्त्र" नेपालको आठौं शताब्दिको आधारग्रन्थको रुपमा रहेको देखिन्छ ।

श्रीतन्त्रालोकको आन्हिक २९ मा गरिएको उद्धरणबाट त्रिकदर्शनका परा-परापरा तथा अपरादेवीको वर्णन देवीयामलमा रहेको देखिन्छ भने यसमै उद्धृत दुइ मन्त्रहरुमा नेपाली कर्मकाण्ड परम्पराको आधारग्रन्थ महाकालसंहिताको मन्त्रसँग साम्य देखिन्छ (Sanderson 1990: 51) । यहाँ वर्णित कालसंकर्षिणी देवीका शुलेश्वरी, महापरा, परा-उत्तरकाली तथा त्रिशीर्षा (भैरवानना)को पूजा उपासना वर्णित जयद्रथयामल पनि यहाँ सुरक्षित छ । यसका साथै पञ्चशतिका, क्रमसद्भाव आदि पनि यहाँ सुरक्षित देखिनाले क्रमदर्शनको यहाँ विशेष प्रभाव परेको छर्लङ्ग हुन्छ । यसबाट कश्मीर शैवधाराको रुपमा प्रख्यात यामलाद्वैत प्रारम्भिक कालदेखि नै नेपालको परम्परामा रहेको स्वत: सिद्ध हुन्छ ।

तन्त्रराजतन्त्र तथा वामकेश्वरतन्त्र दुवैमा त्रिपुराको "सिद्धमातृका" को रूपमा स्तोत्र हुनाले यी दुवै ग्रन्थ एकै परम्पराका देखिन्छन् । परशुरामकल्पसूत्रको आधारमा चलेको परम्परा महाराष्ट्रतिर छरिएको तर विशुद्ध आगमिक धारा उत्तरी क्षेत्र कश्मीरमा नवौं शताब्दीको उत्तरार्धमा घुसेर उत्तरी क्षेत्रमा फैलँदै गएको देखिन्छ ।

श्रीविद्याको पशुपतिमा गरिने पूजा पनि यही आगमिक धाराको देखिन्छ । जयस्थिति मल्लको राज्यकालमा सन १३८८ मा सारिएको वामकेश्वरतन्त्र तथा शैवाचार्य मन्मथपतिको निमित्त सन् १३५८ मा सारिएको वामकेश्वरतन्त्रबाट पनि नेपालका राजा तथा शैवाचार्यहरुद्वारा श्रीविद्याको उपासना गर्ने यही आधार रहेको प्रमाणित हुन्छ (शर्मा २०२५: १३६, १३८) । यसबाट मल्लकालमा श्रीविद्याको उपासनाले व्यापकता लिन लागेको स्पष्ट हुन्छ ।

द्रव्यशाहले कालिका जगाएको, डम्बरशाहको निमित्त कालिका-पूजाविधि सारिएको आदिबाट शाहराजाहरूले कालीक्रम अनुसार उपासना गर्ने गरेको देखिन्छ । (पन्त २०४३ :५०५) ।

नेपालमा सम्पूर्ण शैव शिव तथा शक्ति सम्वन्धि आम्नायबाट, सबै महाविद्या, सिद्धविद्या, मातृकाहरुको तन्त्रग्रन्थहरुको व्यापकताबाट तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिर आदिबाट विशुद्ध तान्त्रिक संस्कृतिको रूपमा नेपाली संस्कृतिलाई लिन सकिन्छ ।

सन्दर्भ—ग्रन्थ सूची

१. अवस्थी, शिवशंकर 1970 — भूमिका, प्रत्यभिज्ञाहृदयम्, हिन्दी व्याख्योपेतम्, चौरवम्वा संस्कृत सिरीज अफिस वाराणसी ।

२. आयङ्गर, एच्.आइ. रङ्गस्वामी 1950 — शैव परिभाषा, ज्ञानशिवाचार्य विरचिता, ओरिएण्टल रिसर्च इन्स्टिच्यूट पब्लिकेशन्स, संस्कृत सिरीज नं. ५०, मैसूर ।

३. कविराज, म.म गोपीनाथ 1972 — तान्त्रिक साहित्य, हिन्दी समिति ग्रन्थमाला २००, महात्मागान्धी मार्ग, लखनऊ ।

४. कौल, मधुसूदन 1918 — श्रीतन्त्रालोकः, जयरथकृतिविवेकव्याख्योमेतः, कश्मीर शैवतन्त्र सिरीज, श्रीनगर ।

५. गिरि, स्वामीकालिकानन्द 1986 — सुभगादयस्तोत्रम, अमृतकारिका-ऽन्वयार्थबोधिनीभ्यां सहितम्, आनन्दभवन ग्रन्थमाला - १३, श्री स्वामीकाशिकानन्दजी ट्रष्ट, वाराणसी ।

६. द्विवेद : पं. व्रजवल्लभ 1988 — उपोद्घातः, अष्टप्रकरणम्, योगतन्त्रग्रन्थमाला १२, सम्पूर्णानन्द सं. विश्वविद्यालय, वाराणसी ।

७. द्विवेद :, व्रजवल्लभ 1983 — लुप्तागमसंग्रहः II उपोद्घातः सम्पूर्णानन्द सं. विश्वविद्यालय वाराणसी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. द्विवेदः, व्रजवल्लभ 1984 — नित्याषोडशिकार्णवः, ऋजुविमर्शिन्या अर्थरत्नावल्या च संवलितः, योगतन्त्रग्रन्थ-मालाया प्रथमं पुष्पम्, सम्पूर्णा-नन्द सं. विश्वविद्यालय, वाराणसी ।

९. पन्त, दिनेशराज, २०४३ — "गोरखाको इतिहास" दोश्रो भाग, वटु, काठमाडौं ।

१०. पाण्डेय, जनार्दन, 1976 — गोरक्षसंहिता भाग १, सरस्वती-भवन ग्रन्थमाला १२०, सम्पूर्णानन्द सं. विश्व-विद्यालय, वाराणसी ।

११. भट्ट, एन.आर. २०२२ — तन्त्रावतार, सारस्वती सुषमा वर्ष २०, अंक १, वाराणसेय संस्कृत विश्वविद्यालयः वाराणसी ।

१२. रेग्मी, डा. जगदीशचन्द्र, २०४० — प्राचीन नेपाली संस्कृति, साझा प्रकाशन, काठमाडौं ।

१३. शर्मा, कृष्णमूर्ति, २०२२ — "आम्नायस्वरुपम्" सारस्वती सुषमा वाराणसेयसंस्कृत-विश्व-विद्यालयपत्रिका वर्ष २, अंक १, वाराणसी ।

१४. शर्मा, बुद्धिसागर, २०२५ — "बृहत्सूचीपत्रम्" तन्त्रविषयकः चतुर्थो भागः, पुरातत्त्व-प्रकाशनमाला ।

१५. शास्त्री, हरगोविन्द, 1982 — अमरकोषः रामाश्रमीटीकासहितः चौखम्भा संस्कृत संस्थान, वाराणसी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. Goudriaan, TSen, 1979

१७. Pandey, Kanti Chandra 1963- Abhinavagpta, an Historical and Philosophical Study. Chowkhamba Sanskrit Series Office, Varanasi.

१८. Rastogi, Navajivan 1979 The Krama Tantricism of Kanshmir. Motilal Banarsidass.

१९. Regmi D.R. 1983 Inscriptions of Ancient Nepal. Abhinav Publications, New Delhi.

२०. Sanderson, Alexis 1986 "Mandala and Agamic Identity in the Trika of Kashmir". L' image culte et Meditation DANS L' HINDOVISME, Editions du CNRS, Paris.

२१. Sanderson Alexis 1990 "The Visullisation of the Deities of the Trika"; L'image culte of Meditation, DANS L' HINDVISME, Edition due CNRS, Paris.

२२. Singh Jai Dev, 1982 'Introduction to Siva Sutras, Motilal Banarsidass.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक वाङ्मयः एक चिनारी

डा. प्रा. ऋषिराम पोखेल

उपपत्ति

"वेद" शब्द दन्तोष्ठस्थानीय पछिल्लो अन्तस्थ "व" वर्णमा एकार लगाई अन्त्यमा दन्तस्थानीय अकारान्त "द" को संयुक्त ध्वनिबाट उच्चारण गरिन्छ । तसर्थ "वेद" शब्दलाई ध्वनिगत विश्लेषण गर्दा व् + ए + द् + अः ध्वनिको संयुक्त रुप "वेदः" उच्चारित हुन आउँदछ ।

"वेद" शब्द संस्कृत मूल तत्सम हो । संस्कृत व्याकरण अनुसार ज्ञानार्थक, सत्तार्थक, विचारार्थक र लाभार्थक, "विद्" धातुबाट "अच्" (वा घञ्) प्रत्यय भएर बन्दछ । यसकारण वेदको पूर्ण अध्ययन गर्नाले आध्यात्मिक (उपासनात्मक) र भौतिक (क्रियात्मक) ज्ञान प्राप्त हुनु ज्ञानार्थक, ईश्वरीय सत्ता (सर्व खल्विदं ब्रह्म) को ज्ञान हुनु सत्तार्थक, आत्मा र परमात्मा, जीव र जगतका विषयमा विविध तार्किकज्ञान प्राप्त हुनु विचारार्थक र यी सबै प्रकारका ज्ञानबाट प्राप्त हुने ऐहिक (यस लोकसम्बन्धी) र पारलौकिक (परलोक सम्बन्धी) प्रेय र श्रेय प्राप्त हुनु "लाभार्थक" "विद्" धातुको अर्थ हो भन्ने कुरामा विद्वान् विचारकहरु सहमत छन् ।

संस्कृत वाङ्मयमा "वेद" शब्दका दुई अर्थ छन् १. ज्ञान वा ज्ञानराशि २. कुशको मुठो । अर्थका आधारमा तिनीहरुको स्वराङ्कन पनि फरक पर्दछ । कुशमुष्टिलाई बुझाउने वेद शब्दको अन्तोदात्त स्वर र ज्ञान वाचक वेद शब्दको आदिमा उदात्त स्वर हुन्छ । वेदका शब्दहरुको अर्थ स्वरका समेत आधारमा सन्दर्भ अनुसार गर्नुपर्ने हुनाले वेदाध्ययन गुर्वध्ययन पूर्वकको स्वाध्यायबाट मात्र सम्भव मानिन्छ ।

उत्पत्ति

"तस्यैतस्य महतो भूतस्य निःश्वसितमेतत् (श.ब्रा.) सनातन वैदिक धर्म अर्थात् हिन्दु धर्मावलम्बीहरु वेदलाई ईश्वरीय श्वास-प्रश्वासका रुपमा रहेको अपौरुषेय ज्ञान भण्डार (ब्रह्मविद्या) मान्दछन् । धर्मशास्त्रले वेद न मान्ने वा निन्दा गर्नेलाई नास्तिक भन्दछ । ***नास्तिको वेद निन्दकः - मनुः ।***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय आधुनिक विद्वान् विशेषतः पश्चिमी विद्वानहरुले वेदको उद्गम स्वीकारेका छन् । उनीहरु ईशा पूर्व ६००० देखि २००० ई.पू. सम्ममा वेदको उद्भव वा रचनाकाल मान्छन् । प्रो. मैक्समूलर, कीथ, राथ, ग्रासम्यान, मैकोडोनेल आदि यो मतका अनुयायी छन् । पूर्वीय विद्वान् तिलक, बालकृष्ण शंकर दीक्षित, आदिले इश्वीपूर्व ५० हजारदेखि ८००० वर्ष अगाडि वेदको उद्मग मान्छन् । वस्तुतः वेद ऋषिहरुको तपः साधनाद्वारा आत्मसात् गरिएका छन् - *"साक्षात्कृतधर्माण ऋषयो बभूवुः"* निरुक्त । हिन्दूहरुको वर्तमानमा प्रचलित "पञ्चाङ्ग" गणना अनुसार १ अरव ९५ करोड ५८ हजार (शून्यशय) ९३ वर्ष अगि यो कल्पको सृष्टि शुरु भएको मानिन्छ । यस आधारमा वेदको उद्गम लगभग २ अरव वर्ष अगाडि भएको देखिन्छ । यो कुरा नेपाल पात्रोको मुखपृष्ठमा दिइएको "सृष्टितो गताब्दाः" बाट स्पष्ट हुन्छ ।

अर्को कुरा के भने हिन्दूहरु वेदका शाखाका आचार्यहरुलाई शाखा प्रवक्ता र ऋषिहरुलाई मन्त्रद्रष्टा मान्दछन्, मन्त्रकर्ता होइन, त्यसकारण -

"अनादिनिधना नित्या वागुत्सृष्टा स्वयम्भुवा ।
आदौ वेदमयी वाणी यतः सर्वाः प्रवृत्तयः ॥ "(महाभारत)

आदि भनिएको हो । वेदको समयबारे धेरै मत मतान्तर भए तापनि विश्वको सबैभन्दा पुरानो र जेठो साहित्य रचना नै हो भन्ने कुरामा चाहिं सबै सहमत छन् ।

१. आचार्य आपस्तम्वले *"मन्त्रब्राह्मणयोर्वेदनामधेयम्"* अर्थात् मन्त्र र ब्राह्मणलाई "वेद" हो भनेका छन् । सायण आदि धेरै आचार्य यसमा सहमत छन् ।

२. पारस्कर आचार्यले विधि (कर्मको विधान), विधेय (कर्महरुको विभाग) र तर्क र (चिन्तन दर्शन) का रूपमा वेदको लक्षण गरेका छन् ।

३. कसैले कर्म, उपासना र ज्ञानकाण्डका रूपमा वेदको परिभाषा गरेका छन् ।

४. आचार्य जैमिनि, कुमारिल भट्ट, प्रभाकर मिश्र, आदि मीमांसकहरू विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादका रूपमा वेदको लक्षण वताउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. कतिपय आचार्यहरुले मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्का रुपमा वेद लक्षण र विषय परिभाषित गरेका छन् । संभवतः यही ४ भागमा विभक्त वेदलाई आजका विद्वान्हरूले वेदको रूपमा चिनेका छन् ।

विकास-विस्तार

शुरुमा वेद एउटै थियो । कालान्तरमा मानिसहरूको मेधा (धारणावती बुद्धि) मलिन हुदै जानाले सबै पढ्न र कार्यान्वयन गर्न निकै कठिन भयो । नेपालको पश्चिमी भू-भाग दमौलीको एकान्त तपोवनमा बसी द्वैपायन व्यासले वेदका ४ भाग लगाए । उनले यज्ञीय कार्यका दृष्टिले होताको निम्ति ऋग्वेद, अध्वर्युका निम्ति यजुर्वेद, उद्गाताका निम्ति सामवेद र ब्रह्माले गरिइने मानसयज्ञ (जप, अभिचार शान्ति-पुष्टिकार्य)का निम्ति अथर्ववेदको छुट्टा छुट्टै सङ्कलन गरी वेदलाई विस्तार गरे । वेदको विस्तार गरेकाले उनी वेद-व्यासका नामले पनि प्रसिद्ध भए । क्रमशः प्रत्येक वेदका छुट्टा छुट्टै मन्त्र, ब्राह्मण, आरण्यक, उपनिषद्हरूको पनि विभाजन भयो । समयको गतिका साथै चारै वेदका शाखाको पनि विस्तार हुदै गयो । वैदिक साहित्य ज्यादै ठूलो हुन पुग्यो । महाभारतकालपछि व्याकरणका विद्वान् पतञ्जलिका समयसम्ममा वेदवेदाङ्गको लगभग ४,३२,००० ग्रन्थ हुन पुगे ।

ऋग्, यजु, साम र अर्थववेदका रुपमा विभक्त ४ वेद विद्याका ब्राह्म र आदित्य भन्ने दुई सम्प्रदाय भए । ब्राह्म सम्प्रदाय ब्रह्मावाट हुदै विकसित भयो । आदित्यसम्प्रदाय आदित्यबाट महर्षि याज्ञवल्क्य हुदै फैलियो । चारै वेदका सबै शाखा मिलाउंदा ११३१ वेद-शाखा हुन पुगे । सबै शाखामा मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्हरु छुटिए ।

वेदका विषय र विभाग

१. ऋग्वेदः- छन्दमा बांधिएका अर्थात् अक्षर र पाउ समेतको गणना भएका पद्यमन्त्रहरुलाई ऋग्वेद भनिन्छ । ऋग्वेद होतृ, कार्यसंग संबद्ध मन्त्रको संग्रह हो । धर्मका अनेक प्रसंग छन् । जसमा करीव ११ हजार मन्त्र छन् । वेदलाई शुद्ध राख्न प्राचीन ऋषिहरुले वेदका अक्षर र शब्द समेत गनिएको हुंदा वेदमा प्रक्षिप्त पाठ पाइएको छैन । गणना अनुसार ऋक्मन्त्र भागमा जम्मा १ लाख ५३ हजार ८ सय ३६ शब्द र ४ लाख ३२ हजार अक्षर संग्रहीत छन् । ऋग्वेदका मन्त्रहरु दुई किसिमवाट संग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका छन् १) अष्टकाध्याय, सूत्र र मन्त्र, २) मण्डलानुवाक्, सूक्त र मन्त्र । आजकल अनुवाक् छोडेर मण्डल, सूक्त र मन्त्रको बढी प्रचलन छ । ऋग्वेदमा जम्मा १०२८ सूक्त छन् । ऋग्वेदका २१ शाखा थिए । आजभोली शाकल र वाष्कलको बढी चलन छ ।

२) यजुर्वेदः- गद्यात्मक मन्त्रहरुको संग्रह यजुर्वेद हो । यजुको अर्थ दण्डक (गद्य) हो । यस वेदमा अध्वर्यु भन्ने ऋत्विक्कार्य र लौकिक पारलौकिक धर्म उपासना र ज्ञानका कुरा छन् । यजुर्वेदका शुक्ल र कृष्ण दुई मुख्य सम्प्रदाय छन् । शुक्लको अर्थ हो सफा, सेतो र ताजा । कृष्णको अर्थ (शुक्लको उल्टो) कालो - मैलो, पुरानो वा मलिन हो । वेदको सम्बन्धमा भने यो कुरा अति फरक छ ।जुन यजुर्वेद सेतो वाजी (घोडा) का रुपमा आएर सूर्यबाट प्राप्त भयो जसमा मन्त्र, ब्रह्मणको छासमिस रूप सांकर्य जन्य कृष्णता छैन त्यो शुक्ल यजुर्वेदको नामले प्रसिद्ध छ । शुरुमा सूर्यबाट याज्ञवल्क्यले प्राप्त गरी माध्यन्दिन आदि १५ जनालाई पढाएको भए पनि माध्यान्दिन र काण्व भन्ने दुई शाखा मात्र शुक्ल यजुर्वेदमा आजकल पाइन्छन् । नेपालमा माध्यन्दिन कै बढी प्रचार छ । केही आचार्यहरु याज्ञवल्क्यका पिता अथवा गुरुको नाम वाजसनि थियो । अतः वाजसनेय भन्ने नाम शुक्लयजुर्वेदको रहेको हो भन्दछन् । शुक्लयजुर्वेदमा ४० अध्याय र कृष्णमा करीव ३१ सय मन्त्र र १५ हजार ब्राह्मण मन्त्र छन् । शुक्लयजुर्वेदमाध्यन्दिनमा १०० अध्याय १४ काण्ड भएको शतपथ ब्रह्मण छुट्टै छ । शुक्ल यजुर्वेद माध्यन्दिन शाखामा ९०५२५ अक्षर र १२३० अनुस्वार (गुं) छन् ।

कृष्णयजुर्वेदका ८६ शाखा थिए । यस सम्प्रदायका प्रथम उपदेशक ब्रह्मा हुन् । वैशम्पायनले ब्रह्माबाट प्राप्त गरी सिकाएको विद्या याज्ञवल्क्यसंग फिर्ता लिएको र मन्त्रब्राह्मणको छासमिस पनि भएकोले संकरता (छासमिसे मलिनता)को कारण कृष्णयजुर्वेद भनियो भन्ने श्रीमद्भागवत आदि पुराणको अनुशीलनबाट बुझिन्छ । कृष्णयजुर्वेदका आचार्य वैशम्पायनले तित्तिर आदि ८६ छात्रलाई पढाए तर हाल तैत्तिरीय, मैत्रायणी, कठ, कपिष्ठल शाखा मात्र सुलभ छन् ।

३. सामवेद :- बृहदारण्यक अनुसार सा + अम = साम हो । सा को अर्थ क्रूक र अमको अर्थ स्वर हो । अतः सामको अर्थ गीत (सुर, ताल र लयबद्ध गान) हो । छन्दोबद्ध मन्त्र (क्रूक) मा विविध स्वर, ताल, लय आदि मिलाएर उद्गाताले गाइने मन्त्रहरुको संग्रह सामवेद हो । वेदको रहस्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्न सामवेद बुझ्नु पर्दछ ।

सामानि यो वेत्ति स वेद तत्त्वम्, वेदानां सामवेदोऽस्मि आदिबाट सामवेदको श्रेष्ठता स्पष्ट हुन्छ । उद्गीथ (ओङ्कार) को गान सामवेदबाट बुझिन्छ । सबै वेदमा ओंकार श्रेष्ठ भएझैं सामवेद सबै वेदमा श्रेष्ठ छन् । सामवेदका पूर्वार्चिक र उत्तरार्चिक गरी २ मुख्य भेद छन् । आर्चिक भनेको मूल समूह हो । सामान्यतया १०।१० ऋचाहरूको समूह, दशति का रुपमा सामगायन हुन्छ । सामवेदका मन्त्रहरूको संकलन छन्द र देवताका आधारमा भएको छ । सामवेदमा जम्मा १८७५ मन्त्र छन् । तीमध्ये १५०४ ऋग्वेदका र वांकी सामवेदका स्वतन्त्र मन्त्र मानिन्छन् । सामवेदका कौथुम, राणायनीय, जैमिनीय आदि १००१ शाखा थिए । पतञ्जलिको भाष्य अनुसार १००० शाखा थिए । हाल पूर्वोक्त तीन शाखा मात्र पाइन्छन् । सामवेदमा जम्मा १ लाख ४४ हजार पद छन् । सबै किसिमका सामको संख्या ८ हजार र गायन (गीति, लयपद्धति)को संख्या १४ हजार आठ सय बीस थियो भन्ने कुरा चरणव्यूह भन्ने ग्रन्थबाट स्पष्ट हुन्छ । सामवेदका सम्वन्धमा नारदीय शिक्षा अनुसार निम्न प्रकारका स्वरमण्डल छन् ।

स्वर = ष - ऋ - ग - म - प - ध - नि ७

ग्राम = ३ मूर्छना = २१ तान = ४९

सामवेदका यी सात स्वरलाई वासुरीमा निम्नप्रकार मिलाइएको छ भन्ने पं. बलदेव उपाध्यायको भनाइ छ -

साम	वेणु (वासुरी)	याज्ञवल्क्यको मतमा स्वरसाम्य
१. प्रथम	म = मध्यम	कर्याङकुरुङ पंछीका स्वर
२. द्वितीय	ग = गान्धार	गाईको स्वर
३. तृतीय	ऋ(रे) = ऋषभ	वाखीको स्वर
४. चतुर्थ	सा (ष SS) = षड्ज	मयूरको स्वर
५. पञ्चम	नि = निषाद	हात्तीको स्वर
६. षष्ठ	ध = धैवत	घोडाको स्वर
७. सप्तम	प = पञ्चम	कोइलीको स्वर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामवेदमा यी नै सात स्वरको संकेत १-७ अंकले दिएको हुन्छ । साम विकार छ प्रकारका छन्- विकास, विश्लेषण, विकर्षण, अभ्यास, विराम र स्तोभ । यसरी नै गाउँ वस्तीमा गाइने गान वेदगान, र अरण्यमा गाइने आरण्य तथा यी दुईका मिश्रणबाट गाइने उंह र उह्रय समेत ४ प्रकारका गानविद्याका अलग अलग ग्रन्थ छन् । छान्दोग्य उपनिषद् अनुसार सामका सात भेदमा हिंकार, प्रस्ताव, आदि, उद्गीथ, प्रतिहार, उपद्रव र निधन पर्दछन् । सामवेदका जैमिनीय शाखा पहिले संस्कृत विश्वविद्यालय वनारसबाट र दोस्रो लाहौरबाट छापिएको छ । कौथुम शाखाको सामवेद श्रीनारायण स्वामीले वि.सं. १९९९ मा छपाएका थिए ।

४. अथर्ववेदः- वेदका स्वरुप अनुसार ऋकु (छन्दोबद्ध) यजु, (दण्डक, गद्य) र साम (गीत) गरी ३ भेद हुनाले वेदत्रयी भनिन्छ तापनि यसका साथै लोक परलोकका विषयवस्तुका आधारमा व्यासले ४ वेदको विभाजन गरे अनुसार अथर्ववेद चौथो वा अन्तिम वेद हो । वर्तमान इराकको प्राचीन नाम काल्डिया थियो र त्यहाँ ई.पू. ५०० वर्ष पहिले तुरायिनको उपनिवेश थियो । अथर्ववेदका कतिपय स्थान (१३ रौ काण्डका) मा पाइने "तैमात", "उरुगुल" आसुजित, उर्वशी , आदि शव्दका आधारमा लोकमान्य "तिलक", ले ई.पू. ५०० वर्ष भन्दा पहिले नैं अथर्ववेदको रचना भएको मान्यता स्थापित गरेका छन् ।

अथर्ववेद ब्रह्मा नामका ऋत्विक्संग सम्बद्ध छ । अथर्ववेदलाई "अथर्वाङ्गिरस" पनि भनिन्छ किनभने अथर्वा र अङगिरस ऋषिले दृष्ट सृष्ट मन्त्रहरुको संग्रह अथर्ववेद हो । अथर्ववेदमा सामान्यतया शान्तिक, पौष्टिक, आभिचारिक, सम्मोहन, उच्चाटन, औषध उपचार, ज्ञान-विज्ञान आदि अनेकौं विषय छ । सम्भवतः वेदहरुमा सवै भन्दा बढी वैज्ञानिक कुरा अथर्ववेदमा पाइन्छ । यस वेदमा (शौनकशाखामा) सामान्यतया २० काण्ड,७३१ सूक्त र ५९८७ मन्त्रहरु छन् । ब्रह्माण्डपुराण (२/१/२६) र वायुपुराण (६५/२७) अनुसार अथर्ववेद कृत्याविधि (अभिचार र शान्ति पुष्टि) को संगालो हो । राजाका निम्ति र राजपुरोहितका निम्ति अथर्ववेदको ज्ञान हुनु अनिवार्य जस्तै थियो । तीन वेदले यस लोकलाई भन्दा परलोकलाई बढी उपकृत गर्दछन्, तर अथर्ववेद सामान्यतया यसै लोकसंग बढी र परलोकसंग थोरै मात्र सम्वन्ध राख्दछ । राष्ट्रमा भित्री र वाहिरी उपद्रव, आतङक, अशान्ति आदिको रोकथाम गर्न अथर्ववेदको महत्त्व भएको कुरा महाकवि कालिदास आदिले पनि उल्लेख गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदव्यासले सर्वप्रथम सुमन्तुलाई अथर्ववेद सिकाए । सुमन्तु पछि अथर्ववेद पनि पिप्पलाद, तौद (स्तोद), मौद, शौनकीय, जाजल (जावाल) जलद, ब्रहमवद, देवदर्श र चारणवेद्य समेत ९ शाखामा फैलियो । ती मध्ये हाल पिप्पलाद र शौनकीय शाखा बढी प्रचलित छन् , अथर्ववेदका तीन किसिमका संहिता छन् - १) आर्षी संहिता, २) आचार्य संहिता र ३) विधिप्रयोग संहिता । अथर्ववेदको सामान्य विभाजन काण्ड, सूक्त र मन्त्रका रूपमा प्रचलित छ । अथर्ववेदका विषयलाई अध्यात्म, अधिदैव र अधिभूत तीन प्रकरणमा वाँडेर क्रमशः अध्यात्ममा ब्रह्म परमात्मा र चातुर्वर्ण्य तथा अधिभूतमा राजा,राज्य प्रकाशन, संग्राम, शत्रुवाहन र अधिदैवमा देवता, यज्ञ, काल आदिको सम्बन्धमा अनेकौं महत्वपूर्ण कुरा प्रतिपादित छन् । यस वाहेक भैषज्य, आयुष्य, पौष्टिक, स्त्रीकार्य - राजकर्म आदिको पनि विस्तृत वर्णन अथर्ववेदमा पाइन्छ ।

५- ब्राह्मणः- वेदका मन्त्रसंहिता पछि ब्राह्मण संहिता क्रम आउँदछ । ब्राह्मण भाग वैदिक धर्मका यज्ञ (पूजा-देवपितृद्विजादि- संगति-दान) धर्म (इष्ट र आपूर्त (स्वार्थ-परार्थ)) संस्कार परम्परा, सामाजिक मर्यादा, कर्मसंस्कार, कर्मकाण्ड, इतिहास, भूगोल, ज्ञान- विज्ञान, समाजशास्त्र, मानवशास्त्र, प्राणिशास्त्र, चतुर्वर्ग (धर्म-अर्थ-काम र मोक्ष) शास्त्र, आदि अनेकौं विषयको मूल ग्रन्थ हो । मन्त्र भागले संक्षेप वा संकेत मात्र गरेका कुरा ब्राह्मण भागमा व्याख्या, विस्तार, उदाहरण, ऊह, उपोह आदिद्वारा स्पष्ट गरिएको छ ।

वेदका ११३१ शाखाका १ हजार १ शय ३१ वटा छुट्टाछुट्टै ब्राह्मण ग्रन्थ थिए । ब्राह्मणग्रन्थ मध्ये अथर्ववेदको गोपथ ब्राह्मणलाई पाश्चात्यहरु सबैभन्दा पछिल्लो (अर्वाचीन) मान्दछन् । शुक्लयजुर्वेदको शतपथ माध्यन्दिन र काण्व दुई थरी ब्राह्मण छन् । कृष्णको तैत्तिरीय ब्राह्मण छ । ऋग्वेदको ऐतरेय र कौषीतकी दुई ब्राह्मण प्राप्त छन् । सामवेदका कौथुम शाखामा १) छान्दोग्य, २) पञ्चविंश, ३) षड्विंश, ४) तवल्कार, ५) मन्त्र (वंश), ६) सामविधान र ७) वेदताध्याय ब्राह्मण समेत सात ब्राह्मण ग्रन्थ छन् । राणायनीय शाखा (साम) को जैमिनीय ब्राह्मण छ । यसलाई आर्षेय ब्राह्मण पनि भनिन्छ । जैमिनीय शाखा (साम) को उपनिषद् ब्राह्मणलाई छान्दोग्य पनि भनिन्छ । कृष्णयजुर्वेदको ब्राह्मण तैत्तिरीय ब्राह्मण अलग्ग छ । शुक्लयजुर्वेदको काण्व शाखाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि शतपथब्राह्मण नै हो, तर त्यसमा १७ काण्ड छन् र १७ औं काण्डलाई उपनिषद्मा गनिन्छ ।

६- वेदका भाष्यहरुः- आचार्य सायण (१३ रौं शताब्दी) ले चारै वेदमा मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्मा महत्वपूर्ण भाष्य लेखेका छन् । पूर्व र पश्चिमका सबै विद्वान्लाई वेदको अर्थ बुझ्न सायण भाष्यले ठूलो गुन लाएको छ र आजसम्म वेदका भाष्यहरुमा सायणभाष्य नै प्रामाणिक छ । वेदभाष्यकार सायण पछि र अगि पनि धेरै भाष्य बने तर सायणलाई कसैले उछिनेन । यजुर्वेदतर्फ माध्यन्दिन (शुक्ल) मा महीधर र उव्वटको भाष्य प्रसिद्ध छ । उव्वट ११ रौं शतक र महीधर दोस्रो शतकका मानिन्छन् । वेदभाष्यकारमा स्वामी दयानन्द सरस्वतीको सुबोधभाष्य पनि आधुनिक दृष्टिले निकै अगाडि देखिन्छ ।

ऋग्वेदको भाष्यकारहरुमा ज्येष्ठता क्रमानुसार स्कन्दस्वामी, उद्गीथ, माधवभट्ट, वेंकटमाधव, धानुष्कयज्वा, आनन्दतीर्थ, सायण र आत्मानन्द (१४ दशक) हरु थिए । सामवेदका भाष्यकारमा माधव, भरतस्वामी, गुणविष्णु, र सायण हुन् । काण्वशाखामा भट्ट हलायुध र आनन्द बोध-भट्टोपाध्यायले भाष्य लेखेका छन् । कृष्ण यजुवेदको तैत्तिरीया शाखामा कुण्डितस्वामी, भवस्वामी, गुहदेव, आचार्यदार, भट्टभाष्कर र सायणले भाष्य लेखेका छन् । अथर्ववेदमा सायण बाहेक अरु भाष्य छैन र त्यो पनि अधुरो नै छ ।

ब्राह्मणग्रन्थका भाष्यकारहरुमा पनि सायणाचार्य नै श्रेष्ठ छन् । काण्व शतपथ ब्राह्मणमा नीलकण्ठी टीका थियो, तर हाल उपलब्ध छैन । माध्यान्दिन शतपथमा उव्वटले भाष्य लेखेका थिए, तर अहिले अप्राप्य छ । हरिस्वामीको भाष्य पनि अधुरै छ । हरिस्वामीको समय छैठौं शती हो । ऐतरेयब्राह्मणमा गोविन्दस्वामी, षड्गुरुशिष्य र सायणचार्यले भाष्य लेखेका छन् । तैतिरीयब्राह्मणमा भवस्वामी, भट्टभाष्कर एवं आचार्य सायणले भाष्य लेखेका छन् । ताण्ड्यब्राह्मणमा जयस्वामीले, मन्त्रब्राह्मणमा गुणविष्णुले आर्षेयब्राह्मणमा भास्करभिश्रले सामविधानमा भरतस्वामीले र सामवेदका यी सबैमा सायणले भाष्य लेखेका छन् । सायण आचार्यले भाष्य लेखेको विवरण निम्न प्रकार छ-

१) तैत्तिरीय-संहिताभाष्य, २) काण्वसंहिताभाष्य

३) ऋग्वेद-संहिताभाष्य, ४) सामवेद- संहिताभाष्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५) अथर्ववेद-संहिताभाष्य, ६) तैतिरीय-ब्राह्मणभाष्य,
७) तैत्तिरीय-आरण्यभाष्य ८) ऐतरेय-ब्राह्मणभाष्य,
९) ऐतरेय-आरण्यभाष्य १०) ताण्ड्यभाष्य
११) षड्विंशब्राह्मणभाष्य १२) सामविधान-ब्रा.भा.
१३) आर्षेय-ब्राह्मणभाष्य १४) देवताध्याय-ब्रा.भा.
१५) उपनिषद्-ब्राह्मणभाष्य १६) संहितोपनिषद्-ब्रा.भा.
१७) वंशब्रा.भाष्य १८) शतपथब्राह्मणभाष्य ।

वर्तमानमा वेदको व्याख्या वा अर्थ ज्ञानका निम्ति प्रयोग गरिएका १) भारतवर्षीय पद्धति, २) पाश्चात्यपद्धति ३) आध्यात्मिकपद्धति मध्ये पाश्चायपद्धतिमा आधुनिक तुलनात्मक भाषाशास्त्र र इतिहासलाई आधार मानिन्छ, तर भारतवर्षीयपद्धतिमा गुरु परम्परालाई आधार मानेर वेदका अङ्ग, उपाङ्ग एवं इतिहास पुराणलाई साधनका रूपमा लिइन्छ । अध्यात्ममा प्रायः सबै शब्दलाई यौगिक मानेर एउटै परमेश्वरका अनेकौं नाम रूप भएको मानिन्छ । कतिपय शब्दहरुको पश्चिमी विद्वान्हरुले मनगढन्ते अर्थ लगाई वैदिक धर्म र भारतवर्षीय पुर्खालाई होच्याउने, अन्यथा सिद्ध गर्ने समेत प्रयत्न गरेका छन् । यस्तो भ्रमात्मक कुरा गुरुकुल परम्परा र वेदाङ्ग, उपाङ्ग एवं धर्मशास्त्र पुराणेतिहास आदिले स्वीकार गर्न दिदैन ।

७- आरण्यक :- वेदको तेस्रो भाग आरण्यक हो । गृहस्थाश्रमको समय तोकेर वानप्रस्थ आश्रममा प्रवेश गरी वन (आरण्य) को शान्त र एकान्त वातावरणमा परमार्थ निमित्त उपासना- आराधना गर्ने क्रममा प्रयोग हुने हुँदा वेदको यस भागलाई आरण्यक भाग अथवा प्राणविद्या (प्राणायामसाधना) पनि भनिन्छ । वेदका ११३१ शाखाको छुट्टा-छुट्टै आरण्यक थिए, तर वर्तमानमा ऐतरेय आरण्यक, आश्वलायन आरण्यक, बृहदारण्यक र तैत्तिरीय आरण्यकहरु समग्र रूपमा प्राप्त छन् । वैदिक गुरुकुल-परम्परा क्रमशः भएकोले आरण्यक मात्र हैन वेदका हजारौं शाखाहरुको पठन-पाठन परम्परानै छुटेको देखिन्छ । संभवतः तक्षशिला र नालन्दाका पुस्तकालयमा जलेर वेदका कतिपय ग्रन्थहरु समूल नै नष्ट भएको हुनु पर्दछ ।

८- उपनिषद्:- वेदको अन्तिम भाग तथा ब्रह्मविद्याका प्रतिपादक उपनिषद् उप+नि+षद् अर्थात् गुरु-सन्निधिवाट ब्रह्मसामीप्य, ब्रह्मसारुप्य अथवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मप्रार्पक विद्या मानिन्छ । उपनिषद्विद्या प्रस्थानत्रयी (गीता, ब्रह्मसूत्र र उपनिषद्) मध्ये मुख्य मानिन्छ । उपनिषद्ले भारतवर्षीय दार्शनिक पद्धतिलाई विश्वको सर्वोच्चतामा पुऱ्याएको छ । उपनिषद्हरुको संख्या निर्धारण बारे धेरै मत-मतान्तर छ । कोहीले १०८, कसैले ११७, कसैले १३३, उपनिषद् छन् भनेका छन् । अर्वाचीनकालमा आ-आफ्ना धर्म-सम्प्रदायसम्बन्धी उपनिषद् पनि बनाइएका कुरा अल्लोपनिषद् आदिबाट स्पष्ट हुन्छ । यिनीहरुको समेत संख्या २१३ पुगेको देखिन्छ । मद्रासबाट ६० वटा उपनिषद् प्रकाशित भएका छन् । निर्णयसागर प्रेसबाट १०८ उपनिषद् छापिएका छन् । शंकराचार्यले भाष्य लेख्नु भएका १० वटा उपनिषद्लाई प्राचीनतम र प्रामाणिक मानिन्छ । १७ रौं शताब्दीमा दाराशिकोहको आज्ञानुसार फारसीभाषामा अनुवाद भएको बुझिन्छ । उपनिषद्हरुको प्रामाणिकता र प्राचीनताको क्रममा ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, छान्दोग्य र बृहदारण्योकोपनिषद् समेत १० मुख्य हुन् । यद्यपि शंकराचार्यको भाष्य पाइन्न तापनि कौपीतकी, मैत्रायणी र श्वेताश्वतरोपनिषद्को उल्लेख शंकराचार्यले गरेको हुँदा यी तीन पनि प्राचीनतर नै मानिन्छन् । उपनिषद्कालबाट वैष्णव, शैव, शाक्त , आगम र तन्त्रको विकास भएको भन्ने कतिपय विद्वानको मत छ । श्वेताश्वतर उपनिषद्ले कपिल र सांख्य मतको पनि उल्लेख गरेको छ । वेदको त्रिदेवतावाद र त्रिलोकवाद उपनिषद्कालमा केही फरक देखिएको छ । मैत्रायणी उपनिषद्ले त्रिदेवमा ब्रह्मा, विष्णु र महेशलाई देखाएको छ । तैत्तिरीयोपनिद्ले महादेवलाई, कठोपनिषद्ले विष्णुलाई र ईश-केन आदिले परब्रह्म-परमेश्वरको सर्वोश्वरत्व मानेका छन् । आधुनिक इतिहासविद्हरु वि. पूर्व २५०० देखि १९०० वि.पू.को अवधिमा उपनिषद्हरु बनेको मान्छन् । १६४० ई. मा उपनिषद्को अनुवाद गराई १६५७ मा छापेर यवन राजकुमार दाराशिकोहले स्वयं पढेपछि यसतर्फ आकृष्ट भई काशी गएको देखिन्छ । काशीमा विद्वान्बाट अनुवाद गरिएका ५० उपनिषद्को फारसी अनुवादलाई दाराशिकोहले "महान् रहस्य" भन्ने नाम राखेर प्रकाश गरे । उनले कुरानमा संकेत भएको अस्पष्ट कुरा "किताविम मक्नुनिन" (गुप्तपुस्तक) भनेको उपनिषद्नै हो" भनेका छन् । यो फारसी अनुवाद फेन्च यात्री वर्निएरले फ्रांस लगेर ल्याटिनभाषामा अनुवाद गराई ल्याटिन १८०२ ई. मा प्रकाशित पनि गरे ।

यसरी नै वैदिक साहित्यको विकास क्रममा शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषशास्त्र समेत वेदका षडङ्गको रचना भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालक्रमले वेदाङग न पढी वेद पढ्न नसकिने पनि भयो । कल्पसूत्रका ४ विभाग बने, जस अनुसार श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्वसूत्रको विकास भयो । यसै क्रमले उपवेदहरुको पनि विकास भयो । यसरी वैदिक साहित्य आजको विश्वमा अद्वितीय र अपार ज्ञानराशि बोकेको मानव सभ्यताको जेठो साहित्य बन्न पुग्यो । यसक्रममा धर्मशास्त्र, पुराणेतिहास, मीमांसा र आन्विक्षिकी समेतका उपाङ्गहरुको पनि विकास भयो । ऋग्यजुसामार्थववेदका क्रमशः आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र स्थापत्य (वास्तु) वेद भन्ने ४ उपवेदको पनि विकास भयो । कोही अर्थशास्त्रलाई उपवेद मान्दछन् त केही आचार्यहरु इतिहासपुराणलाई पञ्चमवेद हो पनि भन्दछन् । कसैले साहित्यलाई पञ्चम-वेद पनि भनेका छन् । यसै गरी अर्थशास्त्र र दण्डनीतिको पनि विकास भयो । मानवजीवन किंवा राज्य प्रशासनका प्रत्येक पक्षमा हरेक विधामा अनेकौं ग्रन्थ र दर्शन तयार भए । यसै क्रममा लौकिक साहित्यमा रामायण, महाभारत, १८ पुराण, १८ उपुराण, १८ उपोपपुराण आदि अनेकौं ग्रन्थ तयार भए । अनि क्रमशः अर्थशास्त्र, राज्यशास्त्र, कामशास्त्र, वास्तुशास्त्र नीतिशास्त्र, काव्य, महाकाव्य, खण्डकाव्य, नव्यकाव्य, नाटक, चम्पू, मुक्तक, नाट्यशास्त्र आदिको विकास भयो । नाट्यशास्त्रका आचार्य भरतमुनि भन्दछन् ।

"जग्राह वाक्यं ऋग्वेदात् सामभ्यो गानमेव तु ।
यजुर्वेदादभिनयान् रसानाथर्वणादपि ॥"

यसप्रकार समग्र संस्कृत वाङ्मयको मूलस्रोत वेद नै रही आएको तथ्य समेत स्पष्ट हुन्छ र वेदमूलक भएर नै शास्त्रलाई प्रमाण मानिएको छ । पाश्चात्य विद्वान प्रो. मैक्समूलर भन्दछन् । "संसारको सबभन्दा पुरानो कविता ऋग्वेद हो । पुरानो साहित्य वैदिक साहित्य हो । पश्चिमी सभ्यता त पूर्वबाटै मिलेको हो । मूल त हाम्रो पनि पूर्व नै हो ।"

पश्चिमी विद्वान्हरुको योगदान

वैदिक वाङ्मयको प्रचारप्रसार एवं प्रकाशनमा हजारौं पश्चिमी विद्वान्हरुको महत्त्वपूर्ण योगदान रहेको छ, श्रम, साधन, र सम्पन्नताले समेत साथ दिएकाले पश्चिमी विद्वान्हरुको यो कार्य धेरै अगाडि बढेको छ । परम्परा अनुसार वैदिक शब्दहरुको उचित अर्थ न जानेकाले उनीहरुको अनुवाद ग्रन्थबाट हिन्दूहरू प्रति कतिपय अनुचित र निर्मूल भ्रम पनि परेको छ । तर त्यो कालक्रमले हट्दै गएको छ र जाँदै पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य जगत्मा वेदको ऐतिहासिक अध्ययन प्रक्रियालाई डा. राथले अगाडि बढाए । प्रो. मैकाडोनेल र कीथले १९१२ ई. मा वैदिक इण्डेक्स १-२ भाग प्रकाशित गरे । वेदमा उल्लिखित आर्य, वर्ण, जाति, कृषि, ज्योतिष आदि विषय र जनक, वसिष्ठ, याज्ञवल्क्य, विश्वामित्र आदिका नाम सूची समेत उक्त इण्डेक्समा बेलायतबाट प्रकाशित भएको छ । जो आज पनि वेद र वैदिक साहित्यको अध्यनमा धेरै सहयोगी छ । मैत्रायणी संहिता खोजेर प्रथम प्रकाशन गर्ने काम जर्मनका डा. श्रोदरले गरेका थिए । डा. कीथले यजुर्वेदमा वर्णन भएका सबै यज्ञहरूको एउटा सूची प्रकाशित गरेका छन् । यो सूची तैत्तिरीय संहिताको अंग्रेजी अनुवादको भूमिकामा छापिएको छ । डा. श्रोदर, डा. कीथ, प्रो. मोक्षमूलर, प्रो. राथ आदि पश्चिमी विद्वान्हरूले वेद, वेदाङ्ग सम्बन्धी अनेकौं ग्रन्थको प्रकाशन गरेका छन् । त्यसपछि मात्र भारतवर्षबाट स्वाध्यायमण्डल पारडी, गुजरात, बनारस, बम्बई आदिस्थानवाट संस्कृतका प्रशस्त ग्रन्थहरूको पुनर्मुद्रण भएको छ । जर्मनी, बेलायत, पेरिस आदि मुलुकहरूबाट पनि अनेकौं प्रकाशनका नामबाट धेरै वेद, वेदाङ्ग एवं अन्य ग्रन्थ छापिएका छन् । सर विलियम जोन्स आदिबाट "एशियाटिक सोसाइटी र पवित्र प्राच्य ग्रन्थमाला प्रकाशन अन्तर्गत वेद, वेदाङ्ग सहितका सयौं महत्वपूर्ण ग्रन्थहरूको प्रकाशन भएको छ ।

बेद र नेपालको सान्दर्भिकता

नेपालका हिमाली उपत्यकाहरू देवता, गन्धर्व, यक्ष, आदिको विहार क्षेत्र तथा ऋषिमहर्षिहरूको तपोभूमिका रूपमा विश्व प्रसिद्ध छन् । वेदले ***"यस्येमे हिमवन्तो महित्वा"*** (यजुर्वेद) भनेर सगरमाथा आदि हिमालयको महिमा बखानेको छ । ***"सा प्रथमा संस्कृतिर्विश्ववारा"*** (शु. य. वे.) भनेर हिमाली उपत्यकामा विकसित भएको वैदिक संस्कतिको श्रेष्ठतालाई दर्शाएको छ । यही हिमाली उपत्यकामा तपस्या साधना गरेर वसिष्ठ, पराशर, व्यास, वाल्मीकि, विश्वामित्र, आदि ऋषिमहर्षिहरूले वेदका मन्त्रलाई ऋक् यजु, साम र अथर्ववेदका रूपमा विभाजन गरेका थिए । शुक्लासरस्वती (सेती गण्डकी) का तीरमा बसेर उनले १८ पुराण, १८ उपपुराण, महाभारत, ब्रह्मसूत्र आदि ग्रन्थरत्नहरूको रचना गरेका थिए ।

यही वैदिक संस्कृति एवं संस्कृत वाङ्मयको भण्डारले राष्ट्रभाषा नेपाली एवं मैथिली,भोजपुरी, नेवारी, मगर, गुरुङ्ग, राई, लिम्बु, खश, सेर्पा, तामाङ आदि सयौं राष्ट्रिय भाषा र संस्कृतिलाई फस्टाउन सघाएको छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहांका वैदिक तान्त्रिक, वैष्णव, शैव, शाक्त, जैन, बौद्ध, शिख आदि धर्म सम्प्रदाय तथा चार वर्ण र नेवार, सेर्पा, राई मगर, गुरुङ्ग तमाङ्ग लिम्बु मैथिल आदि जातजातिहरूमा धार्मिक, सामाजिक सहिष्णुताको सञ्जीवनी दिएर जीवित राखेको छ । नेपाली संस्कृति र सभ्यताको समग्र रूपमा जन्मदेखि मरणसम्म र त्यस पछिका लौकिक पारलौकिक संस्कार, यज्ञकर्म, रीतिथिति, विधिविधान, सामाजिक मान्यता मर्यादाको श्रोत वैदिक वाङ्मय नै रहि आएको छ । वैदिक सभ्यता र संस्कृतिको केन्द्र वसिष्ठाश्रम, (देवघाट) व्यासाश्रम (दमौली), कौशिक विश्वामित्र आश्रम (कोशी-काकाक्षेत्र, वराहक्षेत्र) याज्ञवल्क्य, जनकनगर जनकपुर आदिले यस तथ्यको साक्ष्य दिइरहेछन् । यसरी राष्ट्रको समष्टिगत एकता अखण्डता कायम गर्नमा वैदिक संस्कृतिको ठूलो योगदान रहेको छ ।

विश्वको जेठो साहित्य भनिने ऋग्वेदको प्रथम मण्डल २४-३० सूक्तका करीव १०० मन्त्र विश्वामित्रका धर्मपुत्र शुनःशेपदृष्ट छन् । वसिष्ठका नाति शक्तिका छोरा पराशरदृष्ट मन्त्रहरु ऋग्वेदका प्रथम मण्डलका ६५-७३ सूक्तका करीव ६० मन्त्र छन् । महर्षि विश्वामित्रका करीव २३ सूक्त मन्त्रहरु ऋग्वेदको तेश्रो मण्डलमा छन् । महर्षि कौशिक विश्वामित्रले कोशीलाई आफ्नै बहिनीको रुपमा लिएका छन् । ब्रह्मर्षि वसिष्ठसंग सम्बद्ध मन्त्र ऋग्वेदको सप्तममण्डलमा लगभग पूरै छ । शतपथ ब्राह्मणको १४ धौं काण्ड (बृहदारण्यकोपनिषद्) मा पाइने राजर्षि जनकका सभासद् महर्षि याज्ञवल्क्य र उनकी धर्मपत्नी मैत्रेयी तथा परमविदुषी गार्गीको शास्त्रार्थ प्रसंगले पनि नेपालको मिथिला नगरीलाई वेद-ब्रह्मविद्या केन्द्रको रूपमा प्रस्तुत गरिरहेको छ ।

यसै गरी सीतोपनिषद् मुद्गलोपनिषद् आदिले पनि नेपालका प्राचीन विभूतिको वैशिष्ट्य स्पष्ट छ । महाभारतकालका शंख र लिखितको आश्रम संखुवा सभा, पल्लोकिरातका प्राचीन राजा एलम्वर (एकलव्य) आदिले पनि नेपालको प्राचीनता देखाउंछन् भने श्री रामचन्द्रले राजा दशरथलाई नेपालको मुक्तिक्षेत्र, वराहक्षेत्र यात्रा गराएका प्रसंगवाट पनि उक्त कुरा दर्शाएको छ । योगी नरहरिनाथको "आध्यात्मिक नेपाल" ले यसबारे अझ वढी तथ्य प्रस्तुत गरी नेपालको हिमाली उपत्यका प्राचीन वैदिक युगको उद्भवस्थलको रूपमा रहेको कुरामा महत्वपूर्ण प्रकाश पारेको छ । यसप्रकार वेद र नेपालको सान्दर्भिकताको प्रसंग विशेष महनीय मननीय हुन गएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्री

१. वैदिक साहित्य और संस्कृति पं. बलदेव उपाध्याय, बनारस, १९८० ई. ।

२. ऋग्वेदभाष्यभूमिका सं. जगन्नाथपाठक, चौखम्वा, बनारस, १९६८ ई. ।

३. संस्कृत साहित्यका इतिहास पं. वाचस्पति गैरोला, चौखम्वा बनारस, १९७५ ई. ।

४. बृहदेवता अनु. रामकुमार राय, चौखम्वा बनारस, २००२ वै. ।

५. संस्कृत हिन्दी कोश वामन शिवराम आपटे, मोतीलाल, बनारस, १९८१ ई. ।

६. वैदिक कोश: सूर्यकान्त, बी.एच.यु. बनारस, १९६३ ई. ।

७. वैदिक धर्म एवं दर्शन सूर्यकान्त, मोतीलाल, बनारस, १९९३ ई. ।

८. ईशाद्यष्टोतरशतोपनिषद् चौखम्वा, बनारस, १९९० ई. ।

९. आध्यात्मिक नेपाल योगी नरहरिनाथ, गुजरात, २०३८ वि.सं.।

१०. ऋग्वेदादिभाष्यभूमिका स्वा. दयानन्द सरस्वती, अजमेर, २०२२ वि.सं. ।

११. वैदिक वाङ्मय एक संक्षिप्त परिचय त्रि.वि. जर्नल, (६/१), १९७१ ई.

१२. आदर्श गाउं दमौली - तनहुं वर्ष १-२, गाउं सेवा स्मारिका ।

१३. महर्षि कौशिक - ध्येय चिन्तन, मातृभूमि सेवक संघ, काठमाडौं ।

१४. निरुक्तम् - महर्षि यास्क, चौखम्वा बनारस (सं. उमाशंकर "ऋषि") इत्यादि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"जयतु संस्कृतम्"

प्रा. लोकनाथ ढकाल

आदौ नारायणाख्यास्यान्निःसृतं ब्रह्मणोऽग्रतः ॥
सृष्टं जगद्यतो धात्रा सदा जयतु संस्कृतम् ॥१॥
विद्याधर्मोभयस्थानं जीवनं जीवसंस्कृतेः ॥
हिन्दुराष्ट्रप्रतिष्ठानं सदा जयतु संस्कृतम् ॥२॥
हिताहितोपदेशेन लोकयात्रा विधायकम् ॥
फलप्रदमिहामुत्र सदा जयतु संस्कृतम् ॥३॥
यद्वाक्यैरर्पितं वस्तु प्रीत्या गृह्णन्ति देवताः ॥
पितरोऽन्ये च पूज्यास्तान् सदा जयतु संस्कृतम् ॥४॥
जनकं विश्वभाषाणां पुरुषार्थप्रदर्शकम् ॥
वाणीभूतं सुराणां यत् सदा जयतु संस्कृतम् ॥५॥
जन्मतो मृत्युपर्यन्तान् संस्कारान् ब्राह्मणादयः ॥
पद्धत्या यस्य कुर्वन्ति सदा जयतु संस्कृतम् ॥६॥
भाषान्तरैरकथितं कथंचिदपि सर्वगम् ॥
येनोक्तं तत्परं ब्रह्म सदा जयतु संस्कृतम् ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यसत्य

सहा. प्रा. डा. काशीनाथ न्यौपाने

सिद्धार्थ गौतमको जन्म ५६३ ई.पू. लुम्बिनीमा भएको थियो । इनका पिता राजा शुद्धोदन एवं माता मायादेवी थिइन् । माया देवी आफ्ना माइत जाँदै गरेको वेलामा कपिलवस्तुबाट केही टाढा लुम्बिनी नामक शालवनमा सिद्धार्थको जन्म भएको कथा बौद्ध ग्रन्थहरुमा प्रसिद्ध छ । एकसप्ताहमानै मायादेवीको मृत्यु भएकाले इनको पालन पोषण सौतेनी आमा प्रजापति गौतमीले गरेकी थिइन् । तरुणसिद्धार्थको विवाह कोलियगणकी कन्या यशोधरा संग भएको थियो र सिद्धार्थले एउटा पुत्ररत्न प्राप्त गरे, जसको नाम राहुल राखियो ।

वृद्ध, रोगी, शब र प्रव्रजितलाई देखेर संसारबाट विरक्त भएर सिद्धार्थ घरबाट निस्कनु भयो र आलार कालाम एवं उद्दक रामपुत्र आदि प्रसिद्ध विद्वान्हरुबाट केही यौगिक विधि सिकेर सिद्धार्थ बोधगया गएर प्रायः ६ वर्ष जति लामो (योग) तपःबाट (सिद्धार्थ) बुद्ध हुनु भयो । घरबाट निस्केको कथा बुद्धले यस प्रकार व्यक्त गर्नु भएको छ -

"..... बुद्ध हुनु भन्दा पूर्व..... सुखमा सुख प्राप्त हुन सक्तैन, दुःखमा सुख प्राप्त हुन सक्छ । अत एव म तरुण, कालाकेश, तथा सुन्दर यौवन संग प्रथम वयःमा नै मातापितालाई अश्रुमुख छोडेर प्रव्रजित भएँ" (मज्झिमनि. २.४.५)

यसरी वहाँले सर्वप्रथम जुन ज्ञान प्राप्त गर्नु भयो त्यही आर्यसत्य हो । त्यसको संक्षिप्त विवरण यहाँ निर्दिष्ट छ -

धर्मचक्रप्रवर्तन

भगवान् बुद्धले साक्षात्कार गरेका चारओटा सत्यलाई नै आर्यसत्य भनिन्छ । यद्यपि सत्य चारओटा मात्र छन् भन्न सकिदैन, र पनि प्रमुख सत्यको सङ्ख्या ४ भएको हुनाले सर्वप्रथम भगवान् बुद्धले यिनैको उपदेश गर्नु भएको हो । यिनको प्रथम उपदेशलाईनै "धर्मचक्रप्रवर्तन" पनि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यसत्यशब्दार्थ

"आर्य" शब्दले विवेकशील[1] विद्वान्को निर्देश गरिएको हो । अथवा आर्य शब्द श्रेष्ठ अर्थमा पनि प्रयुक्त छ । अत एव विवेकशील विद्वान्ले मात्र जान्न सकिने भएकोले नै आर्यसत्य भनेको हो । सत्यहरुमध्ये श्रेष्ठभएको हुनाले नै आर्यसत्य भनेको हो । यी दुवै अर्थमा विद्वान्हरुका आफ्ना आफ्ना तर्कहरुछन् ।

चार आर्यसत्य

(१) दुःखम् - संसार दुःखमय छ ।

(२) समुदयः - दुःखको कारण पनि छ ।

(३) निरोधः - दुःखबाट छुटकारा पनि हुन्छ ।

(४) निरोधगामिनीप्रतिपद् - दुःखबाट छुट्ने उपाय पनि छ ।

प्रथम आर्यसत्य -"दुःख"

हे भिक्षुगण ! दुःख आर्यसत्य हो । (अर्थात् संसार दुःखमय छ) जन्मनु पनि दुःख हो । बूढो हुनु पनि दुःख हो । मरनु पनि दुःख हो । शोक, परिवेदना, दौर्मनस्य तथा परिश्रम यी सबै दुःख हुन् । अप्रियको प्राप्ति पनि दुःख हो । प्रियवियोग पनि दुःख हो । इप्सित वस्तु को अप्राप्ति पनि दुःख हो । संक्षेपमा भन्ने हो भने रागप्रभव पंच स्कन्धनै दुःख हुन् ।[2]

---

1 ऊर्णापक्ष्म यथैव हि करतलसंस्थं न विज्ञायते पुंभिः ।
अक्षिगतं तु तदेव हि जनयत्यरतिं च पीडां च ।
करतलसदृशो बालो न वेत्ति संस्कारदुःखतापक्ष्म ।
अक्षिसदृशस्तु विद्वान् तेनैवोद्वेजते गाढम् ॥

माध्यमिकवृत्तिः पृ. ४७६ बौद्धभारती, वाराणसी ।

2 इदं खो पन भिक्खवे दुक्खं अरियसच्चं । जाति पि दुक्खा जरापि दुक्खा । व्याधि पि दुक्खा । मरणं पि दुक्खं । अपिये हि सम्पयोगो दुक्खो । पिये हि विप्पयोगो दुक्खो । यं पि इच्छति न लभति तं पि दुक्खं संखित्तेन पञ्चु पादानक्खन्धा दुक्खा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय आर्यसत्य –"दुःखसमुदय"

हे भिक्षुगण ! दुःखसमुदय आर्यसत्य हो । दुःखको वास्तविक हेतु तृष्णा हो । जसले गर्द वारम्बार प्राणिहरु उत्पन्न हुन्छन् । त्यो तृष्णा विषयका रागले रञ्जित छ । तथा उसले ती विषयलाई अभिनन्दन (स्वीकृत) गर्छ । तृष्णाका तीन प्रकार छन् - (१) काम तृष्णा, (२) भवतृष्णा तथा (३) विभवतृष्णा ।

(१) कामतृष्णा - अनेकविध विषयभोगको इच्छा ।

(२) भवतृष्णा - जन्मको तृष्णा, या संसारमा आफ्नु सत्ता वनाइरहने इच्छा ।

(३) विभवतृष्णा - संसारको उच्छेदको इच्छा ।[3]

तृतीय आर्यसत्य – "दुःख-निरोध"

हे भिक्षुगण ! दुःखनिरोध पनि आर्यसत्य हो । तृष्णावाट पूर्णरूपले वैराग्य हुनु नै दुःख निरोध हो । तृष्णा त्याग, प्रतिसर्ग, मुक्ति तथा अनालय यही तृतीय आर्यसत्य हो ।[4]

चतुर्थ आर्यसत्य – निरोधगामिनी प्रतिपद्

हे भिक्षुगण ! दुःखनिरोध गामिनी प्रतिपद् पनि आर्यसत्य हो (दुःखनिरोध = नाश, गामिनी = गर्ने, प्रतिपद् = मार्ग) यसैलाई नै आर्याष्टाङ्गिक मार्ग पनि भन्दछन् । जस्तै -[5]

---

[3] इदं खो पन भिक्खवे दुःखसमुदयं अरियसच्चं । या यं तण्हा पोनोभविका नन्दिरागसहगता तत्र तत्राभिनन्दिनी सेय्यथीदं काम तण्हा, भवतण्हा, विभवतण्हा ।
- महावग्गो पृ. २

[4] इदं खो पन भिक्खवे दुक्खनिरोधं अरियसच्चँ । यो तस्सा एव तण्हाय असेसविरागनिरोधो चागो परिनिस्सग्गो मुक्ति अनालयो ।

[5] इदं खो पन दुक्खनिरोधगामिनी प्रतिपदा अरियसच्चं । अयमेव अरियो अट्ठङ्गिको मग्गो, सेय्यथीदं सम्मा दिट्ठि, सम्मा संकप्पो, सम्मा वाचा, सम्मा कम्मन्तो, सम्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) सम्यक् दृष्टि
(२) सम्यक् सङ्कल्प
- प्रज्ञा

(३) सम्यक वाचा
(४) सम्यक् कर्मान्त
(५) सम्यक् आजीविका
- शील

(६) सम्यक व्यायाम
(७) सम्यक् स्मृति
(८) सम्यक् समाधि
समाधि

आर्य अष्टाङ्गिकमार्ग

(१) सम्यक् दृष्टि

दृष्टि = ज्ञान । जसले अकुशल, अकुशलमूल, कुशल तथा कुशलमूललाई जान्दछ त्यही व्यक्ति सम्यक्दृष्टिसम्पन्न मानिन्छ ।

कायिक वाचिक तथा मानसिक कर्म दुई प्रकारका हुन्छन् । राम्रा (कुशल) र न राम्रा (अकुशल) । यी दुवै कर्मलाई राम्ररी जान्नु भै सम्यक् दृष्टि हो । यी दुवै प्रकारका कर्म निम्न छन् -

कायकर्म - (१)

अकुशल	कुशल
(१) प्राणातिपात = हिंसा	अहिंसा
(२) अदत्तादान = चोरी	अचौर्य
(३) मिथ्याचार = व्यभिचार	अव्यभिचार

आजीवो सम्मा वायामो, सम्मा सति, सम्मा समाधि, अयं खो सा भिक्खवे ! मज्झिमा पतिपदा तथा गतेन अभिसंबुद्धा । - महावग्गो पृ. ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाचिककर्म - (२)

(४) मृषावचन = असत्यवचन	अमृषावचन
(५) पिशुनवचन = चुगलखोरी	अपिशुनवचन
(६) परुषवचन = कटुवचन	अकटुवचन
(७) संप्रलाप = व्यर्थवकवाद	असंप्रलाप

मानसकर्म - (३)

(८) अभिध्या = लोभ	अलोभ
(९) व्यापाद = प्रतिहिंसा	अप्रतिहिंसा
(१०) मिथ्यादृष्टि = झूठो धारणा	अमिथ्या दृष्टि

लोभ, दोष र मोह अकुशलका मूल हुन्, अलोभ, अदोष र अमोह कुशलका मूल हुन् ।

(२) सम्यक् सङ्कल्प

सम्यक् सङ्कल्पको अर्थ ठीक ठीक निश्चय ।

यहाँ निश्चयको तात्पर्य - निष्कामना, अद्रोह तथा अहिंसाको निश्चय । सबै दुःखको मूल कामना हो अत एव विषयको कामना न गर्नु, कसैको द्रोह = असूया न गर्नु र कसैको हिंसा न गर्नु नै सम्यक् सङ्कल्प हो ।

(३) सम्यक् वचन

सत्यभाषण नै सम्यक् वचन हो । असत्य भाषणले व्यक्ति नरक जान्छ । त्यो व्यक्ति पनि नरक जान्छ जो कुनै काम गरेर पनि गरिन भन्छ अत एव सत्य भन्दा ठूलो कुनै धर्म छैन त्यही सम्यक् वचन हो ।[6] हजार

---

6 अभूतवादी निरयं उपेति यो वापि कत्वा नकरोमीति चाह ।
उभोपि ते पेच्च सभा भवन्ति निहीनकम्मा मनुजा परत्थ ॥

धम्मपद ८.१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यर्थवाणीको कुनै फल छैन तर एक मात्र पनि सार्थकवाणी शान्तिदायक हुन जान्छ । [7]

(४) सम्यक् कर्मान्त

राम्रो कर्म गर्नु नै सम्यक् कर्मान्त हो । राम्रो कर्मको अर्थ पञ्चशीलको परिपालन हो । (१) प्राणातिपातविरति (२) अदत्तदानविरति, (३) काममिथ्याचारविरति, (४) मृषावादविरति, तथा (५) सुरा-मैरेय-प्रमाद-स्थान विरति, यिनै पञ्चशील हुन् ।[8] भिक्षुहरुका लागि दशशीलको विधान गरेको छ । ती हुन । (६) अपरान्हभोजन, (७) मलाधारण, (८) संगीतश्रवण, (९) सुवर्ण तथा (१०) अमूल्य शय्यायको परित्याग । जसले पञ्चशीलको (र भिक्षुले दशशील) पालन गर्दैन त्यस्ले आफ्नुलाई आफै. खन्छ ।[9] दश (या पञ्च) शीलवको पालना र हिंसा, चोरी, व्यभिचार आदि शीलविरुद्ध कर्मको परित्याग नै सम्यक् कर्मान्त हो । यसरी जसले आफ्ना इन्द्रियहरुलाई वशमा राख्न सक्छ त्यसैले निर्वाण प्राप्त गर्न सक्छ । किनकि आफैं मालिक हो । [10]

(५) सम्यक आजीव

अनिन्दित या अनिषिद्ध ठीक जीविका नै सम्यक् आजीव हो । पाँच प्रकारका जीविकाको भगवान् बुद्धले निषेध गर्नुभएको छ । (१) सत्य

---

7 सहस्समपि चे वाचा अनत्थपदसंहिता ।
एकं अत्थपदं सेय्या यं सुत्त्वा उपसम्मति ॥

धम्मपद ८.२

8 शब्दान्तरमा "अहिंसा, सत्य, अस्तेय, ब्रमहचर्य, सुरामैरेय त्याग नै "पञ्चशील हो ।

9 यो पाणमतिपातेति मुसावादं च भासति ।
लोके अदिन्नं आदियति परदारञ्च गच्छति ॥
सुरामेरयपानं च यो नरो अनुयुञ्जति ।
इधेवमेसो लोकस्मिं मूलं खनति अत्तनो ॥

धम्मपद १८ -१२/१३

10 अत्ता हि अत्तनो नाथो को हि नाथो परो सिया ।
अत्तनो व सुदन्तेन नाथं लभति दुल्लभं ॥

धम्मपद १२/४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वणिज्जा - शस्त्रव्यापार (२) सत्तवणिज्जा - प्राणीव्यापार, (३) मंसवणिज्जा - मासुको व्यापार, (४) मज्जावणिज्जा - मदिरा रक्सि आदिको व्यापार र (५) विस वणिज्जा - विषको व्यापार पनि निषिद्ध छ ।।

उपयुर्क्त आजीवका वाहेक अन्य आजीविका गर्नु नै सम्यक् आजीव हो ।

(६) सम्यक् व्यायाम

इन्द्रिय संयम, खराब भावना रोक्नु, राम्रो भावनाको उदय र त्यस्का लागि गरिने प्रयत्न नै सम्यक् व्यायाम हो ।

(७) सम्यक स्मृति

स्मृति प्रस्थान चार प्रकारका छन् : (क) कायानुपश्यना (ख) वेदनानुपश्यना (ग) चित्तानुपश्यना तथा (घ) धर्मानुपश्यना ।

(१) कायानुपश्यना, काय - शरीर मलमूत्र केशनख अस्थिमज्जा आदिको समूहमात्र हो भन्ने निश्चय नै कायानुपश्यना हो ।

(२) वेदना विविध हुन्छ, सुखवेदना दुःखवेदना असुख अदुःख वेदना यी त्रिविध वेदना लाई जान्नु नै वेदनानुपश्यना हो ।

(३) चित्त कहिले सराग हुन्छ कहिले विराग, कहिले काही सुद्वेष र वीतद्वेष, कलिहे समोह र विमोह, चित्तका यी अनेक अवस्थालाई जान्नु नै चित्तानुपश्यना हो ।

(४) धर्मका अनेक भेद छन् : नीवरणकाम छन्द- कामुकता, व्यापाद - द्रोह स्त्यानमृद्ध - आलस्य, औद्धत्य - कौकृत्य - उद्वेग -खेद, चिकित्सा - संदेह स्कन्ध आयतन, वोध्यङ्ग र आर्यसत्य । यी विभन्न धर्मको चार प्रकारका स्मृतिप्रस्थानको विज्ञान नै सम्यक्स्मृति हो ।

।। पंचविध निषिद्ध आजीविका वाहेक व्यापारमा माग गरिने अन्य असत्यव्यवहार - तराजु [illegible] गरिने ठगी, तौलमा, घूस, वंचना, कृतध्नता कुटिलता, छेदन वध, लूटपाट आदिको प्रति निषेध सम्यक् आजीवमा पर्दछ । (द्रष्टव्य लक्खणसुत्त - ३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(८) सम्यक् समाधि

कुशलचित्तको एकाग्रता ने सम्यक् समाधि हो । जबसम्म चित्त सुभावित हुँदैन तब सम्म रोगबाट उसको रक्षा हुन सम्भव छैन । समाधिको फल हो प्रज्ञाको उदय । प्रज्ञा विविध हुन्छ । (१) श्रुतमयी - प्रमाणद्वारा उत्पन्न, (२) चिन्तामयी - युक्तिद्वारा उत्पन्न, (३) तथा भावनामयी समाधिद्वारा उत्पन्न । समाधियुक्तचित्त कामाश्रव - भोगेच्छा, भवाश्रव - जन्मेच्छा तथा अविद्याश्रव - अज्ञानता बाट विमुक्त हुन्न । त्यही बाट निर्वाणको बाटो खुल्दछ । पापनगर्नु, पुण्यसंचय गर्नु र चित्तको परिशुद्धि

सब्बपापस्स अकरणं कुसलस्स उपसम्पदा ।
स चित्त परियोदपनं एतं बुद्धान सासनं ॥

धम्मपद १४।५

चार आर्यसत्यको अन्यत्र अनुवाद

उपर्युक्त चार आर्यसत्यलाई व्यासभाष्यमा[12] यसरी अनुवाद गरियो *"यथा चिकित्साशास्त्रं चतुर्व्यूहं रोगाः, रोगहेतुः, आरोग्यं, भैषज्यमिति । एवमिदमपि शास्त्रं चतुर्व्यूहं तद्यथा संसार, संसारहेतु, मोक्षो मोक्षोपाय इति" ।*

जस्तै चिकित्साशास्त्रमा रोग रोगको कारण आरोग्य र औषधि हुन्छन् त्यसरी नै यो शास्त्रमा संसार (दुःख) संसारहेतु (दुःखकारण) मोक्ष (दुःखनाश), र मोभ्रोपाय दुःखनाशको उपाय) छन् ।

12 पात, व्यासभाष्य २.१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवतको काव्यात्मक पक्ष

- उप प्रा. गोपीकृष्ण उपाध्याय गौतम

संस्कृत वाङ्मयमा श्रीमद्भागवत एक अलौकिक रसको प्रतिनिधि हो । वाङ्मयका विभिन्न वेद, पुराण र काव्यको श्रीमद्भागवत एक्लैले उद्बोधन गर्दछ । अर्थात् श्रीमद्भागवत शब्द प्रधान वेदलेझैं आज्ञा दिन्छ अर्थ प्रधान पुराणले झैं हित कुराको उपदेश गर्दछ भने रस प्रधान काव्यले झै रसामृत द्वारा पाठक तथा श्रोताहरुलाई मोहित बनाउँछ । अतः एक भएर पनि यो त्रिवृत् अर्थात् तीन गुणले परिपूर्ण छ । यसैले भनिएको पनि छ कि

वेदः पुराणं काव्यं च प्रभुर्मित्रं प्रियेव च ।
बोधयन्तीति हि प्राहुस्त्रिवृद् भागवतं पुनः ॥

त्रिविध रुप स्वीकार गर्नु काठिन्यको द्योतक हो तापनि स्तुति अंश र वर्णन अंशमा विचित्र प्रतिभा र अमृतमय शब्दको सुन्दर विन्यास भने यत्र तत्र पाइन्छ । श्रीमद्भागवतका कवितामा अद्भूत चमत्कार छ र सयकडौं वर्ष देखि सहृदय पाठकलाई आफ्ना शव्द माधुरी र अर्थ चातुरीद्वारा आकृष्ट गर्न सक्नु नै यसको विशेषता हो । नवीन साहित्यको उदयले पनि यसको आकर्षणमा कुनै किसिमको कमी आएन ।

भागवत रसमय माधुर्यको अगाध स्रोत हो । विभिन्न परिस्थिति अनुसार परिवर्तन हुने मानव हृदयलाई उद्वेलित गराउने भावलाई चित्रण गर्नमा भागवत अद्वितीय मानिन्छ । यसमा हृदय पक्षका साथ साथै कला पक्षको पनि उत्तिकै प्रबता पाइन्छ । मथुरा र द्वारकाको जति कलात्मक सौन्दर्यको वर्णन यसमा छ त्यतिनै विभिन्न भयानक युद्धको चित्रण स्वभाविक र यथार्थ पनि । केशी नामको दानवले घोडाको विकराल रुप लिएर श्रीकृष्णका प्रति आफ्नो युद्ध कौशलको जुन परिचय दियो त्यो यथार्थ वर्णन पाठकहरुको अगाडि तथ्य साबित भएको छ । यसरी नै मगध नरेश जरासन्ध र भीमसेनको प्रलयङ्कर गदायुद्धको अतिशय रोमाञ्चकारी चित्रण भागवतमा प्रौढ भाषामा वीरताका साथ गरिएको छ ।

द्वारकापुरी वर्णन प्रसङ्गमा झर्नाबाट निस्कने अगुरू धूपलाई देखेर श्याम मेघको भावनाले नाच्ने मदोन्मत्त मयूरको नृत्य कति आनन्ददायक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मनोहर प्रतीक हुन्छ हेरौं–

रत्नप्रदीपनिकरद्युतिभिर्निरस्तध्वान्तं विचित्रवलभीषु शिखण्डिनो ऽङ्गः ।
नृत्यन्ति यत्र विहितागुरूधूपमक्षैर्नियन्त्यभीक्ष्य घनबुद्धय उन्नदन्तः॥
भा. १०/६९/१२

त्यसरी नै स्वाभाविक छ मथुरामा कृष्णचन्द्रको आगमनलाई सुनेर आफ्ना श्रृङ्गारभूषालाई समाप्त नगरी अटालिबाट हेर्ने सुन्दरीहरूको सुन्दरताको वर्णन पनि ।

आलोचकका दृष्टिमा भागवत ऋतुवर्णनको आध्यात्मिक पक्ष प्रस्तुत गर्न ज्यादै सक्षम र प्रसिद्ध छ । दशमस्कन्धको पुरै एक अध्यायमा वर्षा र शरद् ऋतुको आध्यात्मिकताले परिपूर्ण प्रसंग अनुपम र चमत्कारपूर्ण मानिन्छ । वर्षाका ताडनाले प्रताडित भए तापनि अलिकति पनि दुःखी नहुने पर्वतहरूसंग जस्तोसुकै विपत्तिमा पनि व्यथित नहुने भगवन्निष्ठ भक्तजनहरूको तुलना गरिएको छ । हावाका सहायताले माथि उठेका तरङ्गमालाले सहित समुद्र नदीहरूको समागमले त्यसरी नै क्षुब्ध हुन्छन् जसरी कि परिपक्व योगीको वासनापूर्ण चित्त विषयको सम्पर्कले क्षुब्ध भएर जागृत हुन्छ ।

वर्षा पश्चात् शरद्को चारूता र रूचिरताको सुन्दर सौरभ पृथिवीमा देखिन्छ । रातमां चन्द्रमाको अमृतधाराले सूर्य सन्तप्त प्राणीलाई सेचन गरी सन्ताप रहित बनाउँछ । शब्द ब्रह्मद्वारा अर्थ प्राप्त गरी योगीको सात्त्विक चित्त विकसित हुन्छ जसरी त्यसरीनै तारामण्डलले मण्डित मेघविहीन आकाश चम्किरहन्छ । जस्तैः-

खमशोभत निर्मेघं शरद्विमलतारकम् ।
सत्त्वयुक्तं यथाचित्तं शब्दब्रह्मार्थदर्शनम् ॥

भागवतको सबभन्दा सुन्दर र मधुर वर्णनको अंश गोपिनीहरूको श्रीकृष्णचन्द्रका साथ सुन्दर प्रेमलीलावर्णन हो । गोपिनीहरू भगवान् श्रीकृष्णका चरणारविन्दमा आफ्नो जीवन समर्पण गर्ने भगवन्निष्ठ प्रेमिकाहरू हुन् । त्यसैले कृष्णको संयोग तथा वियोगमा उभय प्रकारको भावनाको चित्रण कविले आफ्नो गहीरो अनुभूतिद्वारा मनोवैज्ञानिक भावविश्लेषण गरी प्रदान गरेका छन् । यस्ता प्रसङ्ग जहाँ भक्त आफ्ना हृदयको अन्तरालमा कल्लोलित भावलाई अभिव्यक्त गर्दछ ती गीतका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामले प्रसिद्ध छन् । यी गीतहरू भागवतको दशमस्कन्धमा प्रशस्त पाइन्छन् । जस्तै:- वेणुगीत, गोपीगीत, मुशलगीत, महिषीगीत, भ्रमरगीत आदि । जुन गीतहरूमा कविले आफ्ना भव्य वाणीद्वारा माधुर्य प्रदर्शित गरी रसिकहरूको हृदयमा मनोरम रसको सृष्टि गरिदिन्छन् । जुन कुरालाई आलोचकहरू भागवत रस भनेर भन्दछन् । कृष्णचन्द्रको विरहमा व्याकुल रानी गोपिनीहरूको कथन कति मीठो र मर्मस्पर्शी छ हेरौ त ?

कुररि विलपसि त्वं वीतनिद्रा न शेषे
स्वपिति जगति रात्र्यामीश्वरो गुप्तबोधः ।
यमिव सखि कश्चित् गाढनिर्भिन्नचेता नलिननयनहासोदारलीलेक्षतेन ॥

अर्थात् - हे कुररि । संसारमा सबैतिर चकमन्न छ, अहिले स्वयं भगवान् आफ्नो अखण्ड बोधलाई आफैभित्र लुकाएर शयन गर्नु भएको छ, तर तिमीलाई निद्रा किन लागेन ? साथी, कमलनयन भगवान्का मधुरहास्य तथा लीलाले भरिपूर्ण उदार चित्तमा हाम्रो जस्तो तिम्रो पनि हृदय व्यथित भएर त होइन ?

वेणुगीतमको कृष्णको मुरली वादनको विश्वव्यापक प्रभाव परेको वर्णन यति सूक्ष्म र सुन्दरताले भरिएको छ कि हृदयमा एक अद्भूत चमत्कारनै उत्पन्न हुन्छ । मुरलीको प्रभाव केवल जङ्गम प्राणीमा मात्र नभै स्थावर जगत्मा पनि जागरूक र क्रियाशील थियो । नदीहरु वेणुगीतमा जति आकर्षित थिए त्यतिनै सुन्दर र स्वाभाविक रूपमा समर्पित पनि । जस्तै:-

नद्यस्तदा तदुपधार्य मुकुन्दगीतमावर्तलक्षितमनोभवभग्नवेगाः ।
आलिङ्गनस्थगितमूर्मिभुजैर्मुरारेर्गृह्णन्ति पादयुगलं कमलोपहाराः ॥

नदीहरू पनि मुकुन्द भगवान्को गीतलाई सुनेर भ्रमरद्वारा आफ्ना हृदयमा श्यामसुन्दरसंग मिल्ने तीव्र आकांक्षा प्रकट गर्दैछन्, त्यसैले नदीको वेगप्रवाह रोकिएको छ । उनीहरू आफ्ना तरङ्गरूपी हातद्वारा श्याम सुन्दरका चरणारविन्दलाई पकडी कमलका फूल उपहार दिई अङ्कमाल गर्दैछन् वा आफ्नो हृदय भगवान्प्रति समर्पण गर्दैछन् ।

रासपञ्चाध्यायी भगवान्को हृदय हो । जसमा महर्षि व्यासले श्रीकृष्ण र गोपीहरूका बीच रासलीलाको सुमधुर वर्णन गरेका छन् । यसको आध्यात्मिक महत्त्व जति महत्त्वपूर्ण छ त्यति नै साहित्यिक गौरव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि । गोपिनीहरूले कृष्णको वियोगमा वा अन्तर्धानको समयमा कोमल शब्दावलिद्वारा जुन भाव अभिव्यक्त गरेका छन् त्यो ज्यादै रूचिकर र सरस छ । उदाहरणको निम्ति कुनै एक पद्यः-

तव कथामृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम् ।
श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः ॥

अर्थात् सन्तप्त प्राणीहरूलाई जीवन दिने तपाईका कथा अमृतमय छन् । ब्रह्मज्ञानीहरूले पनि देव-भोग्य अमृतलाई तुच्छ मानेर यसको प्रशंसा गरेका छन् । अमृतमय कथाले सारा कल्मषलाई नाश गरी काम्य कर्मलाई निरस गराउँछ । सुन्नाले मात्र पनि मङ्गल गर्दछ र चित्त शान्त रहन्छ । यस्तो अद्भूत कथामृतलाई जसले विस्तारपूर्वक स्वर लय वा सङ्गीतमय लयले गाउँछ त्यसले पूर्वजन्ममा धेरै दान पुण्य गरेको हुनुपर्दछ नत्र ता त्यो सौभाग्य भौतिक भोगविलासमा भौतारिनेले कहाँ पाउन सक्छ र ?

भ्रमरगीत भागवतको एक मार्मिक तथा हृदयावर्जक गीतिकाव्य हो । जसको प्रेरणाले अनेकौं भ्रमरगीत उद्धवदूत हिन्दी र संस्कृत भाषमा प्रकाशित भएर रसिकहरूको हृदयावर्जन गरिरहेको छ । हुनत भ्रमरगीतमा केवल दश श्लोक छन् तैपनि त्यसको भित्री गाम्भीर्य र परिपाकले गर्दा काव्य रसिकको चित्तलाई हठात् आकृष्ट गर्दछ । यसमा उपालम्भको भावना मुख्यतया अभिव्यक्त गर्नुका साथै श्रीकृष्णका प्रति अकृतज्ञता र क्षणभङ्गसौहृदताको वा मित्रताको गम्भीर आरोप लगाइएको छ ।

भ्रमरगीतको गम्भीर मीमांसा साहित्यशास्त्रीय दृष्टिले भागवतका टीकाकारहरूले बडो मार्मिकताका साथ गरेका छन् । श्रीकृष्णका प्रति गम्भीर आरोपका सम्बन्धमा -

मृगयुरिव कपीन्द्रं विव्यधे लुब्धधर्मा
स्त्रियमकृतविरूपां स्त्रीजितः कामयानाम् ।

बलिमपि बलिमत्वावेष्टयद् ध्वाङ्क्षवद् य-
स्तदलमसितकृत्वैः दुस्त्यजस्तत्कथार्थः ॥

अर्थात्- व्याधाको धर्मलाई स्वीकार गर्ने रामले व्याधाले झैं कपिराज वालीलाई मारी पत्नीका वशमा भएका रामले कामासक्त शूर्पणखाको नाक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
कान काटेर कुरूप बनाए । बलिको सर्वस्व गरेर उसलाई पाताल पठाइ दिए, जसरी कागले बलि खाएर बलिदिनेलाई नै आफ्ना साथीहरूद्वारा धेरी दुःख दिन्छ त्यसरी नै हामीलाई पनि कृष्ण संग कुनै प्रयोजन छैन । हामीलाई समस्त कालावस्तुदेखि नै अनुराग छैन भने तिमीहरू किन अनुरक्त बन्दछौं । यसको सही उत्तर हो जसले एकपटक उसको स्वाद पाइसकेको छ त्यसलाई छोड्न बहुत गाऱ्हो हुन्छ । श्रीकृष्णकथा दुस्त्यज (छोड्न न सकिने) कसरी भयो ?

यदनुचरितलीलाकर्णपीयूषविप्रुट् सकृददनविधूतद्वन्द्वधर्मा विनष्टाः ।
सपदि गृहकुटुम्बं दीनमुत्सृज्य दीना बहव इह विहङ्गा भिक्षुचर्यां चरन्ति ॥

अर्थात् श्रीकृष्णका लीलामृतको एक थोपालाई मात्र पनि यदि कसैले आफ्ना कानद्वारा सुनेको छ भने उसका सारा रागद्वेषरूपी मलिनता नाश हुन्छन् र उ आफ्ना घर परिवारलाई छाडेर स्वयं अकिञ्चन बन्दछ । खोज तलाश गरेर चारो बटुल्ने पक्षीले झैं उ भिक्षा मागेर जीवन निर्वाह गर्दछ र दीनहीन अवस्थामा पनि श्रीकृष्णका लीलामृत कथालाई छोड्दैन । हामीले पनि सांसारिक नातालाई छोडी श्यामसुन्दरसंग नाता जोड्न सक्यौं भने मात्र भवसागर पार हुन सकौंला नत्रता भवाटवीमा रूमलिदैं ***पुनरपि जननं पुनरपि मरणं पुनरपि जननीजठरे शयनम्*** हुनु पर्ला अस्तु ।

वास्तवमा श्रीमद्भागवतमा विशेषतः बालकृष्णको माधुर्य गर्भित ललित लीलाले भरिपूर्ण भए तापनि यो सौन्दर्य र माधुर्यको स्रष्टा मात्र होइन जीवनका कोमल र सुन्दर भावनाको अजस्र श्रोत पनि हो । त्यतिमात्र नभै यो जीवन सरितालाई सरसमार्गमा प्रवाहित गर्ने मानसरोवर हो । हाम्रा साहित्यमा प्रगीत मुक्तकका प्रखर रहस्य र व्यापक भावनाहरू भित्र लुकेर वसेका छन् । त्यसैले वात्सल्य र श्रृङ्गारका विभिन्न अभिव्यक्ति र सुन्दर चित्रणले हाम्रो साहित्य जति सरस र रस-स्निग्ध छ त्यतिनै कोमल र हृदयावर्जक पनि । दुइ ार उदाहरण जस्तैः-

"जिह्वा यदा स्वं दशति स्वदद्भिस्तद्वेदनायै कतमाय कुप्येत् ।
स्कन्धात् स्कन्धे नयन् मारं विश्रामं मन्यते यथा ।
तद्वत् सर्वमिदं लोके दुःखं दुःखेन शाम्यति ॥

आदि जस्ता उपमा अलङ्कार र *"विभ्रमो यत्र नारीषु न विद्वत्सु च कर्हिचित् । नद्यः कुटिलगामिन्यो न यत्र विषये प्रजा : ।* इत्यादि श्लेपालङ्कारका साथै अरू पनि अलङ्कार युक्त चमत्कारी चित्रण भागवतका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथै पौराणिक साहित्यमा यत्र तत्र पाइन्छ । ब्रह्मपुराणको शिव पार्वती स्वयंवर तथा विवाह प्रसङ्ग र वसन्तादि छ ऋतुको वर्णनले पनि पौराणिक साहित्य काव्यगत समस्त सौन्दर्य मण्डित तथा दिव्य आमोदले गर्दा महनीय छ ।

***

बुद्धिविनोद-प्रश्नोत्तर

प्रश्न - प्रमाणशाली श्रुति-शास्त्र जो छन,
अहो ! उनैमा झगडा टनाटन ।
यथार्थ के हो किन छैन मेलन,
तँलाई मालुम् छ कि यो कुरा मन ॥

उत्तर - नानथरि यो अधिकारिवर्ग छ,
सबै जनालाइ उतार्नुपर्दछ ।
आभास देखिन्छ विरोधको अतः,
तात्पर्य यौटै सबको छ वस्तुतः ॥

प्रश्न - कतै छ एकत्व कतै अनेकता,
कतै सबै शून्य कतै क्रियात्मता ।
म सत्य मानूँ कसको विवेचन,
तँलाई मालुम् छ कि यो कुरा मन ॥

उत्तर - ती ती अवस्थान्तरका विवेचन,
सबै हुनन् यी उपयुक्त साधन ।
तथापि अद्वैत विवेकको मत,
देखिन्छ राम्रो श्रुति-वाक्य-सम्मत ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन अभिलेखहरुको असंगत व्याख्याको निराकरण

सहा. प्रा. दिवाकर आचार्य

पुरातत्व विभागको मुखपत्र "प्राचीन नेपाल" का पुराना अंकहरु उल्टिदै जाँदा एकै प्रकृतिका र एकै लेखकका दुई लेखहरुमाथि मेरो दृष्टि गयो जसमध्ये पहिलो लेख *संख्या ११९ मा "पशुपति प्राङ्गणाभिलेखको परिष्कार"* शीर्षकमा प्रकाशित थियो भने दोश्रो लेख *संख्या १२१-१२२ मा "हाँडिगाउँ सत्यनारायण-स्थानको अनुपमको अभिलेख" (सानुवाद परिष्कृत रूपमा)"* शीर्षकमा प्रकाशित थियो र यी दुवै लेखका लेखक हुनुहुन्थ्यो - वेणीमाधव ढकाल । वहाँको यो प्रयास स्तुत्य थियो । वहाँले परिष्कार एवं व्याख्या गर्नुभएका यी दुवै अभिलेख विशेष महत्त्वका थिए र यिनको खण्डितांशपूर्ति गरी यथार्थ व्याख्या गरिनु अति आवश्यक थियो । यो कार्य सजिलो पनि थिएन र यसका लागि धैर्य, तार्किकता, संस्कृत भाषाको अकृत्रिम ज्ञान एवं दर्शन तथा काव्यशास्त्रको राम्रो दखलको दरकार पर्थ्यो । मैले दुवै लेख पूर्ण मनोयोगपूर्वक पढें । तर विद्वान्मा संस्कृतज्ञ ढकालजीले जसरी "खण्डितांशपूर्ति गर्दा बाँकी रहेका सग्ला अक्षर, शब्द, वाक्य, छन्द र विषयवस्तुको आत्मासंग एकाकार भइ उनीहरुको आकांक्षाको मर्म बुझाई अनुसार ती ती दर्शन र महाभारतको समेत भावलाई ध्यानमा राखेर"[१] कलम चलाउने प्रतिज्ञा गर्नुभएको छ र साथसाथै जसरी आफ्नो परिष्कारलाई "इतिहास र विषयवस्तुसंग अन्याय गरी भावनाको प्रवाहमा गरिएको नभएर कलापक्ष र चिन्तनपक्षको उचित सम्मानसाथ" गरिएको दावी गर्नुभएको छ त्यसरी नै आफ्नो उत्तरदायित्वको निर्वाह भने गर्नुभएको छैन भन्ने मैले पाएँ । वहाँले परिष्कारका नाममा मूल अभिलेखमा रहेको शुद्ध पदलाई आफ्नो कल्पना अनुसार (कहिलेकाहिं उल्टो अर्थमा समेत) बदल्ने, टिप्पणीमा मूलपाठ भनी मूलमा हुँदै नभएको काल्पनिक पाठ दिने, टिप्पणी नै नदिई आफू खुशी पाठ मिलाउने, अंशपूर्ति गर्दा अशुद्ध संस्कृतको प्रयोग गर्ने, अनुवाद गर्दा विभक्तिको समेत परवाह नराखी आफ्नो बुद्धिलाई लगाम विनाको घोडाझैं दगुराउने, दार्शनिक गाम्भीर्यको बेवास्ता गरी मन गढन्त अर्थ गर्ने, उल्टो अर्थ गर्ने साथै पूर्व संशोधनलाई निश्चित कोष्ठ भित्र राख्ने भने पनि कतै राख्ने कतै नराख्ने कार्य समेत गर्नुभएको पाइयो । यसवाट मूल अभिलेखको आशय विपरीतका काल्पनिक कुरा जनसमक्ष आउने र मूलका रचयिताको गाम्भीर्य एवं उत्कृष्टता माटामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्ने समेत भएकाले ती भ्रामक कुराको खण्डन तथा आवश्यक प्रामाणिक परिष्कार एवं व्याख्या आवश्यक ठानिएको छ ।

यस समीक्षाको उद्देश्य विद्वान् लेखकलाई यस किसिमको लेखनबाट नै विमुख गराउनु नभई आइन्दा अरु अभिलेखहरुको व्याख्या एवं परिष्कार गर्दा यस्ता भद्दा गल्तिहरु नगर्न प्रेरित गर्नु हो ।

यहाँ चर्चा गर्दा प्राचीनताको क्रमले पहिले पशुपतिप्रांगणाभिलेख (वि.सं. ५१६) लाई र पछि अनुपरमको अभिलेख (वि.सं. ५९७ भन्दा अघिको) लाई स्थान दिइएको छ ।

के शंकरदेवले ६५ वर्ष राज्य गरेका थिए ?

पशुपतिप्रांगणभिलेखको व्याख्या गर्ने सिलसिलामा ढकालजीले "शंकरदेवको ६५ वर्षको. शासनकाल, विजय-अभियान र व्यक्तित्वको उल्लेख पनि थप जानकारीका रूपमा देखिएको" घोषणा गर्नुभएको छ र "सत्रौं पंक्तिमा ६५ वर्ष शासन गरेको संकेत दिइएको छ" भनी लेख्नुभएको छ । शंकरदेवको विजय अभियान पक्कै नै थप जानकारी हो तर उनको शौर्य, बल, प्रताप, सत्यता र शासन-कुशलताले युक्त व्यक्तित्वको उल्लेख चाँगु अभिलेखमा नै भैसकेकाले विज्ञजनका लागि यो नौलो जानकारी होइन ।[२] रह्यो ६५ वर्षे शासनकालको कुरो । यसका लागि लेखकले औंल्याउनु भएको मूलको सत्रौं पंक्तिमा जाऔं । ढकालजीको परिष्कृत ? पाठ यस्तो छ -

[राज्यञ्च स्वर्ग]मिव यः शरषष्टिवर्षम् ।

पाठलाई यस रूपमा ल्याउन वहाँले धेरै कसरत गर्नुपरेको छ । यहाँ लेखकले आफ्नो कल्पनाशक्तिको चमत्कार नै देखाउनुभएको छ र मूल अभिलेखमा[३] हुँदै नभएको पाठ टिप्पणीमा राख्नु भएको छ । लेखकका १२ र १३ संख्याका टिप्पणीका आधारमा बन्ने भ्रष्ट पाठ यस्तो हुन्छ -

..... मिव शक्तैः शरार्ष्टिवर्षम् ।

अभिलेख पहिलोपल्ट प्रकाशित गर्ने श्यामसुन्दर राजवंशीको[४] पाठ भने यस्तो छ-

..... मिव शक्तै शरर्ष्टिवर्षम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर मूल अभिलेखको फोटोमा गढेर हेर्दा, २० औं पंक्तिको "मूर्त्ति" शब्दको "त्त" माथिको मात्रा र यहाँको "शक्तै" शब्दको "क्त" माथिको मात्राको तुलना गरेका खण्डमा मूलमा यस्तो पाठ पढ्न सकिन्छ-

..... *मिव शक्तिशरष्टिवर्षम् ।*

अब प्रश्न उठ्छ- के मूलको पाठमा साँच्चै कुनै परिष्कार आवश्यक छ त?

कुनैपनि किसिमको सम्पादन वा परिष्कार गर्दा के कति कारणले, व्याकरणका दृष्टिले अर्थका दृष्टिले वा प्रसंगका दृष्टिले मूलको पाठ अग्राह्य भएको हो र त्यसको स्थानमा सुझाइएको पाठको औचित्य के छ स्पष्ट्याउनु आवश्यक हुन्छ । तर ढकालजीबाट यस्तो काम भएको छैन ।

वस्तुत: मूलमा रहेको *"शक्तिशरष्टिवर्षम्"* पद सबै दृष्टिबाट सही छ र यसले ६५ वर्ष राज्य गरेको संकेत दिनै सक्दैन । यो पद चार भिन्न भिन्न पदहरूको समास भएर बनेको छ र यसले भाला (शक्ति), बाण (शर) र बर्छी या तरबार (ऋष्टि) को वर्षा (वर्ष) भन्ने अर्थ दिन्छ । ऋष्टि[५] शब्द, अज्ञानले लेखकले जसको परिष्कार गरी "षष्टि" बनाएका छन् र "शर" शब्दको पाँच भन्ने अर्थ लिई पैसठ्ठी वर्ष भन्ने अर्थ गर्न पुगेका छन्, त्यो "ऋष्टि" शब्द हामीले पटक पटक पाठ गर्ने गरेको चण्डी (सप्तशती) मा समेत प्रयुक्त छ [६]। त्यस्तै यस किसिमको अस्त्रवर्षाको अभिव्यक्ति र वर्षा अर्थमा "वर्ष" शब्दको प्रयोग संस्कृत वाङ्मयमा यत्रतत्र पाइन्छ । साथै मूलको पद पछिल्ला पंक्तिहरूमा आउने युद्धवर्णनको प्रसंगसँग समन्वय राख्न सक्षम पनि छ । यसरी विद्वान् लेखकको शंकरदेवको ६५ वर्षको शासनकालको ऐतिहासिक तथ्य कपोलकल्पनामात्र साबित भएको छ ।

मूलको पाठ महत्त्वपूर्ण हो या कल्पना ?

मूल अभिलेखको नवौं लाइनमा आएको **'प्रतोदीम्'** पदलाई लेखकले आफ्नो कल्पना अनुसार **'प्रतोलीम्'** बनाउनुभएको छ । यसो गर्दा उहाँले उच्च पर्वतशिखरसंग समता राख्ने भन्ने विशेषण प्रतोली = गल्लीको हुन सक्दैन भन्ने सम्म पनि सोच्नुभएको छैन । तुद् (पीडा पुऱ्याउनु)[७] धातुबाट बन्ने "प्रतोदी" शब्द स्वयं सार्थक छ र यसलाई पनि विशेषण नै मानेका खण्डमा पूरा लाइनबाट "उच्च पर्वतको टाकुराले झैं अरूको मन घोच्ने" भन्ने अर्थ निस्कन्छ र यो शोभा, कीर्ति, कान्ति आदि जे पनि हुनसक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी ढकालजीको "बाहिरबाट मन्दिरसम्म जोडिएको छानू समेत भएको र रथ हाँक्न मिल्ने गल्ली" बनाएको भन्ने तथ्य पनि कल्पनाका अतिरिक्त केही होइन भन्ने निश्चित हुन्छ ।

यसका अतिरिक्त खण्डित स्थानमा वर्ण, पद वा पदांश भर्नुपर्दा उहाँले कुनै किसिमको नियमको पालना गर्नु भएको छैन । अभिलेखको बायाँ छेउ कम फुटेको छ र यसबाट २ देखि ५ अक्षर सम्म फुटेका छन् भने दायाँ छेउमा अभिलेख बढी फुटेको छ र यसबाट १४ देखि १६ अक्षरसम्म नष्ट भएका छन् । ढकालजले यस कुरामाथि तेस्रो लाइनदेखि विचार पुऱ्याउनु भएको भएतापनि दोस्रो लाइनको दायाँ छेउमा भने पाँच अक्षरको "**प्रतिष्ठापितः**" पदमात्र भर्नुभएको छ । यदि वहाँले भर्नुभएको पदको सट्टा सोही अर्थ दिने "**कारितः**" वा "**स्थापितः**" पद राखेका खण्डमा त्यहाँ १३-१४ अक्षर स्वाभाविक रुपमा अट्छन् र यी अक्षरहरुबाट पहिलो श्लोकको पहिलो पाउ बन्छ । यसरी दोस्रो पंक्तिको बीचबाट नै शुरु हुनुपर्ने श्लोकलाई ढकालजीले तेस्रो लाइनबाट शुरु भएको देखाउन पुग्नुभएको छ ।

त्यस्तै ढकालजीले मूलको २४ पंक्तिमा रहेको "**सुनय**" यस पदांशलाई अर्थानुसार बनाएको भनी "**सुनयेन**" बनाई अगाडि "**शुभ्राम्**" पद थप्नुभएको छ । तर "सुनयेन शुभ्राम्" को सट्टा "सुनयप्रसक्ताम्" गरिएको भए चाहेको अर्थ प्राप्त हुनाको साथै मूलको बाँकी रहेको पाठलाई चलाउनु समेत पर्दैनथ्यो ।

अशुद्ध संस्कृतको प्रयोग

ढकालजीले खण्डितांशको पूर्ति गर्ने क्रममा पहिलो श्लोकमा नै "जयते" पदको प्रयोग गर्नु भएको छ, जो पाणिनीय व्याकरणका दृष्टिले अशुद्ध ठहर्छ । "जि" धातुबाट"जयति" रुप बन्छ र "वि" वा "परा" उपसर्ग लाग्दा मात्र "विजयते, पराजयते" रुप बन्छन् ।[८] वेदमा "जयते" रुप बन्ने भए तापनि लौकिक व्यक्तिले आफ्नो रचनामा यसको प्रयोग गर्नु गलत हो ।

यसका अतिरिक्त पहिलो श्लोकको अर्थ गर्दा विद्वान् लेखकले "**लभतेऽवकाशम्**" को अर्थ "विदा पाउँछ" भनेर गर्नुभएको छ जबकि संस्कृत वाङ्मयमा "**अवकाशं लभते**" को अर्थ "स्थान वा अवसर पाउँछ, महत्त्व पाउँछ" भन्ने हुन्छ ।[९] नेपाली वा हिन्दीमा प्रचलित रहेको विदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ दिने अवकाश शब्दद्वारा प्रभावित ढकालजी यसरी ठीक उल्टो अर्थ गर्न पुग्नुभएको छ र यस अर्थमा आधारित उहाँको पहिलो पद्यको परिष्कार अभिलेखको आशयको ठीक विपरीत गएको छ ।

अनुपरममाथि अन्याय भएको छ

हामी अब हाँडिगाउँको सत्यनारायणस्थानको अनुपरमको अभिलेखतिर लाग्दैछौं । "भाषा र भावका दृष्टिबाट ज्यादै जटिल र गम्भीर रहेकाले "साधिकार अनुवाद" हुन नसकेको[१०]सो "अभिलेखको विषयवस्तुको गम्भीरता र कवि अनुपरमको अधर्षणीय विद्वत्ता" बाट प्रभावित भई "नेपालका विशिष्ट ऐतिहासिक युगपुरुषको साधनापूत प्रतिभालाई जनसमक्ष ल्याउने" उद्देश्यले प्रेरित भई कलम चलाउने आधिकारिक विद्वान् वेणीमाधव ढकालज्यूको परिष्कार अधिकांश ठाउँमा मूल अभिलेखको ठीक विपरीत गएको छ भने उहाँको तानतुने र मनगढन्त अनुवादले त "कालजयी चिन्तक र पदवाक्य-प्रमाणज्ञ विद्वान्" अनुपरमको भावगाम्भीर्य एवं दार्शनिक उत्कृष्टतालाई माटामा मिलाइदिएको छ ।

यस्तो हुन नपाओस् र अनुपरमद्वारा अभिव्यक्त गर्न खोजिएको भाव यथार्थरुपमा विज्ञजनसामु आओस् भन्ने हेतुले मैले तल ढकालजीले जुन जुन पद्यको सर्वथा गलत अर्थ गर्नुभएको छ ती ती पद्य पहिले उहाँको परिष्कार एवं अनुवादसहित जस्ताको तस्तै उतारी तत्पश्चात् ती कसरी गलत हुन् भन्ने देखाई तिनको हुनुपर्ने अनुवाद एवं परिष्कार उपपत्तिपूर्वक दिने काम गरेको छु ।

श्लोकसंख्या १५

ढकालजीको परिष्कार एवं अनुवाद-

[त्यागेऽपि] च प्राणवियोगहेतुर्न प्रत्यवायो (यदि नान्य)थै[नम्] ।
[यज्ञं] त्वमेव प्रतिवेत्सि सम्यक् न वेदिताऽन्यो भुवि कश्चि(दस्ति) ॥

सन्ध्यावन्दन आदि नित्ययज्ञहरु पालन नगर्दा पनि मृत्युका कारण बन्दैनन् र पालन गर्दा पनि पुण्यका कारण बन्दैनन् केवल प्रत्यवायको दोषबाट बचाउँछन् । यस स्थितिमा यज्ञ गर्नुको वास्तविक कुरालाई केवल तपाई बुझ्नु हुन्छ अरु बुझ्ने र बुझाउने मानिस पृथ्वीमा छैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढकालजीको गल्ती-

यस पद्यमा सन्ध्यावन्दन आदि नित्यज्ञहरु वा तिनको पालन गर्दा हुने फल आदि अर्थ दिने कुनै पद छैन । वस्तुतः यो पद्य वैदिक यज्ञहरुमा हुने हिंसा (पशुहत्या) बाट कुनै प्रत्यवाय (दोष) लाग्दैन[११] भन्ने वैदिक सिद्धान्तलाई लिएर लेखिएको थियो र धर्मशास्त्र एवं वैदिक सिद्धान्तको अज्ञानले गर्दा ढकालजी आफ्नै कल्पनामा रुमल्लिनुभएको हो । यस पद्यको परिष्कार एवं अनुवाद यस्तो हुनुपर्छ-

***[हिं]* सापि[१२] च प्राण वियोगहेतुर्न प्रत्यवायो (यदि नान्य) थैषा[१३] ।**
***[तत्त्वं]* त्वमेव प्रतिवेत्सि सम्यङ् न वेदितान्यो भुवि कश्चि(दस्ति) ॥**

हिंसा जीवको प्राण वियोगको (जीवहत्याको) कारण हो तापनि अन्यथा हिंसा गरिएको छैन भने अर्थात् वेदले बताए अनुसार यज्ञहरुमा मात्र हिंसा गरी अरु बेला हिंसा गरिएको छैन भने त्यसबाट कुनै प्रत्यवाय लाग्दैन । यस स्थितिमा शास्त्रीय मर्म बुझ्ने अर्को व्यक्ति पृथ्वीमा छैन ।

श्लोकसंख्या १६

ढकालजीको परिष्कार एवं अनुवाद-

[गुणस्तु]तिः स्यादनुवादो वा स्तुत्येषु वाचां द्वितयं (प्रवृत्तम्) ।
[स्तु]तिर्गुणानां विधिना न सत्त्वान् न चानुवादस्त्वयि [वादहीने] ॥

पुराकल्प र अनुवाद वचनका यी दुई शैलीबाट आराध्यको महिमागायन गरिन्छ । तपाईंमा विधिपूर्वक गुण नरहनाले गुणस्तुति गर्न जानिदैन र तपाईं गुणातीत तत्त्वरुप हुनुभएको हुँदा गुणानुवाद गर्न सकिदैन ।

ढकालजीको गल्ती -

यस पद्यमा मीमांसा दर्शनको विधि र अनुवादको कुरो परेको थियो जसको अन्यथा व्याख्या भएको छ । पुराकल्पको कल्पना अनुवादमा नै गरिएको छ भने "विधिपूर्वक गुण नरहनाले गुणस्तुति गर्न जानिदैन" भन्ने दोहोरो अकरण वाक्यका लागि यहाँ दुईवटा "न" कार छैन । यस पद्यको परिष्कार एवं अनुवाद यस्तो हुनुपर्छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[विधेः] स्तुतिः स्यादनुवादतो वा स्तुत्येषु वाचां द्वितयं (प्रवृत्तम्) ।
(स्तु)तिर्गुणानां विधिना न सत्त्वान् न चानुवादस्त्वयि (चाद्वितीये) ॥

स्तुति या त विधिका रूपमा हुन्छ या तं अनुवादका रूपमा । यसरी स्तुतियोग्य व्यक्ति वा पदार्थमा वाणी दुई प्रकारले प्रवृत्त हुन्छ । तर तपाईंमा शाश्वत रुपमा गुणहरु रहेकाले विधि (गुणविधि)[१४] द्वारा तपाईंको स्तुति (गुणविधानरुप कार्य) हुन सक्दैन भने अद्वितीय रुपमा रहनुभएका तपाईंमा अनुवाद पनि लाग्न सक्दैन । (मीमांसा सिद्धान्त अनुसार विधिले पहिले प्राप्त नभएको र नजानिएको चीजको प्राप्ति वा ज्ञान गराउँछ ।[१५] जो शाश्वत हुन्छ, स्वाभाविक रुपमा रहन्छ त्यो कहिल्यै अप्राप्त वा अज्ञात हुन सक्दैन र त्यस्तो स्थलमा "विधि" लाग्दैन । त्यस्तै पहिल्यै अन्य कुनै प्रमाणद्वारा एक ठाउँमा प्राप्त भइसकेको वा जानिएको विषयको पुनः प्राप्ति नै अनुवाद हो[१६] र जो अद्वितीय हुन्छ, अद्वितीय भएकै कारणले त्यसको अन्यत्र प्रमाणान्तरले प्राप्ति भएको हुनै सक्दैन ।)

श्लोकसंख्या १७

ढकालजीको परिष्कार एवं अनुवाद-

[परो] न धर्मं सकलं न्यहिंसीत् त्वन्नैव रागादिरयं न्य(भान्सीः) ।
स्वर्गैषिणीं वैषयिकीञ्च तृष्णां विधूय शुद्धस्त्वमिति (प्रसिद्धः) ॥

तपाईं जस्ता महापुरुषका सत्प्रयासका कारणबाट धर्मविरोधीहरुले धर्मको सम्पूर्ण स्वरुपलाई खल्बल्याउन सकेनन् । तपाईं जतिसुकै ब्रह्मवेत्ता हुनु भए पनि नियतिको बलवत्ताबाट वासनादेखि मुक्त भई रागद्वेषको वेगलाई रोक्ने काममा सक्षम हुनु भएन । तर स्वर्गको तीव्र इच्छा र विषयभोगको उत्कट अभिलाषालाई लत्याएर शुद्ध रुपमा रहनुभएका तपाईं त्यागकै कारणबाट संसारमा यशस्वी हुनु भयो ।

ढकालजीको गल्ती-

ढकालजीले "तपाईं जतिसुकै ब्रह्मवेत्ता हुनु भएपनि नियतिको बलवत्ताबाट वासनादेखि मुक्त भई रागद्वेषको वेगलाई रोक्ने काममा सक्षम हुनु भएन" भन्ने जे अर्थ गर्नुभएको छ, त्यस्तो भाव पद्यबाट कदापि निस्कदैन र द्वैपायनमाथि यस्तो गम्भीर आरोप के का आधारमा लगाइएको हो, विद्वान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकले जवाफ दिने समय आएको छ ।

यस पद्यको दोस्रो पाउ - "**त्वन्नैव रागादिरयं न्यभान्सीः**", यहाँ केही अशुद्धि रहन गएका छन्, जसको अलिकति व्याकरण ज्ञानको प्रयोग गरेका खण्डमा परिष्कार हुन सक्छ । तर अन्यत्र आफ्नो असीम बुद्धि वैभव प्रदर्शन गर्ने विद्वान् लेखकले यहाँ पुरानो पाठमा जे थियो त्यही (अशुद्ध नै) पाठ उतार्नुभएको छ । वस्तुतः उहाँले यो अंश बुझ्नु नै भएको थिएन र तानतुने अर्थ यसैको नतीजा थियो । यहाँ रहेको "**न्यभान्सीः**" पद अशुद्ध छ तर आधा तकार छुटेको मानी थप्दा भने यो शुद्ध हुन्छ र रूप बन्छ- ***न्यभान्त्सीः*** ।[१७] यो रूप "नि+बन्ध्"[१८] धातुको लुङ्लकार (सामान्यभूत) मध्यमपुरुष एकवचनको हो । "बन्ध्" धातु सकर्मक हों र यसले कर्मको अपेक्षा राख्छ । तर माथिको पदांशमा कर्म छैन बरु "**रागादिः**" र "**त्वं**" दुईवटा कर्ता छन् । यदि "**त्वं**" मा एउटा मात्रा छुटेको मानी यसलाई "***त्वां***" पढ्ने हो भने हाम्रो समस्या सुल्झन्छ । तर **न्यभान्त्सीः**, जो "**त्वं**" पदका आधारमा पूर्व संशोधकहरुले सुझाउनु भएको थियो, यस क्रियापदका सट्टा "**रागादिः**" लाई कर्ता मानी "***न्यभान्त्सीत्***" (उही धातु तथा लकारको प्रथमपुरुषको एकवचन) क्रियापद दिनु पर्ने हुन्छ । यसरी व्याकरण ज्ञानका आधारमा पद्यांशको अर्थ निश्चित गरिसकेपछि मैले मूल शिलालेख नै हेर्ने निश्चय गरें र हाँडिगाउँ गई यस अंशका साथै अन्यत्र शंका लागेका स्थानमा मूल अभिलेख नै पढें । लिच्छविलिपिमा आकारको मात्रा छोटो हुने हुँदा "***त्वान्नैव***" को सट्टा "**त्वन्नैव**" पढिएको हुनसक्ने शंका मैले गरेको थिएँ, साथै पूर्वलिच्छविकालका शिलालेखहरुको शुद्धतामा मलाई भरोसा थियो । नभन्दै, मूलमा "***त्वान्नैव***" नै रहेछ र मेरो चिन्तन सत्य साबित भयो । अब मूल पद्य यस रूपमा आइपुगेको छ -

[परो] न धर्म सकलं न्यहिंसीत् *त्वान्नैव* रागादिरयं न्य*[भान्त्सीत्]* ।
स्वर्गैषिणीं वैषयिकीञ्च तृष्णां विधूय शुद्धस्त्वमिति (प्रसिद्धः) ॥

यसको अनुवाद यस्तो हुन्छ -

तपाईंको परिश्रम र प्रयासका कारणले धर्मको पूर्ण-स्वरूपमा कुनै आँच आएन अर्थात् धर्म रक्षाका लागि तपाई सधैं प्रवृत्त हुनु भयो तरपनि राग आदिले तपाईंलाई बाँध्न भने सकेनन् । स्वर्गको होस् वा विषयभोगको, सबै तृष्णालाई लत्त्याएर तपाईं शुद्धरूपमा जगत्मा प्रसिद्ध हुनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकसंख्या १८

धर्मार्थकामाद्यविविक्तरूपं यदि व्यवारिष्यत सर्ववादः १९ ।
(दूरात्) स्मृतीनामगतेः श्रुतीनां तदद्य लोके नियतं (व्यनश्यत्) ॥

ढकालजीको अनुवाद

बौद्धसिद्धान्तले धर्म, अर्थ, काम र मोक्षको मौलिक सिद्धान्तलाई दबाउन पाएको भए, सामान्य मानिसका नजरमा धर्मशास्त्रको मर्म प्रतिबिम्बित हुन नसक्नु र वेदाध्ययनमा बिलकूलै सामर्थ्य नहुनु जस्ता कारणबाट धर्म आदिको सक्कली रूप वस्तुतः लुप्त भएर जाने थियो । (तर त्यसो हुन पाएन किनकि स्वयं तपाईंले वैदिक धर्मको रक्षा गर्नु भयो ।)

ढकालजीको गल्ती-

"धर्मशास्त्रको मर्म प्रतिबिम्बित हुन नसक्नु र वेदाध्ययनमा बिलकूलै सामर्थ्य नहुनु जस्ता कारणबाट धर्म आदिको सक्कली रूप वस्तुतः लुप्त भएर जाने थियो" यस अर्थलाई कल्पनाको एक उत्कृष्ट नमूना मान्न सकिन्छ । वास्तवमा, यस पद्यले वेदान्त प्रतिपादित ब्रह्मतत्त्वको विवेचन गरेको थियो । यसको अनुवाद यस्तो हुनुपर्छ-

धर्म, अर्थ, काम आदिद्वारा जसको स्वरूपको विवेचन हुन सकेको छैन त्यस आत्मतत्त्व किंवा ब्रह्मतत्त्वको यदि विपक्षीहरुको सिद्धान्तले निषेध गर्न सकेको भए, स्मृतिहरुका लागि टाढाको विषय भइदिनाले र श्रुतिहरूको गति त्यस तत्त्वसम्म नहुनाले (श्रुतिले समेत **"नेति नेति"** २० भन्ने हुनाले) पक्कै पनि त्यो आत्मतत्त्व (मोक्षमार्ग) संसारबाट उच्छिन्न हुने थियो ।

श्लोकसंख्या १९

(वि)पाट्य मोहानमृतं व्यसृक्षत् स्वयञ्च धर्मादि जगत्यतिष्ठथाः ।
(त्र)यी त्वयागाज् जयति प्रतिष्ठां त्वमेव धर्मान् विविधानतिष्ठिपः ॥

ढकालजीको अनुवाद-

काम, क्रोध, लोभ, मोह र अन्य दोषहरुलाई धुजा धुजा बनाएर धर्ममय-अमृतधारा बहाउँदै तपाईं जगत्मा रहनु भयो । तपाईंद्वारा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदविद्याले जगत्मा प्रतिष्ठा पायो र त्यसकै माध्यमबाट तपाईंले धर्महरुको संवर्द्धन गर्नुभयो ।

वहाँको गल्ती-

वहाँले यहाँ "धर्म" को अर्थ मर्यादा पनि हुन्छ भन्ने कुरा भुल्नुभएको छ भने "स्थापना" हुनुपर्ने ठाउँमा संवर्द्धन अर्थ गर्नुभएको छ । "धर्ममय अमृतधारा बहाउँदै जगत्मा रहनुभयो" यो अर्थ पनि गलत छ । यस पद्यबाट यस्तो अर्थ निस्कन्छ -

तपाईंले मोहादिको नाश गरेर अमृत बहाउनु भयो । तपाई स्वयंले धर्मादिको पालना अनुष्ठान गर्नुभयो । तपाईंकै कारणले वेदविद्याले संसारमा प्रतिष्ठा पायो । तपाईं स्वयंले विविध मर्यादा बाँध्नुभयो, कर्तव्यको स्थापना गर्नुभयो ।

श्लोकसंख्या २५

ढकालजीको परिष्कार एवं अनुवाद-

[घोरेऽस्मिन्] भवजलधौ विवर्तमानान्,
रागादिप्रपतधियः प्रगाढमोहान् ।
[ऊर्ध्वा] स्याँस्त्वमिति विधाय मुक्तिमार्गे
साचीनां भुवि पुरूषाङ्करोषि मन्त्रैः॥

डरलाग्दो संसारसागरमा जन्म र मृत्युको चक्रमा परेका, राग, तृष्णा र लोभ प्रभृतिद्वारा बुद्धिलाई धमिलो गराएका, गहिरो र गाढा अन्धकारमा रूमल्लिएका र पशुको झैं तेर्सो दृष्टि भएका पुरुषहरूलाई तपाईंले आफ्ना महाभारत आदि मन्त्रमय रचनाहरूद्वारा उर्ध्वदृष्टिसम्पन्न वनाएर मुक्तिमार्गमा लगाउनु भएको छ ।

ढकालजीको गल्ती -

यस पद्यमा ढकालजीले टिप्पणी नै नदिई "**मन्त्रमार्गं**" लाई "**मन्त्रमार्गे**" र टिप्पणी दिएर "**मन्त्रे**" लाई "**मन्त्रैः**" पार्नुभएको छ । जबकि मूलकै पाठ आवश्यक अर्थ दिन सक्षम छ । यस्तै वहाँले "स्या" अक्षरमाथि चन्द्रविन्दु दिनुभएको छ जो उत्तमपुरुषको रूप हो न कि मध्यमपुरूपको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वहाँले "**साचीनान्**" शब्दको 'पशुको झैं तेर्सो दृष्टि भएका' भन्ने हास्यास्पद अर्थ गर्नुभएको छ। यस पद्यको स्वरूप एवं अनुवाद यस्तो हुनुपर्छ-

[घोरेऽस्मिन्] भवजलधौ विवर्तमानान्
रागादिप्रपतधियः प्रगाढमोहान्।
[मुक्तः] स्यास्त वमिति विधाय मुक्तिमार्गम्
साचीनान् भुवि पुरूषाङ्करोषि *मन्त्रे* ॥

यस संसारसागरमा पटक पटक फंसेर घुमिरहेका, रागादिले गर्दा बुद्धि खस्केका, प्रगाढ मोहान्धकारमा रूमल्लिएका र मार्गभ्रष्ट भई बाटो कुबाटोमा हिंडिरहेका[२१] पुरूषहरूलाई तपाईंले 'एा तिमी मुक्त होउ' भनेर मुक्तिमार्गको विधान गरेर मन्त्रमार्गमा लगाउने (वैदिक मार्गमा लगाउने) काम गर्नुहुन्छ।

श्लोकसंख्या २८

प्रतिविषयनियोगात् पालकत्वात्व तासाम्।
निपुणतदवबोधात् तद्विवेकाददोषात् ॥
जगति तदुपदेशात् त्वम्मिथस्तद्विभागात्।
उपहित इव मूर्तिस्त्र्यात्मना मन्त्रवाचाम् ॥

ढकालजीको अनुवाद-

वेदका वाक्यहरूलाई विधिवाक्य आदिका नियम अनुसार भिन्दाभिन्दै कर्महरूमा प्रयोग गर्ने विधान गर्नाले, विहित विधान अनुसार वेदको प्रयोग गरी स्वयं श्रुतिको संरक्षण गर्नाले, संरक्षित श्रुतिका मन्त्रहरूको अर्थलाई राम्ररी हृदयङ्गम गर्नाले, मन्त्रहरूमा प्रतिपादित विषयको विवेचन गर्नाले, विवेचनजन्य यथार्थबोधका कारणबाट हृदयमा निर्दुष्ट ज्ञानको आकलन गर्नाले, निर्दुष्ट ज्ञानको आकलन गरेपछि संसारको कल्याणका लागि त्यस ज्ञानलाई विभिन्न माध्यमबाट उपदेशका रूपमा व्यक्त गर्नाले र मानिसहरूको क्षमताको ऱ्हास हुँदै गएको कुरालाई बुझेर एउटै वेदलाई ४ भागमा विभाजित गर्नाले तपाईं ऋग्, यजु र सामरूपमा परिणत मन्त्रविद्याको साकार मूर्ति बन्नु भएको छ।

द्वैपायन कसरी तीन रूपमा परिणत मन्त्रविद्याको साकार मूर्ति झैं देखिएका थिए भन्ने कुरो खुलाउन ढकालजीको शब्दाडम्बरपूर्ण अनुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असमर्थ छ भने तेस्रो पाउमा रहेको 'मिथः' पदको बेवास्ताले गर्दा अर्थ डगमगाएको छ । यस पद्यबाट यस्तो भाव निस्कन्छ-

१. वेदका मन्त्रहरूलाई तत्तत् विषयमा विनियोग गरी तिनको पालन समेत गर्नाले (२) राम्रोसंग ती मन्त्रहरूको अर्थबोध गरी निर्दुष्ट रूपमा तिनको विवेचन समेत गर्नाले र (३) संसारमा ती मन्त्रहरूको उपदेश गर्नाका साथै वेदमन्त्रहरूको परस्परमा विभेद गर्नाले तपाईं ऋग्, यजुष्, साम गरी तीन रूपमा प्रथित मन्त्रवाणी (वेद) को साकार मूर्ति भैं विराजमान हुनुहुन्छ ।

श्लोकसंख्या ३०

प्रत्याधारस्थितत्वात् पृथगपि न पृथक् तत्स्वरूपाविशेषात् ।
नित्यं धर्मैरयोगात् पुनरपि न तथा सर्वकालाप्रतीतेः ॥
नाशोत्पादाद्ययोगात् स्थितमपि जगतः सर्वगं व्यापिभावात् ।
चैतन्यं रूपपक्षास्थितमपि कथयेत् को नु लोके त्वदन्यः ॥

ढकालजीको अनुवाद

जुन आत्मतत्त्व प्रत्येक पदार्थको अधिष्ठानरूप भएकाले संसारभन्दा बेग्लै भएर पनि संसारदेखि बेग्लिएको छैन, जो आफ्नो खास स्वरूप नभएकाले धर्म, ज्ञान र ऐश्वर्य आदिसंग लिप्त भएको छैन, र निर्लिप्त भएकै कारणबाट जसको प्रतीति सबै कालमा हुँदैन । प्रतीति नहुनाले नै जसको उत्पत्ति र लयको प्रसङ्ग नै रहँदैन । जो शाश्वत र अविचल छ । अविचल भए तापनि जहाँसुकै रहेको कारणबाट सर्वव्यापक छ । सबैको अधिष्ठानस्वरूप भएकाले स्वरूपगत प्रतीति भए तापनि जो वस्तुतः चित्स्वरूप छ । त्यस आत्मतत्त्वको विवेचन गर्न तपाईंभन्दा अर्को कुन पुरुष समर्थ हुन सक्छ र ?

वहाँको गल्ती-

यो पद्य अव्यपदेश्य चैतन्यतत्त्वको निर्देश गर्न प्रवृत्त थियो जसको ढकालजीले (दर्शनशास्त्रमा पैठ नभएकोले होला) अन्वय र विभक्तिको समेत परवाह नगरी तानतुने अनुवाद गर्नुभएको छ । यहाँ विद्वान् लेखकको कल्पना व्याकरण र दर्शनशास्त्रका सबै बन्धनलाई तोडेर स्वच्छन्द रूपमा अघि बढेको छ । पद्यको अनुवाद यस्तो हुनुपर्थ्यो -

अलग अलग पदार्थहरूको आधारका रूपमा रहनाले जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथक्=भेदयुक्त छ तापनि अलग अलग रूपमा देखिएका सबै पदार्थहरूको स्वरूपसंग तादात्म्य राख्नाले र तिनको स्वरूपदेखि भिन्न विशेष रूपमा यसको प्राप्ति नहुने हुनाले (सबै वस्तुमा सर्वसामान्य रूपमा रहने बोध=प्रकाश अंश हुनाले) जो पृथक् छैन, जो विविध किसिमका धर्महरूले युक्त नहुनाले नित्य छ तापनि सबै कालमा त्यस रूपमा यसको प्रतीति नहुने हुँदा त्यस्तो (नित्य) छैन, जो नाश एवं उत्पत्ति (जन्म र मरण) आदिले युक्त नहुनाले ध्रुव छ, स्थित छ, तथापि व्यापक भएकाले जो जगत्का सबै स्थानमा जानसक्छ (सर्वत्र व्याप्त छ), जसले एकत्वलाई साथै द्वित्व[२२] किंवा अनेकत्वलाई आश्रय बनाएको छ अर्थात् जो अद्वैत एवं द्वैत दुबै रूपमा प्रकाशित हुन्छ त्यस्तो चैतन्य आत्मतत्त्वको विवेचन तपाईंबाहेक संसारमा अरु कसले गर्न सक्छ र ?

यसका अतिरिक्त ढकालजीको ५ संख्याको टिप्पणी काल्पनिक देखिन्छ । मूलपाठमा वहाँले दिएजस्तो '(श) **शिनेव**' नभई '(श) **शिनीव**' नै रहेको छ । वहाँले आठौं श्लोकमा रहेको "**मिदमप्रबुध्य**" (यस कुरालाई नजानेर) लाई ठीक उल्टो अर्थमा "...**मिदम्प्रबुध्य**" पार्नुभएको छ । त्यस्तै वहाँ श्लोक १० मा रहेको '**करणादृतेन**' पदलाई आफूखुशी '**करुणादृतेन**' पार्नु पर्दा टिप्पणी दिने आवश्यकता देख्नु हुन्न भने १३ श्लोकको सर्वथा उपयुक्त रहेको मध्यमपुरूषको क्रियालाई प्रथमपुरुष पार्न अवश्यक देख्नुहुन्छ । ढकालजीले बीसौं श्लोकमा मूलपाठमा '...**दस्तीति**' रहेकोमा '...**स्तीति**' यति मात्र मूलपाठमा भएको देखाई यसलाई '**मिथ्येदमस्तीति**' का रूपमा परिष्कार गर्नुभएको छ जबकि पद्यले मागेको र वहाँले भन्न खोज्नुभएको अर्थ '***मिथ्यैतदस्तीति***' वा '***मुधैतदस्तीति***' जे गरेको भएपनि निस्कन्थ्यो साथै मूलको बाँकी रहेको 'द' कारलाई छिपाउनु समेत पर्दैनथ्यो । त्यस्तै बाइसौं पद्यमा ढकालजीले '**अवन**' को अर्थ 'आत्मज्ञान गराउने' गर्नुभएको छ जबकि यसको अर्थ 'सुख वा हित गर्ने' भन्ने हुन्छ । बत्तीसौं पद्यमा 'वेद्य, जान्न लायक तत्त्वमा पारंगत' अर्थ दिने '**वेद्यपारंगत**' शब्दको 'ज्ञाता, ज्ञेय र ज्ञानको त्रिपुटी देखि पर रहनुभएका' भन्ने निराधार अर्थ गरिएको कुरा पनि यहाँ उल्लेख गर्नु आवश्यक देखिन्छ ।

अन्तमा मैले यहाँ प्रुफको अशुद्धि मान्न सकिने र खास असर नपार्ने गल्तीहरूलाई समावेश नगरेको तथ्य स्पष्ट पार्न चाहन्छु र अध्येता एवं अनुसन्धाता वर्गमा यी अभिलेखको अध्ययन गर्नुपर्दा माथि चर्चा गरिएका त्रुटिहरू सच्याएर मात्र ढकालजीको अनुवादमा भर पर्न अनुरोध गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणीहरू-

१. यस लेखमा संस्कृत पद र ती संगै तिनको अर्थ खुलाउन आएका पदहरू वाहेक अन्यत्र उद्धरणचिन्ह " " भित्र राखिएका वाक्य वा वाक्यांश लेखकका आफ्ना नभई समीक्षा गर्दै गरिएका लेखहरूका अंश हुन् ।

२. श्लोक ३ (पंक्तिहरू ११-१४), हेर्नुहोस्- धनवज्र वज्राचार्य- लिच्छविकालका अभिलेख, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि. २०३०, पृ. १०-११, १४।

३. ढकालजीले कतै मूलपाठ र कतै मूल अभिलेख भनी के केलाई औंल्याउनु भएको हो खुलाउनुभएको छैन ।

४. श्यामसुन्दर राजवंशी- 'पशुपतिनाथ प्रांगणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख" प्राचीन नेपाल संख्या ११५, काठमाडौं: पुरातत्त्व विभाग २०४६, नेपाली खण्ड पृ. १-२२ र अभिलेखको फोटो ।

५. हेर्नुहोस्- Monier Monier-Williams - A Sanskrit–English Dictionary. London: Oxford University Press 1899: s.v rishti. वामन शिवराम आप्टे- संस्कृत हिन्दी कोष, द्वितीय संस्करण, दिल्ली: मोतीलाल बनारसीदास १९६९ ऋष्टि:

६. देवी शूलेन वज्रेण बाणैरसिभिर्ऋष्टिभि: । - दुर्गासप्तशती ८/१६ दुर्गासप्तशती (सटीक), गोरखपुर : गीताप्रेस २०२३ ।

७. "तुद व्यथने" धातुपाठ ६/१, हेर्नुहोस्- सायणाचार्यविरचिता माधवीया धातुवृत्ति सम्पादक, द्वारिकादास शास्त्री, वाराणसी: तारा बुक एजेंसी १९८३, पृ. ४५९ ।

८. "विपराभ्यां जे:" - पाणिनिसूत्र १/३/१९, हेर्नुहोस् - अष्टाध्यायी, परिष्कर्ता- गोपाल शास्त्री, वाराणसी: चौखम्वा सुरभारती १९८७,

"जि जये" धातुपाठ १/३६६, हेर्नुहोस् - माधवीया धातुवृत्ति: पूर्ववत् पृ. १५३- १५४ ।

९. हेर्नुहोस् - Monier Monier-Williams, पूर्ववत् : "अवकाश"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वामन शिवराम आप्टे, पूर्ववत् : "अवकाश" ।

१०. यो अभिलेख पहिलो पटक प्रकाशित गर्नु हुने Sylvain Levi ले खण्डित रूपमा प्राप्त यस अभिलेखको Le Nepal मा फ्रेन्च भाषामा अनुवाद गर्नुभएको थियो र यसको अंग्रेजी अनुवाद "प्राचीन नेपाल संख्या १००" मा प्रकाशित छ । अर्थसमन्वय विनाको यो अनुवाद त्यति उपादेय छैन । तर जुन जुन पद्य मूलमा नै यथावत् थिए, तिनको अनुवादमा भने Levi लाई ढकालजीलाई भन्दा बढी सफलता मिलेको कुरा यहाँ उल्लेख गर्नु आवश्यक देखिन्छ ।

११. मधुपर्के च **यज्ञे** च पितृदैवतकर्मणि ।
अत्रैव **पशवो हिंस्या नान्यत्रेत्यब्रवीन्मनुः** ॥
या **वेदविहिता हिंसा** नियतास्मिंश्चराचरे ।
अहिंसामेव तां विद्याद् वेदाद्धर्मो हि निर्बभौ ॥ मनुस्मृति ५/४१, ४४

हेर्नुहोस् - मनुस्मृतिः, सम्पादक- चिन्तामणि शास्त्री, बनारस : जयकृष्ण दास हरिदासगुप्त १९३५, पृ. १५८.

१२. म केही शंकास्पद अंशहरुको निर्णय गर्न मूल अभिलेख नै पढ्न हाँडिगाउँ गएको थिएँ । त्यसै क्रममा मैले यस पद्यको शुरुमा "पि च" भन्दा अगाडिको अक्षर अस्पष्ट भएपनि त्यसको आकारको मात्रा अझै पढ्न सकिने अवस्थामा रहेको पाएँ । पछि डा. महेशराज पन्तज्यू, जसबाट मैले निकै चीज सिक्ने मौका पाएको छु, को सौजन्यबाट "संस्कृति सन्देश" को आवश्यक अङ्क मैले प्राप्त गरें । त्यसमा "पि च" को अगाडि पूरै अक्षर "मा" पढिएको रहेछ । मैले लिच्छविलिपिमा पनि मकार र सकारमा किञ्चित्साम्य हुने तथ्यमा ध्यान दिएँ र छेउमा घोटिएर रहेको "सा" अक्षरलाई परिश्रमका बावजूद ज्ञानमणिजी र धनवज्रजीले 'मा' पढ्नुभएको हो भन्ने निश्चयमा म पुगें । त्यसैले मैले "सा" अक्षरलाई समेत कोष्ठबाहिर पार्ने काम गरेको छु । (द्रष्टव्य- संस्कृत सन्देश, वर्ष २ अंक १- २- ३, योगी नरहरिनाथ र अन्य २०११ विजयादशमी, पृ. १०.)

ढकालजी वा धनवज्रजीको खण्डितांशपूर्तिमाथि मैले कतै कुनै संशोधन गरेपनि कोष्ठहरुभने वहाँहरुले प्रयोग गर्नु भएकै रुपमा कायम राखेको छु र मेरा संशोधनहरूलाई Italics गरेको छु । विज्ञजनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढकालजीको परिष्कृत रूप र मैले पुनः प्रस्तुत गरेपछिको पद्यको स्वरूपलाई दाँज्नुभएका खण्डमा पनि मैले गरेका संशोधन स्पष्ट हुने नै छन् ।

१३. "लिच्छविकालका अभिलेख" मा (यदि नान्य)थै(षा) यस्तो पाठ पढी "षा" अक्षरलाई कोष्ठभित्र राखिएको भएतापनि "संस्कृत सन्देश"- वर्ष २ अंक १- २- ३, जसबाट लिच्छविकालका अभिलेख" मा यस अभिलेखको पाठ लिइएको हो, मा सो अक्षर मूलकै पाठका रुपमा कोष्ठबाहिर नै दिइएको हुनाले त्यही रुपमा यहाँ स्वीकारिएको छ ।

१४. यत्र कर्म मानान्तरेण प्राप्तं तत्र तदुद्देशेन गुणमात्रं विधत्ते, हेर्नुहोस् - लौगाक्षिभास्करप्रणीतः अर्थसंग्रहः सम्पादक- सत्यप्रकाश शर्मा, मेरठः साहित्य भण्डार १९८९, पृ. ४२ गुणविधिस्तु मानान्तरेण प्राप्तं गुणमात्रं विधत्ते, हेर्नुहोस्- अर्थसंग्रहमाथि अर्थसंग्रहकौमुदी, पूर्ववत्, पृ. ४०

१५. अज्ञातार्थज्ञापको वेदभागो विधिः, हेर्नुहोस्- अर्थसंग्रहः, पूर्ववत्, पृ. ४० ।

१६. प्रमाणान्तरावगतार्थबोधकोऽर्थवादोऽनुवादः, हेर्नुहोस्- अर्थसंग्रहः, पूर्ववत् , पृ. १९८ ।

१७. धनवज्रजी तथा ज्ञानमणिजीले संस्कृत सन्देशमा यो अभिलेख प्रकाशित गर्नु हुँदा **न्यभान्त्सीः** नै पढ्नु भएको देखिएकाले "लिच्छविकालका अभिलेख" मा देखिएको "**न्यभान्सीः**" यो पाठ प्रेसको गल्तीले तकार छुट्नाले बन्न पुगेको अशुद्ध रूप मात्र हो ।

१८. "बन्ध बन्धने" धातुपाठ ९/४१, हेर्नुहोस् - माधवीया धातुवृत्तिः, पूर्ववत्, पृ. ५२९ ।

१९. धनवज्रजीको पाठमा (सर्ववा) दः पाठ रहेकोमा ढकालजीले कोष्ठ छुटाउनुभएको छ । धनवज्रजीको पाठ "सर्ववादः" को खास विशेष अर्थ छैन । तसर्थ बौद्धवादः, गरेको भए अझ स्पष्ट हुने थियो ।

२०. अथात आदेशो नेति नेति न ह्येतस्मादिति नेत्यन्यत्परमस्ति- बृहदारण्यकोपनिषद् २/३/६, हेर्नुहोस् - ईशादि-दशोपनिषदः पूर्ववत्, पृ. ७५२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिषेद्धुमशक्यत्वान्नेति नेतीति शेषितम् ।
इदं नाहमिदं नाहमित्यद्धा प्रतिपद्यते ॥ उपदेशसाहस्री २/१

हेर्नुहोस् - प्रकरणद्वादशी, सम्पादक- सुब्रहमयशास्त्री, वाराणसी: महेश- अनुसन्धान- संस्थान, २०३८, पृ.७ ।

२१. अनड्वाहं साचीनमभिधावन्तमद्राक्षी:– पाणिनिसूत्र १/१/५८ को कात्यायनवार्तिक १ माथि महाभाष्य ।

२२. "रूप" शब्दले एक संख्यालाई बुझाउँछ भने "पक्ष" शब्दले दुई संख्यालाई । हेर्नुहोस् - Monier Monier-Williams, पूर्ववत् । वामन शिवराम आप्टे, पूर्ववत् ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाठक-प्रतिक्रिया

मिति २०४९।१०।२५

श्रीमान् सम्पादकज्यू,
मर्यादा,
वाल्मिकि विद्यापीठ
काठमाडौं ।

महोदय,

मर्यादा -२१ संस्कृत विशेषांक २०४९ श्रावणको अध्ययन गर्ने मौका पाउँदा देशका विभिन्न संस्कृत प्रेमी राष्ट्रभक्त नागरिकका उद्‌गारबाट म हर्षित भएको छु । अनि ती व्यक्तिहरु प्रति सद्‌बुद्धि प्राप्त होस् भनी श्री पशुपतिनाथ संग प्रार्थना गर्दछु जसले राष्ट्रको कलिला बालकलाई संस्कृत अध्ययनको मौका बीचमा छुटाई आफ्नो संस्कृतिबाट अलग गराई दिने प्रयास गरे । शिक्षा भनेको प्रमाणपत्र बटुलेर पद ओगट्ने र अधिकार दुरुपयोग गर्ने नभई, राष्ट्रलाई संस्कृति, कला, ज्ञान, सभ्यता आदिले सम्पन्न बनाउने हुन्छ । यो कुरा सबैलाई थाहा हुनुपर्छ कि कुअन्नबाट कुबुद्धि पैदा हुन्छ र खराब षडयन्त्र राखी राष्ट्रको मौलिकता नष्ट गर्ने उद्देश्य लिएकाहरुबाट शिक्षित भएकाहरूले राष्ट्रघाती कार्य नै गर्न चाहेका देखिन्छन् । तसर्थ राष्ट्रको भविष्य यी खतरनाक व्यक्तिहरुको हातमा भएकोले यो राष्ट्रिय शिक्षा आयोगलाई नै विघटन गरी राष्ट्रिय शिक्षा आयोगमा विभिन्न वैदिक शिक्षामा विद्यावारिधि गरिसकेका व्यक्तिहरू, सन्त महात्माहरू, समाजको सेवामा समर्पित समाजसेवी तथा अन्य प्राविधिक प्रशासन क्षेत्रका प्रमुखहरू, विभिन्न विषयका प्राध्यापकहरू समावेश भएको हुनुपर्दछ । यस वाहेक निम्न कुराको ध्यान पुऱ्याउन जरुरी ठान्दछु ।

१. महेन्द्र संस्कृत विश्वविद्यालय मार्फत आचार्य, शास्त्री, उत्तरमध्यमा त्रिभुवन विश्वविद्यालयमा अध्ययन गराइने विषय जस्तै व्यवस्थापन, कानून, विज्ञान तथा प्रविधिको आचार्य, भवन-निर्माण यातायात, चिकित्सामा आचार्य स्तरको शिक्षा दिई आधुनिक चलन चल्तिको पनि शिक्षा दिएमा विद्याथी संख्या वढ्दछ ।

२. प्रत्येक वर्ष जाडोको मीन पचास विदामा र प्रवेशिका परीक्षा दिई वसेकाहरूलाई ६ महिनाको खुला रुपमा योग प्रशिक्षण र संस्कृत भाषा कक्षा लिने । संस्कृत भाषा वर्षै भरीमा दुइ महिनाको दरले ६ पटक कक्षाको सार्वजनिक खुला संचालन विद्यालय विभिन्न क्याम्पसमा गर्ने । यसवाट सबैले संस्कृत सजिलैसंग भाषाको रूपमा सिकेर ज्ञान वृद्धितर्फ उन्मुख हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेरणा मिल्छ । विस्तारै संस्कृतको महत्व, प्रचार, माग बढेर राष्ट्रव्यापी हुनेछ ।

३. संस्कृतमा रहेका सम्पूर्ण धार्मिक ग्रन्थहरूको संस्कृत स्लोक सहितको अर्थ टीका प्रकाशन नेपाली अंग्रेजी साथै सबै भाषामा हुनुपर्छ । यसबाट संस्कृतको महत्त्व विश्वव्यापी हुन जान्छ । पहिले हाम्रो तर्फबाट पाण्डुलिपि तयार गर्नु आवश्यक छ ।

४. संस्कृतमा विश्वव्यापी रूपमा के कस्तो विकास भएको छ के कति कृति प्रकाशित छन् त्यसको खबर सबै उपलब्ध गराई जानकारी दिने गर्नु पर्छ ।

५. एक कक्षा देखि पाँच सम्म नेवारी, नेपाली, तामाङ, गुरुङ इत्यादि आफ्नो भाषामा पढ्ने वातावरण अनिवार्य गर्नुपर्छ । अंग्रेजीबाट पढाउने अनिवार्यता सबै आवासीय विद्यालयबाट हटाउन सबै क्षेत्रमा लागेकाहरूले आवाज उठाउनु पर्छ । आजकाल धेरै जसाको घरमा मातृभाषा बोल्न छोडेकोले घर व्यवहारमा, संस्कृति, रीतिरिवाजमा, चालचलनमा ठूलो नराम्रो असर परेर राष्ट्रलाई खतरा उत्पन्न भएको छ ।

६. एस. एल. सी., प्रमाणपत्र, स्नातक सम्म जवरजस्ती राखेको अंग्रेजी परीक्षा अनिवार्यता हटाई अंग्रेजी, जर्मनी, फ्रेञ्च जापानी भाषाका इच्छाधीन बोलीचाली विद्यालय, विद्यापीठ (क्याम्पस) मा कक्षा राख्नु पर्छ जसले गर्दा इच्छा भएको भाषा जान्न पाउँछ ।

७. संस्कृतको प्राविधिक, चिकित्सा, ज्योतिष, नृत्य, संगीत, चित्रकला, व्यवस्थापन, कानून कृषिको, शिक्षा आठ कक्षा देखि दिनु पर्छ जसले गर्दा बेरोजगार बन्नु पर्दैन ।

८. संस्कृतलाई चार कक्षा देखि स्नातक सम्म अनिवार्य गर्ने र यो नभएमा मसंविविबाट स्वीकृति लिई आफ्नै नमूना विद्यापीठ चलाउनु पर्छ ।

भवदीय :

मणिकृष्ण श्रेष्ठ

भवन निर्माण प्राविधिकमा प्रमाणपत्र

व्यवस्थापनमा (स्नातकोत्तर)

कानून स्नातक तृतीय वर्ष अध्ययरत त्रि.वि.वि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि-विद्यापीठ-परिषद्को वक्तव्य

संस्कृत समाचारको स्वागत

वाल्मीकि विद्यापीठ परिषद्को बैठकले हालै रेडियो नेपालद्वारा संस्कृत भाषामा समाचार प्रसारण गर्ने निर्णयको स्वागत गर्नुका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार अनुसार मन्त्री तथा सांसदहरूबाट समेत संस्कृतलाई "मृत प्रायः र हाल चलनचल्तीमा नभएको भाषा" भनी दुराग्रह राखी उक्त निर्णयको विरोध गरेकोमा दुःख व्यक्त गर्दै एक प्रस्ताव पारित गरेको छ ।

उक्त प्रस्तावमा भनिएको छ - "राष्ट्रको नीतिनिर्माण र सर्वाङ्गीण विकास गर्ने गहनतम अभिभारा लिएका सांसद एवं मन्त्री जस्तो गरिमामय पदमा आसीन भएर पनि कुनै भाषा प्रति विशेष आग्रह र कुनै भाषा प्रति दुराग्रह राख्नुले त्यस्ता मन्त्री र सांसदबाट समष्टिमा देशको उन्नति हुनु भन्दा साम्प्रदायिकता फैलाएर देशलाई विखण्डनतिर धकेल्न खोजिएको महसूस भएको छ ।

वर्तमान युगको ज्ञान, विज्ञान, कला, संस्कृति, इतिहास, दर्शन एवं साहित्य लगायत सम्पूर्ण वाङ्मयको नै आधार भएको संस्कृत भाषा समग्र नेपालको राष्ट्रियतासंग सम्बद्ध मात्र नभई मानव जातिले ज्ञात अज्ञात कुनै न कुनै रूपमा अवलम्बन गरिएको, हिन्दू एवं बौद्धहरूका सम्पूर्ण संस्कारहरूको आधार स्तम्भ मानिएको र कम्प्यूटर प्रयोगमा समेत सर्वोत्कृष्ट ठहरिएको भाषा हो ।

नेपली भाषाका नब्बे प्रतिशत शब्दहरू संस्कृतमय भएका हुँदा जसको अध्ययन विना सम्पूर्ण वाङ्मयको अध्ययन अपूर्ण हुने कुरा हृदयङ्गम गरी यसको संरक्षण एवं संवर्धन गर्न राष्ट्रमा संस्कृत विश्वविद्यालयको स्थापना समेत भएको सन्दर्भ टङ्कारो छँदाछँदै संस्कृतलाई "मृतप्रायः र हाल चलनचल्तीमा नभएको भाषा" भन्नु दुराग्रह मात्र हो । विरोध गर्नेका नाम, थर, वतन लगायत समग्र अभिव्यक्तिहरू समेत संस्कृतमय छन् भने संस्कृत कसरी मृतप्रायः र हाल चलनचल्तीमा नभएको भाषा भयो ?

त्यसैले उहाँहरूका यी दुराग्रहपूर्ण वक्तव्य, मन्दप्रज्ञता र निर्लज्जता प्रति यो वाल्मीकि विद्यापीठ परिषद् दुःख व्यक्त गर्दछ ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोहत्याको विरोध

वाल्मीकि विद्यापीठ परिषद्को बैठकले हालै विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार अनुसार बारा जिल्लाको कलैयामा मानव अधिकार संगठनको केन्द्रीय सम्मेलनको उद्घाटन समारोहमा श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधरले हिन्दू अधिराज्य नेपालमा "गोवध गर्न पाउनुपर्छ" भनी दिनुभएको वक्तव्यप्रति चिन्ता व्यक्त गर्दै एक खेद प्रस्ताव पारित गरेको छ ।

प्रस्तावमा भनिएको छ- सम्पूर्ण हिन्दू तथा बौद्धहरू गाईलाई माताको रूपमा सम्मान प्रकट गर्ने मात्र नभएर गाईको मलमूत्र समेत पावन एवं सेव्य ठान्दछन् । नेपालको संविधानले "नेपाल एक स्वतन्त्र हिन्दू अधिराज्य" मानेको र संविधानको धारा ७ मा गाईलाई राष्ट्रिय जनावरको रूपमा स्थापित गरेको छ, साथै प्रचलित ऐन कानूनमा गोहत्या गर्नु वा गोहत्या गर्न प्रेरित गर्नुलाई पनि ठूलो अपराध मानी सजायँ समेत तोकिएको छ तर संविधानको परिपालना गराउने गहनतम अभिभारा लिएर मन्त्रीजस्तो गरिमामय पदमा आसीन भई संविधान तथा प्रचलित ऐन कानून विपरीत हिन्दू अधिराज्य नेपालमा "गोहत्या गर्न पाउनुपर्छ" भन्ने मन्त्री तुलाधरको वक्तव्य प्रति वाल्मीकि विद्यापीठ परिषद् खेद प्रस्ताव पारित गर्दछ, साथै त्यस्तो वक्तव्य दिएर राष्ट्रमा साम्प्रदायिकता फैलाई सामाजिक संरचनामै खलल पार्न चाहने मन्त्रीको घोर भर्त्सना गर्दै संविधानको उल्लङ्घन जस्तो जघन्य अपराध गर्न प्रेरित गर्ने व्यक्तिलाई मन्त्रीपदबाट तुरून्त बरखास्त गरी कानूनी कारवाही गर्न समेत यो परिषद् सम्बद्ध निकायसंग जोडदार अपील गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ.का.वा. अं.प.द.नं. ५।०२५-२६

पूर्णाङ्क-२२

मुद्रकः- बागबजार छापाखाना, ख २-४८५, इच्छुमती टोल
बागबजार, काठमाडौं, फोन नं. २-२२१७४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal